राष्ट्रियता ! लोकतन्त्र !! समाजवाद !!!



समृद्धिका लागि राजनीति



विनोद चौधरी



कांग्रेसकै नेतृत्वमा देशले पायो शान्ति
अबको जिम्मेवारी आर्थिक क्रान्ति

नेपाली कांग्रेसको अबको जिम्मेवारी आर्थिक क्रान्ति हो । आर्थिक क्रान्तिको सबैभन्दा महत्त्वपूर्ण आधार हाम्रा होनहार युवा हुन् । उनीहरूको सिर्जनशील सोच, शिल्प, श्रम र केही गरौं भन्ने उत्साह राष्ट्र निर्माणका लागि अमूल्य पुँजी हो । यसका लागि नेपाली कांग्रेसले सही नेतृत्व दिनुपरेको छ ।

हामी सोचमा मात्रै गरिब हौं । प्राकृतिक स्रोतसाधनको उपलब्धताका दृष्टिले नेपाल विश्वकै धनी राष्ट्र हो । हामीले यी स्रोतसाधनको व्यवस्थित परिचालनबाट समृद्ध नेपाल निर्माण गर्नु छ ।

नेपाली कांग्रेसले राजनीतिक क्रान्तिहरूको सफल नेतृत्व गरेको छ । आर्थिक क्रान्तिको नेतृत्व पनि नेपाली कांग्रेसले नै गर्नेछ ।

समृद्धिका लागि राजनीति
प्रकाशित मिति : वि.सं २०७८ मंसिर
(नेपाली कांग्रेसको १४औं महाधिवेशन, मंसिर २४-२७, काठमाडौं)

विनोद चौधरी
सदस्य, संघीय संसद नेपाल
नेपाली कांग्रेस

संयोजक : लगानी पूर्वाधार र रोजगार : दृष्टिकोण एवम् दिगो परियोजना केन्द्रित विशेष समिति

मोबाइल : ९७७-९८५१०२३३७३

डिजाइन/लेआउट : विश्वराज सापकोटा
मुद्रण : मिलेनियम पब्लिकेसन्स प्रा.ली., हात्तिवन, ललितपुर

 /mr.Binodchaudhary

 / Binodchaudhary

 / binodchaudhary

मेरो सपना
समृद्ध नेपाल



मैले सधैं भन्ने गरेको छु– राजनीतिबाट म टाढा जान खोजे पनि राजनीति मबाट टाढा हुन सकेन । जीवनमा म कुनै न कुनै रुपमा राजनीतिमा जोडिइरहें, यसलाई अपनाइरहें ।

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई), नेपाल उद्योग परिसंघ (सीएनआई) जस्ता व्यावसायिक संस्थामा रहेर काम गर्दा होस् वा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) जस्ता संगठनमा आबद्ध हुँदा नै किन नहोस्, मैले राजनीतिलाई निकटबाट अनुभव गर्ने अवसर पाएँ । राजनीति र सरकारहरूसँग नजिक रहेर काम गरें ।

एफएनसीसीआई र सीएनआईमा बसेर मैले देशको आर्थिक रूपान्तरणका लागि पहल गरें, प्रयास पनि उत्तिकै गरें । निजी क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सफल भएँ । सस्थागत विकासमा सन्तोषजनक काम गर्न सकें । सीएनआईको अध्यक्ष हुँदाकै कुरा गरौं, नेपालमा दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्न सम्भव छ भनेर अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरें ।

तर यी संस्थामा रहँदाबस्दा मैले सोचे जति काम गर्न सकिनँ । म जे गर्न चाहन्थें, त्यहाँबाट मात्र सम्भव थिएन/भएन ।

त्यसपछि मैले आफैंलाई प्रश्न गरें– के गर्दा सम्भव होला त ? के गर्दा नेपालको आर्थिक समृद्धिको यात्रालाई एकोहोरो रूपमा अगाडि बढाउन सकिएला ?

र, आफैंलाई उत्तर दिएँ– राजनीतिबाट मात्रै यो अभियानलाई सम्भव तुल्याउन सकिन्छ ।

हो, विकासको मेरो त्यही दृढ चाहना र योजनालाई साकार रुप दिन सकिन्छ भन्ने आत्मविश्वासका कारण म राजनीतिमा आएको हुँ ।

नेपाली कांग्रेसको राजनीतिकै कुरा गर्नुपर्दा पनि पछिल्लो समय पार्टीको गरीखाने अभियानमार्फत देशको आर्थिक सुधारका लागि काम गर्न सक्ने लगानी, पूर्वाधार र रोजगार विकासका लागि काम गरिरहेको छु । यो नेपाली युवाहरुलाई उद्यमी बनाउने अभियान हो । यसमार्फत हामीले उद्यम गर्न चाहनेहरुलाई उनीहरूको सिर्जनशील सोच र सीपसँग स्रोतसाधनलाई जोडिरहेका छौं ।

केही काम गर्ने सोच बनाइसकेका तर कसरी गर्ने, के गर्ने भन्ने अन्योलमा परेका र स्रोतसाधन नभएका व्यक्तिलाई उनीहरुको कर्ममा सघाउनु र मार्गनिर्देश गर्ने काममा यो अभियानले काम गरिरहेको छ ।

मेरो सपना छ, समृद्ध नेपाल निर्माण गर्ने । मलाई कत्ति पनि द्विविधा छैन कि समृद्ध नेपाल निर्माण गर्न नसकिएला भन्ने । राजनीतिको मेरो अनुभववाट म प्रस्ट छु- राजनीतिक नेतृत्व र आर्थिक विकासको व्यवस्थापनमा अब्बल साबित भएकाहरूबीचको संयोजनबाट हामी आर्थिक समृद्धिको यात्रालाई लोभलाग्दो गरि दौडाउन सक्छौं । निकै नै सुस्ताएको र पछाडि परेको हाम्रो विकासको यात्रामा नयाँ उत्साह भर्न राजनीतिक तहमा यस्तो टिम निर्माण गरेर अगाडि बढ्नु अहिलेको आवश्यकता हो । विगतमा दिनहरूमा जस्तै अलमलमा समय गुजार्ने सुविधा हामीसँग छैन ।

फेरी दोहोऱ्याउ, यदि मैले नेपालको आर्थिक विकासमा योगदान पुऱ्याउन सकें भने राजनीतिमा मैले विताएको समयको अर्थ रहनेछ । प्रत्येक पल मेरा लागि निकै नै महत्वपूर्ण रहन्छन् ती पलहरूलाई मैले विकासका एजेन्डाहरू वास्तविकतामा परिणत भएको अवसरका रुपमा व्यतीत गर्न चाहन्छु । राजनीतिक प्रयोजनका लागि नाम, दाम र प्रतिष्ठा मलाई चाहिएको होइन ।

किनभने मेरो स्वभाव नै यस्तो छ, कुनै पनि काम सुरु गरेपछि त्यसलाई सम्पन्न नगरी मलाई चित्त बुझ्दैन । निद्रा नै पर्दैन ।

मलाई लाग्छ, विविध विधामा 'ट्रयाक रेकर्ड' कायम गरेका, आफ्ना कामलाई परीक्षणको भट्टीमा हालेर सफलता हासिल गरेका व्यक्तिहरू राजनीतिमा आउनुपर्छ । र समग्र देशको विकासमा हातेमालो गर्नुपर्छ । अनि मात्र देशले विकासको बाटोमा कोल्टे फेर्छ । म त भन्छु– देशका अपार सम्भावनालाई जरैदेखि बुझेका र ति सम्भावनालाई वास्तविकतामा परिणत गर्ने सपना बोकेका मानिसहरु राजनीतिमा नभई हुदैन । देशका समस्यालाई जरैदेखि बुझेको र ति समस्यामाथि समाधान दिन सक्ने मानिस पनि राजनीतिमा नभई हुँदैन ।

आर्थिक समृद्धिको यात्रामा हाम्रा राजनीतिक नेताहरू र विकासका यी आर्किटेक्टहरू सँगसँगै हुनुपर्छ ।

विकासका दिर्घकालिन सोच र कार्यान्वयन क्षमता अब्बल भएका व्यक्तिहरु राजनीतिमा आउने प्रचलन विश्वभर नै छ । त्यसले मुलुकको दीर्घकालीन विकासमा सघाउँछ भन्ने मेरो मान्यता हो । भिजनरी व्यक्तिले देशलाई समृद्धिको बाटोमा अघि लैजान सक्छ । हाम्रै छिमेकी देशहरूमा यहि भएको हो । एसियन टाइगरहरुको उदय होस् वा पूर्व सोभियत संघ वा भियतनामदेखि केही अफ्रिकी देशको विकासको रफ्तारमा यही कुरा प्रतिविम्बित भएको छ । अब विकास भाषणमा, योजनाका ठेलीमा वा सिंहदरबारभित्रका नीतिगत बहशमा मात्र प्राप्त हुन गाह्रो छ । यसका लागि विकासको सोच र सोच कार्यान्वयन गर्ने रणनीतिका साथ विकासको मैदानमा डटिरहेको राजनीतिक नेतृत्वको खाँचो छ ।

म सामान्य परिवारबाट आएको व्यक्ति हुँ । मेरो शिक्षादीक्षा पनि सामान्य रुपमै भयो । कसैलाई भ्रम नपरोस्, म सुनको थालमा चाँदीको चम्चाले खाएर हुर्किएको व्यक्ति होइन । सरकारी स्कुल पढी आएको सामान्य नागरिक हुँ । रत्नपार्कबाट सार्वजनिक बस चढेर भक्तपुरको सरकारी स्कुलबाट स्कुले शिक्षा हासिल गरेको हुँ । र सरस्वती क्याम्पसबाट उच्चशिक्षा लिएको हुँ । मैले आफ्नो जीवनमा प्राप्त गरेको सफलतामा कुनै रहस्य लुकेको छैन । प्रष्ट सोच, सोच कार्यान्वयन गर्ने दृढता र त्यसका लागि आवश्यक पर्ने संगठन निर्माण । कुनै कामको लक्ष्य लिएपछि लक्ष्यमा नपुग्दासम्म त्यसलाई पछ्याइरहने स्वभाव । यत्ति गर्ने जो कसैले पनि आफूलाई सफल व्यक्ति बनाउन सक्छ । मैले गरेको पनि यत्ति हो । र, राजनीतिमा मैले गर्न चाहेको पनि यस्तै नै हो । मैले समृद्ध नेपाल निर्माण गर्ने सपना देखेको छु र त्यो सपना पुरा नभएसम्म म त्यसलाई पछ्याइरहनेछु ।

मैले जीवनमा कहिल्यै पनि आफूले देखेको सपनालाई विचैमा अलपत्र पारेको छैन ।

मलाई नेपालका गाउँगाउँ अनि कुनाकन्दराको अवस्थाबारे थाहा छ । जनताको जीवनस्तरको बारेमा गहिरो ज्ञान छ । र, साना साना उपलब्धिले पनि उनीहरुको जीवनमा कति ठूलो परिवर्तनको महसुस गराउनेछन् भन्ने बारेमा पनि उत्तिकै हेक्का छ । पछिल्लो समय राजनीतिक कार्यक्रममा सहभागी हुदा होस् वा महासंघको राजनीतिका क्रममा या सिएनआईको कामका सिलसिला होस् वा व्यवसाय विस्तारका लागि देशका कुनाकाप्चामा जाँदा नै किन नहोस्, मैले नेपाली माटोको सुगन्ध चिन्ने मौका पाएको छु । र यहाँ रहेको प्रचुर सम्भावनाको 'कस्तूरी' चिन्ने सौभाग्य पाएको छु ।

चाहे त्यो 'कस्तूरी' नेपालको पर्यटनको होस् या जडीबुटी क्षेत्रको, अथवा उद्यम व्यवसाय आदिकै किन नहोस् । यस्ता सम्भावनालाई हामीले देशभित्रै उजागर गर्नु छ, तिनको सही दोहन गरेर देशलाई तीव्र विकासको बाटोमा अघि बढाउनु छ । यसमा सच्चा कर्मयोद्धाको खाँचो छ । मैले राजनीतिमा त्यस्ता कर्मशीलहरूबीच सहकार्यको वातावरण बनोस् भन्ने चाहेको छु ।

हो, म आफू पनि त्यही विशुद्ध कर्मयोद्धाबीचको एक सदस्य बन्न चाहन्छु ।

फेरि दोहोऱ्याऊँ, यसका लागि भाषण गरेर मात्र हुनेवाला छैन । योजना बनाएर मात्र पनि काम बन्नेवाला छैन । यसलाई कार्यान्वयनको तहमा लैजान सक्ने नेतृत्वकै खाँचो छ ।

मैले आफूलाई यसमै समर्पण गर्न खोजेको हुँ । त्यसैले म राजनीतिमा आएको हुँ ।

देशले विगतमा लामो समय सशस्त्र द्वन्द्व बेहोऱ्यो । त्यसले आर्थिक रूपमा देशलाई घाटा त पऱ्यो नै, मुलुकलाई विकासमा पनि पछि धकेल्यो । एउटा कालमा आएर द्वन्द्व त सकियो । तर राजनीतिक अस्थिरता कायमै रह्यो । त्यसले पनि हामीले सोचे जस्तो विकास हासिल गर्न सकेनौं ।

जुन कुरा तपाईं-हामीसामु जगजाहेर छ ।

तर अब हामीलाई यति भनेर छुट छैन, विकास गरेर देखाउनु छ । नयाँ पुस्तालाई समृद्ध नेपाल हस्तान्तरण गर्ने जिम्मेवारी पनि हामीसँगै छ ता कि उनीहरूले आफ्ना अग्रजप्रति गर्व गर्न सकून् ।

मैले आफ्नो कर्ममार्फत सीजीलाई विश्वव्यापी ब्रान्ड बनाएँ, मल्टिनेसनल कम्पनीका रूपमा यसलाई दरिलो बनाएँ । तर एउटा व्यक्ति जतिसुकै सफल भए पनि देश सफल नभएसम्म उसको केही अर्थ रहन्न । जब एउटा विशाल पानी जहाज समुद्रमा डुब्न लागेको छ भने त्यो जहाजभित्रको जतिसुकै उत्कृष्ट सुइटका सुविधा तपाईंले उपभोग गरिरहनुभएको छ भने पनि तपाईं जहाजसँगै समुद्रमा डुब्नुहुनेछ । त्यसैले समृद्ध नेपालको निर्माण हाम्रो पहिलो सर्त हो । हाम्रो स्वाभिमान, हाम्रो गौरव र हाम्रो पहिचान देशसँगै जोडिएको छ ।

त्यसैले नेपाललाई विश्व मानचित्रमा विकसित मुलुकको सूचीमा स्थापित गर्नु हाम्रो सबैभन्दा महत्वपूर्ण कार्यभार हो । हो, म यही काममा समर्पित हुन चाहन्छु । बोलीले मात्र होइन, व्यवहारले । प्रतिबद्धताले । र, आफ्ना कर्मले ।

मेरो पुस्ताले देशका लागि केही गरेर देखाउनुपर्छ । मेरो जीवनलाई सार्वजनिक सेवामा लगाउनुको एउटा उद्देश्य यो पनि हो ।

समाजप्रतिको दायित्वलाई पनि मैले राम्रैसँग बोध गरेको छु । म आज जुन अवस्थामा छु, यही समाजले गरेको योगदानका कारण छु । यहींका मानिसहरुका कारण म आज नेपाल र विश्वभर फैलिएको छु । म नेपाली जनता र हाम्रो समाजप्रति नतमस्तक छु ।

म जीवनमा कसैप्रति ऋणी छु भने नेपाली जनताप्रति छु ।

राजनीतिक सेवामार्फत म यो ऋण तिर्न चाहन्छु । समृद्ध नेपाल निर्माणका लागि मैले योगदान गर्न सकिन भने मेरो ऋण बाँकी नै रहनेछ ।

यति बेला नेपाली कांग्रेस १४औं महाधिवेशन प्रक्रियामा जुटिरहेको छ । नेता-कार्यकर्ताहरु तन, मन, वचनले पार्टीले अवलम्बन गरेका सिद्धान्त, नीति एवम् त्यसअनुसारका नेतृत्व चयनमा हुनुहुन्छ । इतिहास साक्षी छ– नेपाली कांग्रेसको नेतृत्वमा राजनीतिक क्रान्ति सम्पन्न भई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भएको हो ।

हामी यत्तिमा मात्र सन्तुष्ट छैनौं, हाम्रो काँधमा अर्को जिम्मेवारी पनि छ– आर्थिक क्रान्तिको । यस क्रान्तिको नेतृत्व गर्ने गहन जिम्मेवारी पनि नेपाली कांग्रेसको काँधमा आएको छ, जसलाई हामीले गन्तव्यमा पुऱ्याउनुपर्नेछ । देशलाई समृद्धिको एउटा दरिलो छहारी दिनुपर्नेछ ।

कांग्रेसलाई आजको अवस्थामा ल्याइपुऱ्याउन महत्वपूर्ण योगदान गर्नुहुने पार्टीका श्रद्धेय नेताहरूका मूल्यमान्यता एवम् शिक्षालाई आत्मसात् गरेर त्यहीअनुसार अघि बढ्नु पनि छँदै छ । तब मात्र हाम्रो उद्देश्य पूरा हुनेछ, पार्टीको लक्ष्य पनि हासिल हुनेछ ।

देश पनि समृद्ध हुनेछ ।

अन्त्यमा, म फेरी दोहोऱ्याउछु– हाम्रो लक्ष्य समृद्ध नेपालको निर्माण हो । र, तपाईं-हामीले नै त्यसको जिम्मा लिने हो ।

र, यो जिम्मेवारी हामीले हाम्रै जीवनकालमा फत्ते गर्नु छ ।

संसद्मा म



संसद्मा मेरो उपस्थिति र पैरवी मूलतः विधिको शासन, पारदर्शिता, कानुनी स्पष्टता र लगानीमैत्री कानुन निर्माणका लागि रह्यो। मुलुकमा नयाँ संविधान कार्यान्वयनका लागि संसदले प्रभावकारी भूमिका निर्वाह गर्दै सरकारलाई दिशा निर्देश गर्नुपर्छ भन्ने मान्यताका साथ मैले सदनमा भूमिका निर्वाह गरेको छु।

संसद केवल सरकार निर्माणका लागि होइन, यसका बहुआयामिक भूमिका छन् । जनप्रतिनिधिको सर्वोच्च संस्था संसद्ले सार्वभौम जनताको प्रतिनिधित्व गर्दै समाजका विभिन्न सरोकारवाला नागरिक समाज, सञ्चार क्षेत्र, निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्नुपर्न भन्नेमा मेरो मत छ।

नेपालमा हरेक क्षेत्रको सुधारलाई गति दिन खासगरी कानुनी, प्रशासनिक र संस्थाहरूमा हामीलाई सुधार चाहिएको छ। संसद्मा उपस्थित भएर मैले आधारभूत पूर्वाधारहरूको विकास तथा सार्वजनिक सेवाको गुणस्तर सुधार, आर्थिक-सामाजिक विकास, विकास आयोजनाहरूको तीव्रता, सुशासन प्रवर्द्धनका पक्षमा पैरवी गर्दै आएको छु।

मुलुकको विकासका चुनौतीहरूको विमर्श गर्ने सवालमा होस् या सार्वजनिक महत्वका प्रस्तावमाथि छलफल गर्ने नै विषय किन नहोस्, मैले सधैं संसदको प्रभावकारी भूमिकालाई महत्व दिएको छु।

खासगरी हाम्रा कानुनहरू अस्पष्ट हुँदा कार्यान्वयनमा जटिलता रहँदै आएको छ । कर्मचारीले कार्यान्वयनमा आफ्नो सहजता हेरेर विधेयक मस्यौदा गर्ने, स्वार्थ समूहले त्यसमा चलखेल गर्ने हुँदा कानुन अस्पष्ट, द्विअर्थी हुने गरेको हामी सबैले महशुष गरेकै विषय हो ।

कानुनी सुधारले कसरी सिंगो निजी क्षेत्रको विकास हुनसक्छ र भनेर मैले निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ लगायतका संस्थाहरूको नेतृत्व गर्दादेखि नै उठाउँदै आएको हुँ ।

खुला, उदार र प्रतिस्पर्धी अर्थव्यवस्थालाई प्रवर्द्धन गर्ने नीति लिएको हाम्रो मुलुकमा घुमीफिरी पुनः कानुनी अस्पष्टता, क्लिस्ट प्रावधान र शर्तहरूका कारण फेरि पुरानै पञ्चायतकालीन 'लाइसेन्जराज'ले राज गरेको स्थिति रहृको छ, यसलाई अन्त्य गर्न मैले संसदीय फ्लोरबाट आवाज बुलन्द गर्दै आएको छ ।

यस्तो अवस्थामा संसदमा मेरो उपस्थिति र पैरवी सधैं कानुनमा स्पष्टता, लगानी-मैत्री र प्रतिस्पर्धा प्रवर्द्धन गर्ने कानुनहरू, कानुन कार्यान्वयनका प्रक्रियागत र संस्थागत संरचनाको किटान गर्नुपर्छ भन्नेमा रहीरह्यो । संसद्को अर्थ समितिमा रहेर मैले अर्थ, वाणिज्य र उद्योग क्षेत्रका कानुनहरूको निर्माणमा आफ्नो ज्ञान, अनुभव, बाह्य अभ्यासहरूको सम्बन्धमा सम्मानित समितिमार्फत योगदान गरेको छु । वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, औद्योगिक व्यवसाय विधेयक, बैंक तथा वित्तीय संस्था विधेयक, नेपाल राष्ट्र बैंक विधेयक लगायत दर्जनौं विधेयकमा आवश्यक सुधार र संशोधनका सम्बन्धमा सम्मानित समितिको ध्यानाकर्षण गराएको छु ।

संसदमा हुने बजेट सम्बन्धी छलफलमा होस् या अन्य विधेयकहरूमा होस्- राष्ट्रको प्राथमिकता र आवश्यकतामा केन्द्रित रहेर कानुनहरूलाई बढी सान्दर्भिक, स्पष्ट, पारदर्शी र लक्षित क्षेत्रले स्वागत गर्ने बनाउन मेरो भूमिका रहेको यहाँहरू सामु निवेदन गर्दछु ।

कानुन निर्माणमा सरोकारवालासँग परामर्श, कानुनमा स्पष्टता र पारदर्शिता, सबैलाई प्रतिस्पर्धाको समान अवसर प्रदान गर्नुपर्छ भन्ने सोचको विकास कानुन/नीति निर्माता र कर्मचारीतन्त्रमा हुँदै गएको छ । यो मेरो लागि सन्तोषप्रद विषय हो ।

संसदीय छलफल र बहसहरूमा मेरो सहभागिताले संसदमा नेपाली कांग्रेसको उपस्थितिलाई सशक्त बनाउन केही हदसम्म योगदान गर्न पाएकोमा मलाई गौरव लागेको छ । नेपाली कांग्रेस सदैव जनताको हित, स्वतन्त्रता, लोकतन्त्रको रक्षा र राष्ट्रिय हितमा काम गर्ने पार्टीले राजनीतिक कार्यक्रमका अतिरिक्त संसद, सरकार लगायत विभिन्न प्लेटफर्ममार्फत आफ्नो सोच, विचार र जनताका पक्षमा गरेका कामहरू जनताका सामु लैजानुपर्छ । नेपाली कांग्रेस पार्टीमा मैले प्राप्त गर्ने जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै पार्टीको प्रतिनिधित्व र सहभागिता रहने सबै प्लेटफर्मलाई जनताको हितमा उपयोग गर्दै उनीहरूलाई नेपाली कांग्रेसले गरेका कामबारे सम्पूर्ण जनतालाई अवगत गराउन म सधैं प्रतिबद्ध छु ।

जय नेपाल !

सात मिनेटमा ७ सवाल

सभामुख महोदय,

आज म यस सम्मानीत संसदमा नेपालमा लगानी प्रवर्धन, आर्थिक कुटनीति, निर्यात बृद्धि र उपभोक्ताको हितका लागि एकाधिकारको अन्त्य हुनुपर्ने लगायतका बिषयमा मन्त्रालयगत रुपमा ध्यानाकर्षण गर्न चाहन्छु । सुरुवात उद्योग मन्त्रालयबाटै गर्न चाहन्छु । म दुईवटा उदाहरणमार्फत यस मन्त्रालयको बारेमा प्रष्ट पार्न चाहन्छु । पहिलो, सिमेन्ट उद्योग । सिमेन्ट उद्योगको प्रवर्धनका लागि सरकारले उद्योगसम्म पुग्ने बाटो, बिजुली जस्ता पूर्वाधारको व्यवस्था गर्ने निर्णय गरेपछि निजी क्षेत्रले सिमेन्ट उद्योगमा लगानी केन्द्रित गऱ्यो । परिणामत अहिले देश सिमेन्टमा आत्मनिर्भर हुने अवस्थामा पुगेको छ । लगानी पनि पानी जस्तै हो जुन क्षेत्रमा लगानीको वातावरण बन्छ त्यतै वग्छ । सिमेन्ट उद्योगमा लगानीको वातावरण बन्नसाथ यस क्षेत्रमा लगानी ओइरियो । त्यसरी नै अन्य क्षेत्रमा पनि लगानीको वातावरण बनाउनु आवश्यक छ ।

दोस्रो, उत्पादनमूलक क्षेत्र । उत्पादनमूलक क्षेत्रको प्रवर्धनका लागि आवश्यक वातावरण बनाउन नसक्दा यो क्षेत्र अत्यन्तै कमजोर अवस्थामा पुगेको छ । यस मामिलामा उद्योग मन्त्रालयको हैसियत अर्थमन्त्रालयको महाशाखाभन्दा माथि उठ्न सकेको छैन । जिडिपीमा उत्पादनमूलक क्षेत्रको योगदान १२ प्रतिशत पुगेकोमा अहिले ५ प्रतिशतमा सिमित छ । यसको प्रवर्धनका लागि विशेष आर्थिक क्षेत्र, स्पेशल प्रमोशन जोन आदी स्थापना गरिएपनि त्यहाँ लगानीकर्ताको कुनै आकर्षण छैन । किन छैन त भन्ने बारेमा सरकारले ध्यान दिनुपर्थ्यो तर दिइरहेको छैन । सेजमा उत्पादित वस्तु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुने वातावरण बनाएको भए यहाँ पनि लगानीकर्ताको आकर्षण रहनेथियो । तर, त्यो वातावरण बनाउन नसक्दा भैरहवामा स्थापना भएको सेजमा कुनै लगानीकर्ताको चासो छैन । हाम्रो ध्यान सेजमा के कारणले लगानीकर्ता आउन चाहेनन्, उनीहरूलाई कसरी आकर्षित गर्ने भन्नेमा हुनुपर्छ । यो पनि माथि भनेको सिमेन्टको कथासँग जोडिन्छ । यदि वातावरण बनेको भए लगानीकर्ताहरु लाईन लाग्थे ।

बाणिज्य मन्त्रालयसँग सम्वन्धित बिषयका बारेमा भन्नुपर्दा हाम्रो व्यापार घाटा वेपत्ता बढेर गएको छ । हाम्रो प्राथमिकता कसरी आयात घटाउने र निर्यात बढाउने भन्नेतर्फ हुनुपर्छ । निर्यात बढाउन नेपाल विश्व बजारमा जे जे कुरामा प्रतिस्पर्धी हुनसक्छ त्यसतर्फ ध्यान दिनुपर्छ । ति फलफुल, फुल, मेडिसनल हर्ब्स, ह्याण्डीक्राफ्ट आदी होलान् । आजभन्दा ४० वर्षअघि युरोप लगायतका विश्व बजारमा प्रतिस्पर्धी रहेका जुट लगायतका वस्तु किन लोप हुदै गए ? ति वस्तुमा हामी किन खरो उत्रिन सकेनौं ? यसतर्फ बाणिज्य मन्त्रालयको ध्यान जानुपऱ्यो । यदि अनुदान दिदैमा निर्यात बढ्ने भए गत पाँच वर्षमा हामी राम्रै निर्यातकर्ता हुन्थ्यौं होला । तर, वास्तविक तथ्यमा निर्यात झनै घटेको छ । भारत र चिन हाम्रा छिमेकी देश जसलाई 'फयाक्ट्रिज अफ दि वर्ल्ड' का रुपमा पनि चिनिन्छ यि देशका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्थामा हामी छौं । यस्तो अवस्थामा कुन वस्तुमा सरकारले सहुलियत दिदा हामीले प्रतिस्पर्धा गर्न सक्छौं भन्नेतर्फ ध्यान दिनुपर्छ ।

आपूर्ति मन्त्रालयको कुरा गर्दा सरकारको संरक्षणमा रहेको नेपाल आयल निगमको एकाधिकार उपभोक्ताले कहिलेसम्म भोग्नु पर्ने हो ? दुई लिटर पेट्रोलका लागि उपभोक्ता घण्टौं लाईनमा बस्नुपर्ने बाध्यताको अन्त्य कहिले हुने हो ? अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुदा नेपालमा पनि हुनु स्वभाविक हो तर घट्दा किन नेपालमा घट्दैन ? के सरकारको संरक्षणमा एकाधिकार कायम राख्नु ठिक हो ? पेट्रोलियम पदार्थको कारोबारलाई प्रतिस्पर्धी बनाउने बिषयमा तयार भएका विधेयकहरू किन संसदमा आउनुअघि नै बाटोबाट हराईरहेका छन् ? आपूर्तिका यस्ता बिषयहरु जोसँग आम जनताको प्रत्यक्ष सरोकार रहदै आएको छ यस्ता क्षेत्रलाई खुला गरिनुपर्छ र प्रतिस्र्धाका आधारमा जनताले सेवा लिने वातावरण बनाइनुपर्छ ।

परराष्ट्र मन्त्रालयसँग सम्वन्धित बिषय आर्थिक कुटनीतिसँग जोडिएको छ । विश्वभर हाम्रा ३९ वटा कुटनीतिक नियोग रहेका छन् । यि नियोगको काम हाम्रो आर्थिक कुटनीतिलाई प्रवर्धन गर्नु हो । तर, हाम्रा कुटनीतिक नियोगहरू अत्यन्तै निश्प्रभावी बनेका छन् । नेपालमा रहेका विदेशी कुटनीतिक नियोगहरुले आफ्ना देशमा उत्पादनको प्रवर्धनमा काम गरिहेको हामीले देखिरहेका छौं । यि नियोगहरुलाई सम्वन्धित देशका लगानीकर्ताहरुले नेपालस्थित आफ्नो अफिसका रुपमा सहजै रुपमा लिन सक्छन् । विदेशी राजदुतहरुले आफ्ना देशका लगानीकर्तालाई साथमै लिएर आफ्नो देशका उत्पादनको प्रवर्धन गरिरहेका हुन्छन् । तर, हाम्रो अवस्था विल्कुल फरक छ । यदि विदेशस्थित हाम्रा कुटनीतिक नियोगलाई महिनामा एउटा ज्वाईन्ट भेन्चर्स वा एउटा वस्तु निर्यात गर्ने व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी मात्रै दिने हो भने पनि हामीले लगानी भित्रयाउनमा होस् वा निर्यात प्रवर्धन गर्नमा राम्रो उपलब्धि हासिल गर्नेछौं । उनीहरुले लगानी बोर्ड र नेपालको निजी क्षेत्रसँगको सहकार्यमा काम गर्नु आवश्यक छ । हाम्रा कुटनीतिक नियोगले यस सम्वन्धमा के काम गरे भनेर हरेक महिना रिपोर्ट दिनु पर्ने व्यवस्था मिलाउनुपर्छ ।

२ असार २०७६

विकासका लागि कस्तो बजेट ?

तत्कालीन अर्थमन्त्रीलाई मेरा १० प्रश्न

माननीय अर्थमन्त्रीज्यू,

संविधानको प्रावधानअनुसार तपाईंले सार्वभौम संसद्मा बजेट प्रस्तुत गर्नुभएको भए म यी प्रश्नहरू संघीय संसद्को सदस्यको हैसियतमा संसदको रोस्ट्रममा उभिएर उठाउने थिएँ । तर, हठात् प्रतिनिधिसभा विघटन गरिएका कारण आज मैले यी प्रश्न मिडियामार्फत यहाँसमक्ष राख्नुपरेको छ ।

मेरा यी सवाल प्रश्नका लागि प्रश्न मात्रै होइनन् । र, प्रमुख प्रतिपक्षी दलको विघटित संसद्को एकजना सांसदको परम्परागत जिम्मेवारी निर्वाह गर्ने उद्देश्यले मात्रै पनि यी प्रश्न उठाइएको होइन । देश विकासको सपना, सपना कार्यान्वयन गर्ने दृढ इच्छाशक्ति र त्यो इच्छाशक्तिको बलमा निर्माण हुने जीवन्त संगठनमार्फत समृद्ध नेपाल निर्माण गर्न सम्भव छ भनेर सपना देख्ने यो देशको जिम्मेवार नागरिक एवं नेपाल उद्योग वाणिज्य महासंघको पूर्वअध्यक्ष र नेपाल उद्योग परिसंघको संस्थापक अध्यक्षका रूपमा समेत राष्ट्रको आर्थिक क्षेत्रको लामो अनुभवको पृष्ठभूमिमा मैले यी प्रश्न उठाउनुपर्ने दायित्वबोध गरेको हुँ ।

मेरा प्रत्येक प्रश्नले जवाफको अपेक्षा राख्छन् । र, ती जवाफले बजेट कार्यान्वयनमा नयाँ गन्तव्य पहिल्याउनेछन् । अन्ततः यसबाट बजेट कार्यान्वयनमा अर्थमन्त्रीज्यूले गर्नुभएको प्रणलाई नै सहयोग पुग्नेछ भन्ने मेरो अपेक्षा छ ।

यहाँले बजेट निर्माण गर्दा विभिन्न प्राथमिकता तोक्नुभएको छ । मलाई खट्केको के हो भने ती प्राथमिकताभन्दा पहिला अर्को प्राथमिकता आउनुपर्थ्यो र त्यो भनेको बजेट कार्यान्वयनमा विगतका कमजोरीलाई समुचित समाधान गर्नु हो । विगत तीन आर्थिक वर्षका बजेटकै कुरा गरौं । मैले विगत तीन आर्थिक वर्षलाई जोड दिनुको कारण के हो भने यी बजेट लगभग दुईतिहाइ बहुमतको सरकारले ल्याएको थियो । र, स्थिर सरकारले बजेट कार्यान्वयन गरेरै छाड्ने प्रतिबद्धता हरेकपटक दोहोऱ्याइएको थियो । तर, वास्तविक कार्यान्वयनमा जाँदा किन तीन वर्षअघिका अस्थिर सरकारहरूले जत्ति पनि उपलब्धि हासिल गर्न सकिएन ? हो, आगामी वर्षको बजेट बनाइरहँदा सबैभन्दा पहिले यो प्रश्नको उत्तर सरकारले आफैंसँग पटक-पटक सोध्नुपर्दथ्यो । बजेट कार्यान्वयनमा फेरि पनि उही नियति दोहोरिने अवस्था आउने निश्चित छ, किनकि कार्यप्रणाली, व्यवस्थापकीय क्षमता, तथा राजनीतिक वातावरण झन् खस्किँदो छ ।

बजेट खर्चको स्थिति, त्यसले सिर्जना गरेका रोजगारी, व्यापार सन्तुलनमा त्यसले पारेको प्रभाव र कोभीड नियन्त्रणमा अघिल्लोपटकको बजेटमा उल्लेख भएका कुराहरूको मनन गरी यसपटकको बजेट तर्जुमा हुन सकेको भए सायद आशा गर्ने प्रशस्त ठाउँ हुन्थे ।

गत वर्ष र अहिले पनि कोभिडबाट थलिएको अर्थतन्त्रलाई पुनर्जागृत गर्न बजेट र मौद्रिक नीतिले आपूर्ति व्यवस्थातर्फ मात्र ध्यान दिएको छ । माग सिर्जना नगरी आपूर्तिमा मात्रै ध्यान दिएर अर्थतन्त्रलाई पुनर्जागृत गर्न सकिँदैन । माग सिर्जना गर्न नागरिकको पकेटमा खर्च गर्न सक्ने पैसा हुनुपर्छ ।

निजी क्षेत्रको लगानी, उत्पादन, मूल्य शृंखला विकास, आपूर्ति शृंखलाको सुनिश्चितता, रोजगारी सिर्जनाका लागि अर्थतन्त्रको कार्यकुशलता वृद्धि गर्न जरुरी छ । महँगो उत्पादन लागत, उत्पादन र वितरण प्रणालीमा रहेका विभिन्न अवरोधहरूमध्ये पूर्वाधारको न्यूनता र लगानीलाई सहजीकरण गर्नुपर्ने सरकारी निकायहरू बढी प्रक्रियामुखी हुँदा मुलुकभित्रको व्यावसायिक वातावरणमा ह्रास आएको विदितै छ । कोभिड-१९ को पहिलो लहरको महामारीको 'ह्याङओभर' सकिन नपाउँदै अहिले अर्थतन्त्रले अर्को ठूलो सक (आघात) व्यहोर्नुपरेको अवस्थामा आर्थिक पुनरुत्थान चुनौतीपूर्ण बन्दै गइरहेको छ । व्यवसाय सञ्चालन नभए पनि भाडा, कर, विद्युत्, श्रमिकको व्ययभार, बैंकको ब्याजबाट थिचिएका ठूला परियोजनादेखि साना र मझौला उद्यमहरूलाई यो आघात सामना गर्दै कसरी उठाउने भन्ने चिन्ता छ ।

त्योभन्दा ठूलो बज्रपात दैनिक ज्यालादारी गर्ने श्रमिक वर्गमाथि परेको छ । श्रमसम्बन्ध स्थापित हुने अवस्था नहुँदासम्म दैनिक ज्यालादारी गर्ने श्रमिकका लागि उचित राहतको प्रबन्धबाट थप विद्यमान बहुआयामिक संकट निराकरण गर्नुपर्ने आवश्यकता छ । जोखिममा रहेको त्यो वर्गलाई संरक्षण प्रदान गर्नु राज्यको कर्तव्य हो । अन्यथा, विगतमा धेरै मिहिनेत गरेर घटाइएको बहुआयामिक गरिबीको दर फेरि उकालो लाग्न जान्छ ।

गत वर्ष र अहिले पनि कोभिडबाट थलिएको अर्थतन्त्रलाई पुनर्जागृत गर्न बजेट र मौद्रिक नीतिले आपूर्ति व्यवस्थातर्फ मात्र ध्यान दिएको छ । माग सिर्जना नगरी आपूर्तिमा मात्रै ध्यान दिएर अर्थतन्त्रलाई पुनर्जागृत गर्न सकिँदैन । माग सिर्जना गर्न नागरिकको पकेटमा खर्च गर्न सक्ने पैसा हुनुपर्छ । रोजगारी गुमाउनुपर्दा एउटा वर्गको पकेट खाली छ । त्यसैले यो वर्गलाई प्रत्यक्ष राहत पुऱ्याउन र अर्थतन्त्रलाई चलायमान बनाउन यस्तो वर्गलाई सरकारले नगद उपलब्ध गराउनुपर्छ भनेर हामीले गत वर्षदेखि नै आग्रह गर्दै आएका छौं । तर, बजेटले किन यसतर्फ ध्यान पुऱ्याउन सकेन ? क्रयशक्तिविनाको आपूर्ति कसरी बढ्न सक्छ ? सप्लाई चेनको शृंखला कसरी गतिशील हुन सक्छ ?

अर्थमन्त्रीज्यू,

माथिको पृष्ठभूमिमा म यहाँले प्रस्तुत गर्नुभएको बजेटमाथि १० प्रश्न राख्न चाहन्छु । मलाई विश्वास छ, यहाँले मेरा यी प्रश्नलाई गम्भीरतापूर्वक मनन गर्नुहुनेछ र त्यसतर्फ पाइला चालिनेछन् ।

१. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमा विगतकै नियति दोहोरिनेछैन भन्ने विश्वास गर्ने आधार के छन् ? बजेट कार्यान्वयनको पुरानै प्रक्रिया कायम रहेसम्म यो बजेटको नियति

पनि विगतकै जस्तो हुने देखिन्छ । चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थिति हेर्ने हो भने विनियोजित विकास बजेटको अहिलेसम्म जम्मा ३८ प्रतिशत मात्र खर्च हुन सकेको छ । एकातिर विकास बजेटको अंश कुल बजेटमा सानो हुने र अर्कोतर्फ त्यो पनि खर्च हुन नसक्दा न त त्यसले पुँजी निर्माणमा सहयोग गर्छ, न त समयमै विकास आयोजनाहरू सम्पन्न हुन सक्छन् ।

२. हाम्रो प्रशासनिक र प्रतिबद्ध खर्चको दायित्व प्रत्येक वर्ष बढ्दै गइरहेको छ । कुल बजेटको अधिकांश हिस्सा साधारण प्रकृतिका खर्चको दायित्व पूरा गर्नमै भइरहेको छ । ठूलो प्रशासनिक खर्चबाट पनि हामीले पूर्वाधार विकास र उत्पादनको लाभ लिन सकेका छैनौं । काम गर्ने ठूलो संयन्त्र, बढ्दो व्ययभार र त्यसलाई उपलब्धिसँग जोड्न नसक्दा हाम्रो अर्थतन्त्रको कार्यकुशलता/दक्षतामा ह्रास आइरहेको छ । प्रशासनिक खर्च घटाउन सार्वजनिक खर्च पुनरावलोकन आयोगले विभिन्न सिफारिस गरेको हो । त्यो कार्यान्वयन गर्न र सरकारी संयन्त्रको दक्षता अभिवृद्धि गर्न यो बजेटले के रणनीति लिएको छ ?

चालू आर्थिक वर्षको अहिलेसम्म कुल खर्चमा विकास खर्चको अनुपात हेर्ने हो भने १५ प्रतिशतको हाराहारीमा छ । यसको अर्थ १५ रुपैयाँ विकास खर्च गर्न हामी ८५ रुपैयाँ प्रशासनिक खर्च गरिरहेका छौं । यदि कुनै व्यावसायिक प्रतिष्ठानले यसै गरी खर्च गर्ने हो भने तत्काल टाट पल्टिन्छ । यो प्रवृत्तिबाट दिगो विकासको लक्ष्य हासिल गर्न असम्भव छ । हामीले सधैं परिकल्पना गरेको दुई अंकको आर्थिक वृद्धि हासिल गर्न वार्षिक लगभग चार खर्बको लगानी उत्पादन तथा विकासको क्षेत्रमा गर्न जरुरी छ । तर, हाम्रो औसत खर्च दुई खर्बभन्दा बढ्न सकेको छैन । यसको समाधान भनेको एकातिर विकास खर्चमा व्यापक वृद्धि गर्ने र अर्कोतिर अनावश्यक चालू खर्च घटाउने नै हो । यसका लागि बजेटको पुनर्संरचना हुनु आवश्यक छ । विकास बजेट र साधारण खर्चको अनुपात ६०:४० को अनुपातमा ल्याउनुपर्छ । के यो बजेट यो दिशातर्फ उन्मुख छ ?

३. यतिबेला मुलुकको पहिलो प्राथमिकता मानव जीवन रक्षामा केन्द्रित छ । स्वास्थ्य क्षेत्रमा बजेटको झन्डै ७.५ प्रतिशत विनियोजन भएको छ । चालू आर्थिक वर्षमा पनि स्वास्थ्य क्षेत्रको बजेट ३१.८ प्रतिशतले वृद्धि गरी ९० अर्ब ६९ करोड विनियोजन गरिएको थियो । आगामी आर्थिक वर्षका लागि एक खर्ब २२ अर्ब रुपैयाँ विनियोजन भएको छ । तर, विनियोजित बजेट उपयोग हुन नसक्दा हाम्रा आधारभूत स्वास्थ्य पूर्वाधारहरू, अस्पतालको क्षमता विस्तार, आवश्यक स्वास्थ्य सामग्री आपूर्तिको त कुरै छाडौं, महामारीका लागि अत्यावश्यक अक्सिजन र भेन्टिलेटरसम्मको पनि व्यवस्था नहुँदा सयौं नागरिकले अकालमा जीवन गुमाउनुपरेको छ । अब प्राणरक्षक खोपको शीघ्र आपूर्ति, त्यसको प्रभावकारी वितरण र भोलिका दिनमा आउन सक्ने भनिएको महामारीको तेस्रो लहरबाट नागरिकलाई बचाउन युद्धस्तरमा काम गर्नुपर्नेछ । गत वर्ष स्वास्थ्य सामग्री खरिद र अहिले खोप खरिद प्रक्रियामा 'बिचौलिया'हरूको हर्कतले समयमै खोपको व्यवस्था गरिनेछ भन्नेमा अर्को गम्भीर प्रश्न खडा भएको छ । सबै नागरिकका

लागि खोपको तत्कालै व्यवस्था मिलाउनु अहिलेको मुख्य प्राथमिकता हो । कर्मचारीतन्त्रको कार्यशैलीको झन्झटमा नफसीकन पारदर्शी रूपमा यसको व्यवस्थापन कसरी हुने हो, त्यो अहिलेको गम्भीर प्रश्न हो ।

४. कोभिड-१९ महामारीको प्रतिकूलता सामना गरिरहेका व्यवसाय पुनर्जागृत गर्दै आर्थिक पुनरुत्थान गर्ने घोषणा चालू वर्षको बजेटमा पनि भएको थियो । आगामी वर्षको बजेटमा पनि त्यसले निरन्तरता पाएको छ । महामारीको असर गहिरिँदै गएको परिप्रेक्षमा त्यसको प्रभाव व्यवसायको प्रकृतिअनुसार फरक-फरक ढंगले परेको छ । यसलाई फरक-फरक ढंगले तत्काल सम्बोधन गरिनु आवश्यक छ । समस्यामा परेका व्यवसायलाई तत्कालै पुँजी उपलब्ध हुन सकेन भने ती सदाका लागि बन्द हुन सक्ने अवस्था रहन्छ । उद्योगहरू एकातर्फ चल्न सकिरहेका छैनन् भने चलेका सीमित उद्योगका उत्पादन पनि गोदाममै थन्किएको अवस्था छ । होटेलहरूमा ताल्चा लागेको छ भने यातायात व्यवसाय ठप्प छ । आर्थिक पुनरुत्थानका लागि अल्पकालीन र दीर्घकालीन योजना तय गरी तत्काल सरकारले कसरी यी व्यवसाय एवं अधुरो अवस्थामा रहेका ठूला परियोजनालाई जीवित राख्ने हो ? बजेट प्रायः मौन छ ।

चालू वर्षमा हाम्रो निर्यात व्यापार एक खर्ब रुपैयाँ पुग्यो । यसलाई हामी ठूलो उपलब्धिका रूपमा प्रचार गर्दै छौं । तर, निर्यातको यो उपलब्धिभित्रको यथार्थलाई नियाल्यौं भने फेरि पनि हामी निराश हुनुपर्नेछ । निर्यातको सम्भावना बोकेका वस्तुहरूको उत्पादन र निर्यातमा सुधार आएर यो उपलब्धि हासिल गरेका हौं ? तथ्यांकले बिल्कुल यस्तो देखाउँदैन ।

५. चालू वर्षमा हाम्रो निर्यात व्यापार एक खर्ब रुपैयाँ पुग्यो । यसलाई हामी ठूलो उपलब्धिका रूपमा प्रचार गर्दै छौं । तर, निर्यातको यो उपलब्धिभित्रको यथार्थलाई नियाल्यौं भने फेरि पनि हामी निराश हुनुपर्नेछ । निर्यातको सम्भावना बोकेका वस्तुहरूको उत्पादन र निर्यातमा सुधार आएर यो उपलब्धि हासिल गरेका हौं ? तथ्यांकले बिल्कुल यस्तो देखाउँदैन । हाम्रा कार्पेट, गार्मेन्ट, पस्मिनाजस्ता वस्तुहरूको निर्यात खस्कँदो छ । हाम्रो यो तथ्यांकमा 'आयातमा आधारित निर्यात'को अंश नै निकै ठूलो छ । भारतसँग व्यापार सन्तुलन गर्न र व्यापार असन्तुलनको खाल्डो पुर्न राज्यले के दृष्टिकोण लिने हो ? बजेट मौन छ । निर्माणाधीन विद्युत् परियोजनाले भोग्दै आएको अवरोधका तगारा हटाउँदै युद्धस्तरमा परियोजना सम्पन्न गराई विद्युत् भारत निर्यात गर्ने वातावरण बनाउनु मात्र भरपर्दो समाधान हुन सक्छ । तर, यसरी धेरैभन्दा धेरै परियोजनालाई प्रोत्साहित गर्ने नीति के बजेटले लिएको छ ? त्यसका लागि आवश्यक सपोर्ट सिस्टमका लागि इन्सेन्टिभको व्यवस्था मिलाउनु सरकारको दायित्व हो । कोभिड महामारीसँगै यस्ता परियोजनाको निर्माण प्रगति शून्यमा झरेको छ ।

६. हामीले विशेष आर्थिक क्षेत्र, आर्थिक क्षेत्र स्थापनाका विषयलाई बजेटमा वर्षौंदेखि समेट्दै आएका छौं । तर, हामीले भैरहवा वा सप्तरीमा स्थापित सेज र वीरगन्जमा स्थापित इपिजेडमा किन लगानीकर्ता आकर्षित भएनन् भनेर ती प्रश्नको उत्तर कहिल्यै खोजेनौं । फलतः उत्पादनमुखी औद्योगीकरणले कुनै वेला जिडिपीको १४ प्रतिशत हिस्सा ओगटेकोमा अहिले पाँच प्रतिशतमा सीमित छ । हाम्रो सोच र धरातलको यथार्थबीचको खाडल झनै गहिरो बन्दै छ ।

हामीले बुझ्नुपर्ने सामान्य कुरा के छ भने जबसम्म नेपालमा उत्पादित वस्तु चिनियाँ र भारतीय उत्पादनसँग प्रतिस्पर्धी बन्ने वातावरण तयार हुँदैन, तबसम्म नेपालको औद्योगिक क्षेत्रमा लगानी आउन सम्भव छैन । त्यो वातावरण तयार गर्न चीन र भारतले लगानीकर्ताका लागि उपलब्ध गराएका सुविधाभन्दा एक तह माथि उठेर हामीले उनीहरूलाई अफर गर्न सक्नुपर्छ । बजेटले चिनियाँ र भारतीय उत्पादनसँग नेपाली उत्पादन प्रतिस्पर्धी हुन सक्ने के व्यवस्था गऱ्यो ? प्रश्न अनुत्तरित छ ।

७. मुलुकमा लगानी आकर्षित गर्न डुइङ बिजनेस इन्डेक्समा हाम्रो स्थान अझै पनि तल छ । ०४८ सालपछि आर्थिक उदारीकरणमार्फत सुरु गरिएका सुधारले आज मुलुकमा निजी क्षेत्रको संस्थागत विकास हुन सकेको हो । सोही नीतिको प्रतिफलस्वरूप आज मुलुकमा दूरसञ्चार, बैंक तथा वित्तीय क्षेत्र, हस्पिटालिटी, यातायात तथा हवाई उड्डयन, सूचना प्रविधि, शिक्षा र स्वास्थ्य क्षेत्रले ठूलो फड्को मारेको छ । यस नीतिले कुल गार्हस्थ्यय उत्पादनको झन्डै ३५ प्रतिशत हिस्सा ओगट्ने नयाँ क्षेत्रहरू विकास भएका छन् । तर, त्यसपछि हामीले दोस्रो चरणको सुधारलाई अगाडि बढाउन सकेनौं । विश्व अर्थतन्त्रको दिशा नै यस अवधिमा यू-टर्न भएको छ । सूचना प्रविधिमा आधारित व्यवसायहरू अर्थतन्त्रको अघिल्लो पंक्तिमा उभिएका छन् । आजको दुनियाँ 'डिजिटल वर्ल्ड'को कारणले नवप्रवर्तनका कथाहरू हाम्रा माझ छन् । आर्टिफिसियल इन्टेलिजेन्स हाम्रो यथार्थ बनिसकेको छ । हामीले दोस्रो चरणको सुधारमार्फत यी क्षेत्रलाई प्रोत्साहन गर्न सकेमा संसारसँगै नेपाल पनि डिजिटल वर्ल्डको अभिन्न हिस्सा बन्न सक्छ । र, हाम्रो अर्थतन्त्रमा यो क्षेत्रले जबर्जस्त उपस्थिति जनाउनेछ । त्यसैले हामीले दोस्रो चरणको आर्थिक सुधारअन्तर्गत नयाँ पोलिसी डिपार्चरमा जान ढिला भइसकेको छ । बजेटले यसतर्फ कतै सोच्न सकेको छ त ?

८. नेपाललाई प्रौढ समाजमा प्रवेश गर्नुअघि सन् २०४० सम्म जनसांख्यिक लाभ छ । त्यसमा पनि जनसांख्यिक लाभका दृष्टिकोणले आगामी १० वर्ष हाम्रा लागि महत्वपूर्ण छन् । त्यो लाभको उपयोग गर्न हामीले मानव पुँजी विकासमा लगानी गर्नुपर्छ । मानव पुँजी विकास राष्ट्रको द्रुततर विकासका लागि अपरिहार्य छ । नेपालबाट हरेक वर्ष ठूलो संख्यामा विदेशका कलेज, विश्वविद्यालयमा अध्ययन गर्न जानेको संख्या उच्च छ । वार्षिक झन्डै ४० अर्ब रुपैयाँ उच्च शिक्षाका लागि मुलुकले विद्यार्थीहरूसँगै बाहिर पठाइरहेको छ । विदेशका स्थापित विश्वविद्यालय, कलेज, प्राविधिक शिक्षालयहरू नेपालमै खोल्न हामीले किन आकर्षित नगर्ने ? नेपाल शिक्षा र स्वास्थ्य सेवाका लागि दक्षिण एसियाकै हब बन्न सक्छ । यसका लागि हामीले उपयुक्त जग्गा एवं आकर्षक प्याकेजहरू अगाडि सार्नुपर्छ । इलेक्ट्रिक भेइकलसरह यी क्षेत्रलाई पनि सम्बोधन गर्न बजेटले किन ध्यान नदिएको ?

९. युवाहरूलाई रोजगारी दिनु र स्वरोजगार बनाउन वातावरण बनाउने काम सरकारको हो । चालू वर्षको बजेटले सात लाख रोजगारी दिने लक्ष्य राखेको थियो । रोजगारीका लागि सात लाख ५२ हजारले आवेदन हालेका थिए, जसमा ४२ प्रतिशत महिला थिए । यस वर्ष ७८ हजार ६७८ जनाले आठ लाख ४३ हजार ४३ दिनका लागि रोजगारी पाए । अर्थात्, औसतमा उनीहरूले जम्मा ११ दिनको रोजगारी पाउन सके । यस प्रकारका अमूर्त गतिविधिले राजनीतिक कार्यकर्ता

खुसी होलान्, तर बेरोजगारी समस्या समाधान हुँदैन । बरु साना, घरेलु व्यवासयको सोच (आइडिया), त्यसका लागि आवश्यक प्रशिक्षण, सोचलाई सम्भव योजनामा परिणत गर्दै पुँजी र कार्यान्वयनसँग जोड्ने एउटा एकीकृत प्रणालीको विकासले मात्र यो समस्यालाई सम्बोधन गर्न सम्भव छ । यो प्रणालीलाई गाउँ-गाउँ, सहर-सहरसम्म पुऱ्याउन सक्नुपर्छ । र, यस्तो प्रणालीलाई सरकारले पूर्ण रूपले वित्तीय सहयोग गर्नुपर्छ, चाहे ती निजी क्षेत्रबाट चालिएका प्रयास नै किन नहुन् । ऋण मात्रको उपलब्धतालेे यो जटिल चक्र पूरा हुँदैन । बजेटले यो दिशातर्फ पुनः प्रयास गरोस् ।

१०. अहिले आमजनताको अपेक्षा रूपान्तरणकारी विकास हो । रूपान्तरणकारी विकासका लागि रूपान्तरणकारी सोचको खाँचो पर्छ । र, समाजका सबै तह तप्कालाई विकासको सपना प्राप्तितर्फ उद्वेलित गर्नुपर्छ । मैले सधैँ भन्ने गरेको छु, एकीकृत विकास । उदाहरणका लागि पर्यटन विकासको एउटा सोच यहाँ राख्न चाहन्छु । भारत र चीनबाट बर्सेनि करोडौँ मानिस देशबाहिर घुम्न निस्किन्छन् । हामी भनिरहेका छौँ- उनीहरूमध्ये एक प्रतिशत पनि किन नेपाल आउँदैनन् ? त्यसका लागि स्पष्ट एवं एकीकृत योजना आवश्यक छ- प्राइभेट सेक्टर टु प्राइभेट सेक्टर, गभर्मेन्ट टु गभर्मेन्ट लेभलमा । हामी ५० लाख पर्यटक ल्याउने सोच बनाइरहँदा त्यो तहमा पर्यटक ह्यान्डिल गर्न सक्ने क्षमता पनि हामीले विकास गर्नुपर्छ । नयाँ-नयाँ पर्यटकीय गन्तव्यको विकासको सोचहरूलाई कार्यान्वयनमा ल्याइनुपर्छ । हाल विद्यमान गन्तव्यहरूलाई अर्को तहमा पुऱ्याउन सक्नुपर्छ । विमानस्थल, होटेल, सडकलगायतका पर्यटकीय पूर्वाधारलाई अर्को तहमा पुऱ्याउने रणनीति लिनुपर्छ । बजेटले यो तहमा सोचेको छ ? के यो आफैँमा अस्वाभाविक प्रश्न हो र ?

अन्त्यमा,

विगत वर्षहरूमा जस्तै यो बजेट पनि घोषणामा सीमित नहोस् र बजेट कार्यान्वयनमा अर्थमन्त्रीज्यू र सिंगो सरकारी संयन्त्रलाई सफलता प्राप्त होस् । शुभकामना !

(प्रतिनिधिसभाको असंवैधानिक विघटनपछि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले अध्यादेशमार्फत ल्याएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेटमाथि नयाँ पत्रिका दैनिकमा प्रकाशित मेरो लेख)

गरिखाने अभियान

देशभर उद्यमशीलताको लहर



लोकतन्त्र प्राप्तिका लागि पटक-पटक संघर्ष गरेको नेपाली कांग्रेसले जनतालाई राजनीतिक अधिकारसँगै आर्थिक रूपले सम्पन्न गर्दै गुणस्तरीय जीवनयापन सहयोग पुऱ्याउने नीति श्रद्धेय नेता बीपी कोइरालाको समयदेखि नै सुरु गरेको हो। जनतालाई आर्थिक रूपले समृद्ध बनाएर मात्र राजनीतिक परिवर्तनमार्फत सुनिश्चित गरिएका अधिकार उपभोग गराउन सकिन्छ भनेर बीपीले भन्नुभएको छ।

२०४६ सालको जनआन्दोलनपछि श्रद्धेय नेता गणेशमान सिंहले 'अब राजनीतिक क्रान्ति पूर्ण भयो, अब आर्थिक क्रान्ति गर्नुपर्छ' भन्नुभयो। श्रद्धेय नेता सुवर्ण शमशेरले २००८ सालमा बजेटमार्फत सरकारको खर्च प्रणाली सुदृढीकरण, आयव्ययको लेखांकन, स्रोतको व्यवस्थामा जोड दिनुभयो। आर्थिक सुधारका लागि उहाँले तत्कालीन समयमा गर्नुभएको उक्त कार्य रूपान्तरणकारी मान्नुपर्छ।

जनआन्दोलनपछि २०४८ सालको आम निर्वाचनबाट नेपाली कांग्रेसको नेतृत्वमा बनेको सरकारले आर्थिक विस्तारका अवरोधहरू (बोटलनेक) अन्त्य गरी खुला र उदार आर्थिक नीति अबलम्बन गऱ्यो। फलस्वरूप आज मुलुकमा होटल तथा हस्पिट्यालिटी व्यवसाय, निजी वायु सेवा, बैंक तथा वित्तीय संस्था, दूरसञ्चार लगायतका नयाँ क्षेत्रहरूको उदय भयो। उत्पादन, सेवा, रोजगारीका हिसाबले मुलुकको अर्थतन्त्रमा ठूलो बदलाव हामीले महशुष गरिरहेका छौं। आज मुलुकको अर्थतन्त्र जुन अवस्थामा छ, त्यसको जग हाल्ने कार्य स्वर्गीय नेता श्रद्धेय गिरिजाप्रसाद कोइरालाको सरकारले गरेको हो।



सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको नेतृत्वका सरकारले मुलुकमा पूर्वाधार निर्माण, लगानी आकर्षण, प्रतिस्पर्धा प्रवर्द्धनलाई अघि बढाउँदै आएको छ। मुलुकको आर्थिक विकासको संवाहक नेपाली कांग्रेसले अर्थतन्त्रमा उत्पन्न विद्यमान शिथिलता र कोभिड-१९ को प्रभावलाई मध्यनजर गरीकन एउटा ठूलो सुधार (बिग पुस) गर्नुपर्ने आवश्यकता छ।

ज्ञान, व्यावहारिक अनुभव र विज्ञता सबै हिसाबले नेपाली कांग्रेसले मात्र यस्तो सुधारको नेतृत्व गर्न सक्छ। सत्तामा हुँदा होस् वा प्रतिपक्षमा रहँदा होस्, नेपाली कांग्रेसले सदैव मुलुकको आर्थिक-सामाजिक विकासमा आफूलाई केन्द्रित गर्दै आएको छ।

कोभिड-१९ महामारी सुरु भएपछि २०७७ वैशाख १७ मा केन्द्रीय कार्यसमितिको बैठकले मेरो संयोजकत्वमा 'लगानी, पूर्वाधार र रोजगार : दृष्टिकोण र दीगो परियोजना केन्द्रित विशेष समिति' गठन गऱ्यो।

हाम्रो समितिलाई मूलतः दुई महत्वपूर्ण कार्यभार सुम्पिएको थियो–

१) तत्काल कोरोनाका कारण नेपालको लगानी, पूर्वाधार र रोजगारका क्षेत्रमा परेका असरलाई तत्कालीन र दूरगामी रूपमा सम्बोधन गर्न सकिने नीतिबारे आवश्यक अध्ययन पश्चात पार्टीको 'अर्थतन्त्र केन्द्रित विशेष समिति' लाई सुझाव दिनेछ।

२) दीर्घकालीन रूपमा लगानी, पूर्वाधार र रोजगारका क्षेत्रमा दूरगामी दृष्टिकोढा साथै दीगो परियोजनाहरूको परिकल्पना र कार्यान्वयनमा भूमिका निर्वाह गर्नेछ।

पार्टीले दिएको यो जिम्मेवारी पूरा गर्न म मन, वचन र कर्मले दत्तचित्त भएर लागेको छु। कोभिड-१९ महामारी सिर्जित जटिलतालाई सम्बोधन गर्ने प्रमुख ध्येयका साथ यो समिति गठन भएको थियो र यो अवधिमा प्रतिकूल परिस्थितिका बाबजूद उल्लेख्य ढङ्गले हाम्रो अभियानलाई गति दिन सफल भएका छौं।

उद्यमशील सोचलाई सीप, प्रविधि, पुँजी र बजारसँग सम्बन्ध स्थापित गराइ देशव्यापी रूपमा उद्यमशीलता विकासको अभियान सञ्चालन गर्दै आएको 'गरिखाने अभियान'मा आवद्ध १०० उद्यम परियोजनालाई बैंक तथा वित्तीय संस्थाको सहुलियतपूर्ण कर्जा उपलब्ध भएको छ ।

'गरिखाने अभियान'मा आबद्धताका लागि पहिलोपटक 'रोड शो' गत वर्ष माघदेखि सुरु भएको थियो । कोभिड-१९ महामारीको प्रतिकूल परिस्थितिको बावजूद ७७ जिल्लामा यो अभियान विस्तार भएको छ । यसअवधिमा उद्यमशील बन्न आकांक्षीहरूबाट ८७९ प्रस्ताव प्राप्त भएकोमा ६६० आवेदनहरू योग्य रहेका छन् । यसबीचमा ४८३ आवेदनहरूमा प्रस्तावित परियोजनामा सहुलियतपूर्ण कर्जा लगानीका लागि प्रस्ताव तयार भैसकेका छन् भने ३७२ प्रस्ताव बैंक तथा वित्तीय संस्थामा पठाइएका छन् । यी मध्ये १०० प्रस्तावका लागि सहुलियतपूर्ण कर्जा स्वीकृत भैसकेको छ ।

झापा, संखुवासभा, धनकुटा, वीरगञ्ज, रौतहट, हेटौँडा, चितवन, पोखरामा सम्बन्धित क्षेत्रका नेता तथा कार्यकर्ताको भौतिक उपस्थितिमा हामीले गरिखाने अभियानको 'रोड शो' गऱ्यौं भने लुम्बिनी, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा राखिएको कार्यक्रम कोभिड-१९ को दोस्रो लहरका कारण भर्चुअल माध्यमबाट सम्पन्न गऱ्यौं । यसले नेपाली कांग्रेसका आम कार्यकर्ता पंक्तिमा उत्साह छाएको छ । यस अभियानलाई पार्टीले निरन्तरता दिदैं मुलुकको आर्थिक-सामाजिक रूपान्तरणको अभियन्ता बन्नुपर्छ भन्ने दृढ संकल्पका साथ म यो अभियानमा होमिएको हुँ ।

उद्यमशील बन्ने आकांक्षा राखेर 'गरिखाने अभियान'मा जोडिएका सबैलाई स्थानीय सम्भावना अनुसारका उद्यम सञ्चालन गर्न सम्भावना पहिचान, व्यवसाय दर्ता, व्यावसायिक योजना विकास, सीप तथा प्रविधि र पुँजी उपलब्ध गराउने संस्थाहरूसँग समन्वय, सम्भावित जोखिमबारे अभिमुखीकरण र बजार पहुँच लगायत उद्यमशीलताको सम्पूर्ण 'इकोसिस्टम'मा गरिखाने अभियानका साझेदार संस्थाहरूसँग सहकार्य गरी छोटो समयमा हामीले एउटा परिणाम हासिल गरेका छौं ।

'गरिखाने अभियान' ले राजनीतिक परिचालनमार्फत उद्यमशीलता विकास गराउने उद्देश्य राखेको हुँदा यसले हरेक जिल्लामा नेपाली कांग्रेसका जिल्ला सभापतिको संयोजकत्वमा काम गर्दै आइरहेको छ । उद्यमशीलता विकासमा केन्द्रित राष्ट्रव्यापी 'गरिखाने अभियान'लाई सबै जिल्लामा विस्तार गर्नेगरी ७७ जिल्लाका नेपाली कांग्रेसका जिल्ला सभापतिहरूले 'फोकल पर्सन' का रूपमा यो अभियान अघि बढाइरहनुभएको छ । यस अभियानको महत्वलाई आत्मसात गर्दै एक बसाइको अन्तर्क्रियामा उहाँहरू आ-आप्नो जिल्लामा यसलाई अघि बढाउन राजी हुनुभयो, यसलाई नवनिर्वाचित नेतृत्वले निरन्तर अघि बढाउनेछ भन्नेमा म विश्वस्त छु । यस अभियानले स्वतःस्फूर्त सर्वस्वीकार्यता बढाइरहेकोले यसमा म अत्यन्त हर्षित छु ।

अहिले नेपाली कांग्रेसले गठबन्धनको सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेको छ । नयाँ सरकार गठनसँगै सरकारीस्तरबाट पनि उद्यमशीलता विकासका कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिएको छ । आर्थिक वर्ष २०७८-७९ को बजेट (प्रतिस्थापन विधेयक) को बुँदा नं. २७ मा प्रत्येक पालिकामा वाणिज्य बैंकका शाखाहरूमार्फत ५०० बेरोजगार युवालाई स्वरोजगार बनाउन विना धितो ऋण प्रदान गर्नुपर्ने घोषणा भएको छ । यो व्यवस्थाले देशभर ७५३ पालिकामा प्रत्येकमा ५०० गरी तीन लाख ७६ हजार ५ सय उद्यम सिर्जना हुनसक्छन् ।

प्राथमिकता प्राप्त क्षेत्र, वञ्चित क्षेत्र, र सहुलियतपूर्ण कर्जाको अवस्था

शीर्षक	संख्या	रकम (रु.दश लाखमा)	संख्या	रकम (रु.दश लाखमा)	संख्या	रकम (रु.दश लाखमा)
कृषि क्षेत्र कर्जा *	६५,०४०.३७	३२५,२०१.९	८५,१६५.५६	४२५,८२७.९२	९२,९८७.९२	४६४,९३९.६
वञ्चित क्षेत्र कर्जा *		२४३,२७४.६		२९३,४८७.४		३३३,५१९.२
साना तथा मझौला व्यवसाय कर्जा (एक करोड सम्म) *		-	६५,५५९.८०	३२७,७९९.०	७८,९३४.२	३९४,६७१.०
महिला उद्यमी कर्जा	१४,५२१.२०	२१,७८१.८	३३,९८९.६०	५०,९८४.४	४५,५४४.८०	६८,३१७.२
शिक्षित युवा स्वरोजगार	२५६.५०	५१.३	३१८.५०	६३.७	३११.५०	६२.३
विना धितो कर्जा #	२४२२.२०	१२११.१	४,३८१.५६	२१९०.८	५४३४.८०	२,७१७.४

* वाणिज्य बैंक मात्र

#वाणिज्य कृषि र लाईभस्टक कर्जा

त्यस्तै नेपाल राष्ट्र बैंकले बजेटको उक्त व्यवस्था कार्यान्वयन गर्नेगरी मौद्रिक नीतिमार्फत उद्यमशीलता प्रवर्द्धन गर्ने नीतिगत व्यवस्थाहरू गरेको छ ।

'नवप्रवर्तन, सीप र उद्यमशीलता विकास प्रोत्साहित गर्न परियोजनामा आधारित कर्जा व्यवस्थालाई थप प्रभावकारी बनाउने' मौद्रिक नीतिको व्यवस्थाले सम्भावित उद्यमीहरूले धितोब्ना नै उद्यमशीलता विकासका लागि कर्जा प्राप्त गर्नेछन् ।

यसका साथै मौद्रिक नीतिमा 'कृषि, लघु तथा घरेलु क्षेत्रमा कर्जा प्रवाहलाई थप प्रोत्साहित गर्न गाउँपालिका तथा नगरपालिकाको सरकारी कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकका शाखाहरूमा कृषि, लघु तथा घरेलु कर्जासम्बन्धी फोकल डेस्कको स्थापना हुने व्यवस्था मिलाउने' उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाले यस्ता सहुलियत कर्जा प्रवाह गर्न साथै कृषि, लघु तथा घरेलु उद्यममा कर्जा प्रवाहका लागि विभाग/फोकल डेस्कहरू नै स्थापना गरेर काम गरिरहेका छन् । यस्ता नीतिगत व्यवस्थाहरूमार्फत उद्यमशीलता विकासको अभियानलाई तीव्रता दिन समिति सधैं क्रियाशील रहँदै आएको छ ।

कोभिड-१९ महामारीको दोस्रो लहरका कारण मुलुकले ठूलो मानवीय र आर्थिक क्षति व्यहोर्नुपरेको यस विषम परिस्थितिमा महामारीका असर न्यूनीकरणका लागि सामूहिक पहललाई आत्मबोध गर्दै नेपाली कांग्रेसको ब्यानरमा समितिले पछिल्लो एक वर्षदेखि देशका विभिन्न भागमा पुगेर उद्यमशीलता विकास सम्बन्धी अभिमुखीकरण, परियोजना तयारीसम्बन्धमा 'रोड शो'हरू सञ्चालन गर्दै आएको छ । कोभिड-१९ महामारीका पटक-पटकका लहर र जोखिमका बावजूद जनस्वास्थ्य प्रोटोकल अपनाउँदै र कठिन अवस्थामा भर्चुअल माध्यमबाट हामीले पार्टीका संरचनाहरूमा अन्तर्क्रिया जारी राख्यौं ।

आज मुलुकले त्यही खालको ठूलो रूपान्तरण खोजीरहेको छ र त्यसको नेतृत्व नेपाली कांग्रेसले लिएको छ । उद्यमशीलता विकासको महाअभियानले उत्पादन, रोजगारी, मूल्य शृंखला विकासमा नयाँ आयाम थप्नेछ । हाम्रो अर्थतन्त्रको मेरुदण्ड बलियो हुनेछ भने यसले आर्थिक विस्तारको फराकिलो आधार निर्माण गर्नेछ ।

राजनीतिक परिचालनसँगै आर्थिक व्यवस्थापनको कौशल भएका व्यक्तिहरू राजनीतिमा मिसिँदा त्यसले सार्थक परिणाम ल्याएका धेरै उदाहरणहरू छन् । मुलुकले प्राप्त गरेका राजनीतिक उपलब्धि संस्थागत गर्न आम नागरिकको राजनीतिक अधिकारलाई सुदृढ गर्नका लागि आर्थिक रूपले उनीहरूलाई सम्पन्न बनाउँदै लैजानुपर्छ । गुणस्तरीय शिक्षा, स्वास्थ्य, आधारभूत आवश्यकताहरूको परिपूर्तिले जीवनमा सहजतासँगै मानवपुँजीलाई थप सशक्त, सिर्जनशील, क्षमतावान् बनाउँछ । फलस्वरुपः मुलुकले आर्थिक-सामाजिक विकासमा फड्को मार्नेछ ।

नेपाली कांग्रेसको राजनीतिक परिचालन आम जनताका आर्थिक मुद्दाहरूमा केन्द्रित गर्दै उद्यमशील र स्वाबलम्बी बनाउने अभियानले नेपाली कांग्रेसका लागि सुदृढ आधारभूमि तयार पार्नेछ ।

केही सार्वजनिक मन्तव्य

पूर्वाञ्चल विश्वविद्यालयको सातौं दीक्षान्त समारोहमा दिएको विद्वत्प्रवचन



दीक्षान्त समारोहमा सहभागी प्रिय विद्यार्थी भाइबहिनीहरू,

- पूर्वाञ्चल विश्वविद्यालय परिवारलाई म हृदयदेखि नै धन्यवाद दिन्छु, सातौं दीक्षान्त समारोहमा 'की नोट स्पिकर'का रुपमा आमन्त्रण गर्नुभएकोमा । दीक्षित विद्यार्थीहरूलाई हार्दिक बधाई ।

- फोर्ब्सले विश्वका अर्बपतिहरूको सूची सार्वजनिक गर्दा मेरोबारेमा एउटा टिप्पणी लेखेको छ- *Binod, who never went to university, remains Nepal's only billionaire...* । तपाईंहरूले जस्तै गाउनमा सजिएर मैले उच्च शिक्षा पूरा गरेको प्रमाण-पत्र लिन पाइनँ । सायद, फोर्ब्सले यही कुरा दोहोऱ्याएर मलाई दीक्षान्त समारोहको महत्व संझाइरहेको होला ! तपाईंहरुका अगाडि उभिइरहँदा मलाई महसुस भएको छ, मेरो जीवनमा बाँकी रहेको यो अभाव पनि आज पूरा भयो । कलेजको शिक्षा त मैले उहिल्यै सकेको थिएँ । आज तपाईंहरुसँगै दिक्षित हुँदै छु । तपाईंहरुलाई धेरै धेरै बधाई छ- नेपालको भोलिका बिलेनियरहरुको परिचय दिइरहँदा फोर्ब्सले उनीहरु दिक्षित थिएनन् भनेर अब लेख्न पाउनेछैन ।

- आजको विश्वमा को व्यक्ति कुन देशमा जन्मिएको हो ? कुन परिवारमा जन्मिएको हो ? वा कुन विश्वविद्यालयमा अध्ययन गरेको हो ? भन्ने कुराले गौण अर्थ राख्छ । सफलताको

एकाधिकार कुन विश्वविद्यालयमा पढेको हो वा कुन डिग्री हासिल गरेको हो भन्नेसँग गासिएको हुँदैन । तपाईं के सपना देख्दै हुनुहुन्छ ? र, त्यो सपनालाई विपनामा बदल्न कस्तो संकल्प लिनुहुन्छ भन्ने कुराको सबैभन्दा अहम् महत्व छ । तपाईंहरुले बिल गेट्स र स्टिभ जब्सको जीवनी पढ्नुभएकै छ । जसले विश्वविद्यालयको औपचारिक शिक्षा पूरा गरेनन् र पनि विश्वका सर्वाधिक सिर्जनशील सोचका उद्यमीका रुपमा पहिलो पंक्तिमा नाम लेखाए । उनीहरुको सपना र त्यसलाई कार्यान्वयन गर्ने दृढताका अगाडि दुनियाँ नतमस्तक सावित भयो । म यहाँ एकजना यस्तो व्यक्तिको नाम लिन चाहन्छु, जसको सपनाले विश्वलाई उनको पछाडि हिंडाउन सम्भव बनाएको छ । उनी हुन्, चिनिया नागरिक ज्याक मा । चीनको झेईज्याङ प्रान्तको हाङ्जोउमा उनी सामान्य परिवारमा जन्मिएका थिए । उनका बाबु आमा परम्परागत कथा सुनाउने र बाजा बजाउने पेशामा थिए । ३३ वर्षको उमेरसम्म ज्याक माले कम्प्यूटर देखेका थिएनन् । तर, आज तिनै ज्याक मा इन्टरनेट बिजनेसका वादशाह अलिबाबा ग्रुपका कार्यकारी अध्यक्ष छन् । र, चीनको दोस्रो धनाढ्य । केही समयअघि मसँगको व्यक्तिगत भेटमा ज्याक माले आफ्नो इतिहास बताए- सन् १९९९ मा साथीहरुसँग ६० हजार डलर जम्मा गरेर अलिबाबा स्थापना गरिएको हो । ३३ वर्षमा कम्प्यूटर देख्ने व्यक्ति इन्टरनेट बिजनेसको वादशाह बन्न त्यतिकै सम्भव भए होला ? उनको सपना चानचुने थिएन । र, त्यो सपना पूरा गर्ने संकल्प पनि त्यतिकै दृढ । त्यसैले आज उनी विश्वका सर्वाधिक चर्चितमध्येका एक सफल उद्यमी बनेका छन् । आज तपाईंसँग सम्भावना नै सम्भावनाले भरिएको भविष्य छ । तपाईं सपना देख्नुस् र संकल्प लिनुस् । सफलता तपाईंको दाश नबनी सुखै छैन । मलाई लाग्दैन, तपाईंहरुमध्ये कोही ज्याक माको भन्दा खराब पृष्ठभूमीबाट गुज्रिनु भएको होला !

- म फेरि दोहोऱ्याऊँ ? तपाईं कति धनी परिवारमा जन्मिनुभयो वा गरिब परिवारमा या कति कुलिन परिवारमा जन्मिनु भयो भन्ने कुराको आडम्बरले भविष्य निर्धारण गर्न सम्भव छैन । तपाईंसँग कति सिर्जनशील सोच छ र त्यसलाई कार्यान्वयन गरेरै छाड्ने धैर्य भन्ने कुराले नै तपाईंको भविष्य निर्धारण गर्छ । १५ वर्ष अगाडि सन् २००० को फोर्ब्स अर्बपतिहरुको पहिलो १० जनाको सूचीमा कार्लोस स्लिम, अमानसियो ओर्टेगा, चार्ल्स कोच, डेभिड कोचहरुको नाम भेटिँदैन । तर, सन् २०१५ मा आईपुग्दा उनीहरुले आफूलाई यो सूचीमा उभ्याएका छन् । त्यतिबेला यो सूची ओगट्नेहरु अहिले पछाडि पर्दै गएका छन् । नेपालमै हेरौं न, १५ वर्ष अगाडि नेपालका प्रमुख औद्योगिक घराना भनेर चिनिनेहरु अहिले परिदृष्यमा पुगेका छन् भने नयाँ सोचका साथ व्यवसाय गर्नेहरु 'फ्रन्टलाईन'मा आएका छन् । त्यसैले तपाईंको हजुरबुवा के हुनुहुन्थ्यो वा बुबा के गर्नुहुन्थ्यो भन्ने कुराले तपाईंको भविष्य निर्धारण गर्दैन । तपाईं आफ्नो सिर्जनाले मात्रै जीवनमा नयाँ रङ्ग भर्न सक्नुहुन्छ ।

- आजको विश्व तपाईंहरुकै हो । तपाईंकै पुस्ताको हो । अझ प्रष्ट रुपमा भनुँ, तपाईंहरुको सिर्जनशिलता (इनोभेसन) को हो । तपाईंहरुका समकक्षी ३० वर्षभन्दा कम उमेरका युवाहरुको सिर्जनशीलताले संसार हल्लाइरहेको छ । मैले देखिरहेको छु, अहिले मलाई सुनिरहँदा पनि तपाईंहरु यस कार्यक्रमका गतिविधि फेसबुक र ट्विटरमा अपडेट गरिरहनु भएको छ । तपाईंका औंला मोबाइलको की प्याडमा दौडिरहेका छन्, गुगलमा कुनै सामाग्री खोज्न । तपाईंहरु

जस्तै विश्वविद्यालयको कलिलो विद्यार्थी मार्क जुकरबर्गले फेसबुकको सिर्जना गरी अर्बपतिको पहिलो लहरमा नाम लेखाउँदा उनी जम्मा २३ वर्षका थिए । आज विश्वका एक अर्बभन्दा धेरै मानिसहरु बरु एकछाक छोड्न तयार होलान् तर फेसबुक छोड्न तयार छैनन् । इन्टरनेट सर्च इन्जिनको वादशाह गुगलको स्थापना गर्दा यसका संस्थापकहरु लारी पेज २५ वर्ष र सरगेई ब्रेन २४ वर्षका मात्रै थिए । इन्टरनेट दुनियाँमा उनीहरुले जवर्जस्त शासन गरिरहेका छन् । आज पनि उनीहरु भ्लादिमिर पुटिन, बाराक ओवामा, सि चिनफिङसँगै विश्वका सर्वाधिक शक्तिशाली १० व्यक्तिको हैसियत राख्छन् । यसको अर्थ हो, आजको दुनियाँलाई काबुमा राख्न रसिया, अमेरिका वा चिनियाँ राष्ट्रपति नै हुनुपर्छ भन्ने होइन रहेछ । नयाँ सिर्जनाले पनि उनीहरु बराबरकै हैसियत राख्न सकिन्छ । कुरा, अमेरिका, युरोपको मात्रै होइन, हाम्रा छिमेकी मुलुक चीन र भारतमा ३० वर्षभन्दा कम उमेरमा कर्पोरेट दुनियाँमा आफूलाई स्थापित गर्नेहरुको सूची निकै लामो छ । विवेक नायर र कुनाल शाह यस्तै दुई भारतीय युवा हुन् जसले ३० वर्षभन्दा कम उमेरमा दमास्कस फोर्चुनको कार्यकारी र गोल्डम्यान स्याक्सको प्रवन्ध निर्देशकका रुपमा जिम्मेवारी सम्हालिरहेका छन् । चाई कि, चेन फाङवी, गावो पेङछेङ जस्ता ३० वर्षभन्दा कम उमेरका युवाहरुले चीनका चर्चित इन्टरनेट टेक्नोलोजी कम्पनीका कार्यकारी प्रमुखको हैसियत राख्छन् । ख्याल राख्नुस्, अधिकांश युवाहरुको सफलता सूचना प्रविधिका क्षेत्रमा निकै लोभलाग्दो छ । फोर्ब्सको एक वाक्य म यहाँ उल्लेख गर्न चाहन्छु- *If you want to change the world, being under 30 is now an advantage*. यो मौका नेपाली युवाले गुमाउनुपर्छ भन्ने केही छ र !

- 'तपाईंले यो मौका गुमाउनुभएन ?' यदि मलाई यो प्रश्न सोध्न चाहिरहनुभएको छ भने मेरो उत्तर हुनेछ- अहँ गुमाइनँ ।

म तपाईंहरुसँग मेरो जिन्दगीको बारेमा बताउनु अघि एउटा कथा सुनाउन चाहन्छु- 'सपना' शीर्षकमा । काठमाडौंको रैथाने टोलमा एउटा चकचके, निडर र आत्मविश्वासी केटा थियो । उ आफूलाई काठमाडौंको रैथाने मान्थ्यो, नेवारी भाषा पनि फररर बोल्ने । तर, केही मानिसहरु उसलाई रैथानेको दर्जा दिन हिच्किचाउँथे, कतै आफ्नै भाग खोस्ने हो कि जस्तै गरी ! उसका हजुरबुवाले न्यूरोडमा एउटा कवल भाडा लिएर कपडा पसल चलाउँथे । बाबुले त्यसलाई डिपार्टमेन्टल स्टोरमा रुपान्तरण गरे, अरुण इम्पोरियम नाममा । बाबु चाहन्थे, छोरो त्यही स्टोरभित्र बसेर हिसाब किताव दुरुस्त राखोस् । तर छोरो भने डिपार्टमेन्टल स्टोरलाई कसरी देशकै सबैभन्दा प्रख्यात स्टोर बनाउने भन्ने सपना देख्थ्यो । र, उसले अरुण इम्पोरियमलाई त्यो तहमा पुऱ्याएरै छाड्यो । बाबु चाहन्थे, छोरोले डिपार्टमेन्ट स्टोर धानेर बसोस्, तर छोरो भने डिपार्टमेन्ट स्टोर त छँदैछ नि अब डिस्को खोल्नुपर्छ भन्ने सपना देख्थ्यो र दरबारमार्गतिर दौडिन्थ्यो । आखिर उसले कपर ल्फोर नामको डिस्को खोलेरै छाड्यो । केटोले भर्खर १८ वर्षमा टेकेको थियो, बाबुलाई 'हर्ट एटयाक'ले कमजोर बनायो । र, उसले पारिवारिक बिजनेसको जिम्मेवारी बोक्नुपऱ्यो । त्यसपछि उसले एकपछि अर्को सपना देख्न थाल्यो । यही विराटनगरमा पशुपति विस्कुट र महालक्ष्मी मैदा मिललाई उसले व्यावसायिक ढंगले अगाडि बढायो । एकदिन उसले अलि फरक सपना देख्यो, नेपालमा नुडल्स फ्याक्ट्री स्थापना गर्ने । जबकि त्यतिबेला

नेपालमा नुडल्सका उपभोक्ता एकदमै कम थिए । उसले वाईवाई नामको नुडल्स फयाक्ट्री खोलेरै छाडयो । वाईवाई यति लोकप्रिय बन्दै गयो कि विश्व नुडल्स बजारमा अहिले दुई प्रतिशतको हिस्सा ओगटेको छ । विश्वका ३२ देशमा यसका उपभोक्ता छन् ।

वि.सं. २०५० को दशकमा माओवादी द्वन्द्व उत्कर्षतर्फ लम्किँदै थियो । लगानीकर्ताहरु नेपालमा लगानीको वातावरण समाप्त भयो भन्दै यहाँबाट कुलेलम ठोक्दै थिए । त्यहिबेला केटाले अर्को सपना देख्यो- नेपालमा निजी क्षेत्रबाट अन्तर्राष्ट्रियस्तरको औद्योगिक ग्राम बनाउन सम्भव छ भन्ने । उद्यमी व्यवसायीका नेताहरु सुरक्षा घेरामा रहेर काठमाडौंका पाँचतारे होटलमा नेपालमा लगानीको वातावरण समाप्त भयो भन्दै भाषण गरिरहेका हुन्थे, त्यो केटो भने नवलपरासीमा ८० विगा क्षेत्रफलमा औद्योगिक ग्राम बसाल्न दिनरात खटिइरहेको थियो । माओवादी द्वन्द्व जति चर्किदै थियो, औद्योगिक ग्राममा पनि एकपछि अर्को उद्योग थपिदै थिए । आखिरमा त्यो केटोले दक्षिण एसियाको एउटा नमूना औद्योगिक ग्राम निर्माण गर्ने सपना पूरा गरेरै छाड्यो । त्यहाँ अहिले एउटै कम्पाउण्डभित्र व्यवस्थित रुपमा दर्जनभन्दा धेरै उद्योगहरु दिनरात चलिरहेका छन् । अहिले उक्त औद्योगिक ग्रामको स्याटेलाईटहरु पूर्वमा इनरुवा र पश्चिममा बर्दियामा बनाउने सपना कार्यान्वयन भइरहेको छ ।

एक रात केटाले झनै फरक सपना देख्यो- नेपालमा विदेशी लगानीकर्ताहरु आएर लगानी गर्न हुन्छ भने नेपालीले विदेशमा गएर लगानी गर्न किन हुँदैन ? यो सपनाले केटालाई दिनरात पिछा छोडेन । आखिर उसले निर्णय लिएरै छाड्यो, विदेशी लगानीकर्ता नेपालमा आउन हुन्छ भने नेपाली पनि विदेशमा जान हुन्छ । उसले त्यो दिन बुझ्यो, सपनाको कुनै सीमा हुँदैन । त्यसपछि उसले नेपालमा लगानी विस्तार गरी नै रह्यो र विदेशका सम्भावनाहरुलाई पछ्याउन थाल्यो । आज उसले अमेरिकाको जोन अफ केनेडी इन्टरनेशनल एयरपोर्टको अगाडि शानदार ऱ्याडिसन होटल चलाईरहेको छ । ताज ग्रुपसँगको सहकार्यमा भारत, माल्दिभ्स, श्रीलंका लगायतका मुलुकमा विश्व विख्यात होटलहरुमा साझेदारी गरिरहेको छ । होटल रिसोर्टमा उसले अहिले 'सीजी होटल्स एण्ड रिसोर्ट' नामक आफ्नै अन्तर्राष्ट्रिय ब्रान्ड स्थापित गरिसकेको छ । जसको एसियादेखि अफ्रिकासम्म विस्तार भईरहेको छ । होटल एण्ड रिसोर्ट विस्तारका लागि उससँग मिसन २०२० तयार छ- सन् २०२० सम्ममा विश्वमा २०० होटल स्थापना गर्ने । त्यो मिशन तीव्र रफ्तारमा कार्यान्वयनमा छ ।

आज उसँग पाँचै महाद्वीपमा फैलिएका एक सय ५६ कम्पनी र विश्व विख्यात ८६ ब्रान्ड छन् ।

सन् २०१३ को मार्चमा फोर्ब्सले घोषणा गऱ्यो- उ अब एक मात्र नेपाली डलर अर्बपति बन्यो ।

तपाईंहरुले थाहा पाइसक्नुभयो, त्यो केटा मै हुँ, विनोद चौधरी । चौधरी ग्रुपको अध्यक्ष ।

मसँग मनग्गे पैसा भएर यो सबै सम्भव भएको होइन । सपना देखेर मात्रै सम्भव भएको हो । जतिबेला मैले सपना देख्न सुरु गरँ, त्यतिबेलाको मेरो वित्तीय हैसियत अहिले तपाईंहरुको जस्तो छ सायद् त्योभन्दा खासै फरक थिएन ।

त्यसैले म फेरि भन्छु- सपना देख्नुस् । र, सपनालाई पछ्याउनुस् । पैसाको अभावमा तपाईंको सपना मर्नै सक्दैन ।

व्यवसायको क्रममा म विश्वका विभिन्न देशका सहरहरुमा पुगिरहन्छु । प्रायः सबै सहरमा नेपालीहरुसँग भेट हुन्छ । जब ती नेपाली मलाई भेट्छन्, उनीहरुका अनुहारमा भिन्न प्रकारको उत्साह, जाँगर र आत्मविश्वास भरिएको देख्छु । म उनीहरुको मनोभावना पढ्ने कोशिस गर्छु । सायद, उनीहरुको मनले भनिरहेको हुँदो हो- हामी नेपाली पनि कहाँ कम छौ र ? नेपालमा पनि अन्तर्राष्ट्रियस्तरका कर्पोरेटहरुसँग दाज्न मिल्ने कर्पोरेट हाउस जन्मिसकेको छ । जब मैले विश्वभर छरिएका नेपालीको अनुहारमा यो भावना पढ्न पाउँछु, विश्वको सबैभन्दा उच्च महत्वको पुरस्कार पाए सरह खुसी हुन्छु ।

- आज मलाई तपाईंहरुसँग एउटा कुरा माग्न मन छ । के तपाईंहरु दिन तयार हुनुहोला ? मिल्छ भने मलाई तपाईंहरुले उमेर सापटी दिनुहोस् न ! साँच्चै भनुँ, मलाई अर्को ४० वर्ष यसैगरी द्रुत गतिमा कुद्ने मन छ ता कि नेपालको आर्थिक विकासमा कायापलट गर्न सकियोस् । तर, तपाईंहरु चाहेर पनि उमेर सापटी दिन सक्नुहुन्न होला ? मलाई दिन नमिल्ने यस समयलाई तपाईंहरु आफैले उपयोग गर्न त सक्नुहुन्छ नि । वास्तवमा मलाई तपाईंको उमेर सापटी चाहिएको होइन तर तपाईंबाट आफ्नो यस स्वर्णिम समयलाई खेर फाल्नेछैन भन्ने प्रतिबद्धता भने पक्कै चाहिएको हो । तपाईंहरु आज मसँग यो प्रतिबद्धता व्यक्त गर्न सक्नुहुन्छ, हैन ?

- मलाई पनि मन थियो, विश्वविद्यालय जाने । उच्च शिक्षा हासिल गर्ने । त्यतिबेला मेरो लक्ष्य भनेकै चार्टर्ड एकाउण्टेन्ट (सीए) बन्ने थियो । तर, पूरा भएन । जीवनको लक्ष्य पूरा नहुँदा जो कसैलाई चित्त दुख्छ, मेरो पनि दुखेको थियो । आज फर्केर हेर्दा लाग्छ, म सिए बनेको भए कुनै कम्पनीको उच्च ओहदामा रहेर नाफा नोक्सानको हिसाब किताव गरिरहेको हुने थिएँ । सायद, मेरो जीवनको यात्रा यत्तिमै टुंगिने थियो । तपाईंहरुको विश्वविद्यालयले 'की नोट स्पिकर' का रुपमा आमन्त्रण गरिसकेपछि मैले मानव संसाधन विभागसँग ग्रुपमा नेपालभित्र कार्यरत सिएहरुको विवरण लिएँ । तथ्य हेर्दा एकपटक म आफै रोमाञ्चित भएँ- चौधरी ग्रुपमा अहिले ३५ जना सिए कार्यरत रहेछन् । म अफिसमा एक्लै रहेका बेला आफैसँग प्रश्न सोधें- विनोद ! सिए भएको भए के तिमीले यति संख्यामा सिएहरुलाई जिम्मेवारी दिन पाउँथ्यौ ? अहिले चौधरी ग्रुपमा १० हजारभन्दा धेरै प्रतिस्पर्धी क्षमताका कर्मचारीहरुको नेतृत्व गर्न पाउँदा मलाई निकै सन्तोष मिल्छ । कहिलेकाहीं जीवनको एउटा ढोका बन्द हुँदा सयौं ढोका खुल्दा रहेछन् ।

- म तपाईंहरुलाई उद्यमी बन्न प्रोत्साहित गर्छु । अर्थात्, रोजगारदाता बन्नुस् । देशको आवश्यकता यही हो । राजनीतिक वा सामाजिक आँखाबाट हेर्दा देखिने देशका तमाम समस्याको समाधान भनेकै देशमा बढीभन्दा बढी लगानी गर्नु हो । र, त्यो लगानीबाट प्राप्त हुने मुनाफालाई पुनः लगानी नै गर्नु हो । उच्चदरको आर्थिक वृद्धिदर हासिल गर्नु हो । देशको युवा जनशक्ति उद्यम व्यवसायमा केन्द्रित हुने हो भने नेपालमा दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गर्न गाह्रो छैन । प्रत्येक नेपालीको मासिक आम्दानी २० हजार रुपैयाँ पुऱ्याउन पनि गाह्रो छैन । तर,

प्रत्येक दिन १५ सय युवालाई वैदेशिक रोजगारीमा पठाएर यो उपलब्धि हासिल गर्ने कल्पना भने नगरे हुन्छ । किनभने कुनै पनि देशको विकासका मेरुदण्ड भनेकै युवा जनशक्ति हो जसलाई नेपालको आर्थिक विकासको अभिन्न अंगका रुपमा उपयोग गर्नैपर्छ ।

- एक कदम अगाडि बढेर मेरो सुझाव छ- अब तपाईंहरु सामाजिक व्यवसायी (सोसल बिजनेस) बन्ने बाटोमा अग्रसर हुनुपर्छ । यस्तो बिजनेस जहाँ तपाईले सिर्जनशील व्यावसायिक सोच कार्यान्वयन गरिरहदा समाज प्रत्यक्ष रुपमा लाभान्वित होस् । र, यी व्यवसाय विस्तार हुँदै जाउन् । जसका कारण धेरैभन्दा धेरै नेपाली युवाहरु उद्यमी बन्न सकून् । म अहिले नेपालमा सोसल बिजनेस कार्यान्वयनमा केन्द्रित भईरहेको छु । चौधरी ग्रुपले नेवेल पुरस्कार विजेता प्रो. मोहम्मद युनुसले अगाडि सारेको सोसल बिजनेसको अवधारणालाई नेपाली समाजमा लागू गर्दैछ । यसका लागि चौधरी ग्रुप र लायन्स क्लब इन्टरनेशनलले सहकार्य गरिरहेका छौं । हाम्रा चारवटा पाईलट प्रोजेक्टहरु जुम्लामा सुरु हुँदैछन् भने सुदूर-पश्चिमाञ्चल र मध्य-पश्चिमाञ्चलका २४ जिल्लामा विस्तारको प्रकृया सुरु भइसकेको छ । सोसल बिजनेसका लक्षित समूह तिनै युवा हुन् जोसँग बिजनेसका सिर्जनशील सोच भएर पनि पूँजीको अभावमा त्यसै खेर गईरहेका छन् । त्यस्ता युवामाथि हामी लगानी गर्छौं र उनीहरुलाई उद्यमी बनाउछौं । मेरो सपना पाँच वर्षभित्र पाँच हजार युवालाई उद्यमी बनाउनुपर्छ भन्ने छ । तपाईंहरु पनि यसको हिस्सेदार बन्न सक्नुहुनेछ ।

- तर सोसल बिजनेसको उद्देश्य दान दिनु भने कदापि होइन । दान बाँडेर सामाजिक समस्याहरुको समाधान हुन्छ, गरिबीको अन्त्य हुन्छ भन्ने कुरामा मेरो पटक्कै विश्वास छैन । आजको विश्वमा रहेको सम्पूर्ण सम्पत्ती सात अर्ब जनसंख्यालाई दामासाहीको रुपमा बाँड्यो भने विश्वका सबै मानिस धनी हुन्छन् । कोही पनि गरिब हुनु पर्दैन । तर, पाँच वर्षपछि ती सबै मानिस गरिब हुनेछन् जो आज गरिब छन् । र, तिनै मानिस धनी हुनेछन् जो आज धनी छन् । किन ? आज जति पनि मानिस धनी भएका छन्, कर्मशिल भएकै कारण धनी भएका हुन् । जो कर्मशिल छैनन्, उनीहरुलाई पैसाको भारी बोकाईदिए पनि एकदिन गरिबीमै झर्छन् । त्यसैले माछा दिएर हैन, माछा मार्ने कला सिकाईदिएर मात्रै गरिबीको अन्त्य गर्न सम्भव छ भन्ने कुरामा मलाई पूरै विश्वास छ । सोसल बिजनेसको उद्देश्य ठीक यही हो ।

- सफल उद्यमी, व्यवसायी बन्नका लागि केही निश्चित नियमहरु पालना गर्नैपर्छ । म यहाँ तपाईंहरुलाई १० वटा बुँदामा 'बिजनेस मन्त्र' दिन चाहन्छु । जसलाई मैले मेरो आत्मकथामा विस्तृत रुपमा प्रस्तुत गरेको छु ।

१. उच्च महत्वाकांक्षा

२. संगठन निर्माण

३. हार नखानुस्

४. बजार चेत

५. नकारात्मक सोच्नुको फाईदा

६. व्यग्रता नेगोसिएसनको शत्रु

७. सफलताले सफलता पछ्याउँछ

८. खर्च घटाउनुस्

९. अनुशासन

१०. अपडेट रहनुस्

- यसको मतलब तपाईंहरु बिजनेस बाहेक अन्यत्र नजानुस् भनेको होइन । आफूले के गर्ने र के बन्ने भन्ने तपाईंको आफ्नै निर्णय सबैभन्दा महत्वको हो । अन्योलमा पर्नुभयो-आफैसँग सोध्नुस् । जे उत्तर आउँछ त्यही गर्नुस् । तर जे गर्नुछ, तन, मन, बचनका साथ गर्नुस् । लक्ष्य निर्धारण गर्नुस् र आफैलाई पटक पटक जाँच्नुस् । यसो गर्नुभयो भने अरुले जाँच्दा तपाईं कहिल्यै फेल हुनु पर्नेछैन । तपाईंहरुमध्ये अधिकांशका बाबुआमा छोराछोरी सरकारी सेवामा जाउन् भन्ने चाहना राख्नुहुन्छ । सरकारी सेवामा जान चाहने आजको पुस्ताले वर्तमान कर्मचारीतन्त्रको कार्यशैली परिवर्तन गर्ने लक्ष्यका साथ त्यहाँ प्रवेश गर्नुहोस् भन्ने मेरो शुभेच्छा छ । सजिलो गरी पैसा कमाउने अड्डाहरु ताक्नुको साटो कसरी समग्र कर्मचारीतन्त्रको तलब पाँचगुणा वृद्धि गर्न सकिन्छ भन्ने सोच सहित त्यहाँ जानुस् । यति मात्रै सोच्नुस् त, तपाईंको तलब पाँच गुणाले वृद्धि हुँदा नेपाली समाजको आर्थिकस्तर कुन तहमा पुगेको हुनेछ ? तपाईंले आफ्नो तलब पाँच गुणाले बढाउने लक्ष्य पूरा गर्न देशको अर्थतन्त्रको विस्तार कम्तिमा तीन गुणा गराउनु पर्ने हुन्छ । त्यो दिन तपाईंको तलब त बढ्छ नै, नेपालको पहिचान पनि विकासशील मुलुकका रुपमा हुनेछ । तपाईं चाहे प्राध्यापक बन्नुस्, चाहे कलाकार, चाहे वकिल बन्नुस् वा पत्रकार जहाँ भएपनि आखिर हामीले सोच्ने तरिका भने यस्तै हुनुपर्छ जहाँ देशको आर्थिक विकास पहिलो प्राथमिकतामा रहोस् ।

- आज म तपाईंहरुलाई गल्ती गर्नका लागि प्रोत्साहित गर्छु । तर, सही उद्देश्य प्राप्तीका लागि । गल्ती त्यसले मात्रै गर्छ जसले नयाँ सिर्जनाका लागि आफैंलाई परीक्षणको भट्टीमा हाल्न तयार हुन्छ । त्यसैले तपाईंहरुले पनि आजैका दिनदेखि गल्ती गर्न सुरु गर्नुस् । जब गल्ती गरेको थाहा हुन्छ, त्यसलाई सच्च्याउनुस् । गल्ती जीवनको सबैभन्दा ठूलो शिक्षा हो । गल्ती प्रगतिको सूचक हो । गल्ती गर्नु कुनै गल्ती होइन । गल्तीबाट पाठ नसिक्नु चाहीं गल्ती हो । भनिन्छ

नि- सच्याएको गल्ती विलाएर जान्छ । तर, लुकाएको गल्ती कुहिन थाल्छ । तपाईंले गल्ती गर्न सुरु गर्नुस् । यसको अर्थ हो तपाईंले प्रगति गर्न थाल्नुभयो ।

- तपाईंहरु भाग्यवादमा कति विश्वास राख्नुहुन्छ ? म भने केही विश्वास अवश्यै राख्छु । जब दत्तचित्त भएर काम गरिन्छ, त्यसमा अलिकति भाग्य पनि मिसियो भने सुनमा सुगन्ध नै हुन्छ । एकपटक प्रख्यात पण्डित राधाकृष्णनलाई सोधिएको थियो- तपाईं भाग्यलाई कसरी लिनुहुन्छ ? उहाँले सुन्दर उदारहण प्रस्तुत गर्नुभयो- तासको गड्डीबाट थुत्दा जुन जुन तास आए ती तपाईंको भाग्यले आए । तर, थुतेका तासहरु मिलाएर जे बनाउनुभयो त्यो तपाईंका कर्मले बनाउन सक्नुभयो । मानिसले ठीकैका तास आएर पनि जित्न सक्छ र राम्रा तास आएर पनि हार्न सक्छ । तर, हार्ने मान्छेले जहिले पनि तासलाई नै दोष दिन्छ । मेरो सल्लाह, तपाईंले आफ्नो वर्तमान अवस्थालाई दोष नदिनुस् । पहिले कर्म गर्नुस् अनि भाग्यको आशा गर्नुस् । तपाईं जतिसुकै भाग्यमानी हुनुहोला, डोकोमा दूध दुहिन थाल्नुभयो भने अवश्यै अडिँदैन ।

- आज तपाईंहरुका बाबुआमा यहाँ उपस्थित हुनुहुन्छ, तपाईंहरुको अनुहारमा भरिएको खुसी हेर्न । उहाँहरुले आजसम्म पनि तपाईंहरुको अनुहार कुनै दिन मलिनो होला कि भनेर आफ्ना सारा सुखहरु त्याग्नुभयो । थाहा छ- अब तपाईंहरुको पालो सुरु भयो, आमाबाबुको अनुहारमा खुसी भर्ने । संझिनुस् त, अबको १० वर्षमा तपाईंहरुले आफ्ना प्रियतम, बालबच्चा र आमा बाबुका लागि एकैसाथ खुसी दिन सक्नुपर्नेछ । कलेजका असाईन्मेन्टहरु पूरा गरेर तपाईं आज दिक्षित हुनुभयो । कम्तिमा एक दशकका लागि एकमुष्ठ रुपमा यो मेरो असाइन्मेन्ट तपाईंहरुका लागि । यो असाइन्मेन्ट मलाई देखाइरहनु पर्दैन । आफैले चेक गर्नुहोला । आमाबाबु, आफ्नो प्रियतम र बालबच्चाको अनुहारमा हेर्नुहोला । उनीहरुका अनुहार खुसी छन् भने तपाईं आफ्नो जीवनमा पनि दिक्षित हुनुभयो ।

धन्यवाद !

३० फागुन, २०७१

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन केन्द्रीय विभागद्वारा आयोजित अन्तर्क्रियामा मेरो मन्तव्य



विश्वविद्यालयका गुरूज्यूहरू,

प्रिय विद्यार्थी भाइ-बहिनीहरू

- त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन केन्द्रीय विभागलाई धन्यवाद दिन्छु जसले आज मलाई यस विश्वविद्यालयका सयौं विद्यार्थी भाइ-बहिनीहरूसँग अन्तर्क्रिया गर्ने अवसर उपलब्ध गराएको छ ।
- सर्वप्रथम म आफ्नै बारेमा केही कुरा सेयर गर्न चाहन्छु । मैले भक्तपुरस्थित सरकारी विद्यालय आदर्श माध्यमिक विद्यालयमा माध्यमिक तहको अध्ययन गरेको हुँ । हामी विद्यालय जाने समय र भक्तपुरका किसानले काठमाडौँमा तरकारी बेचेर फर्किने समय एउटै पर्थ्यो । रत्नपार्क-भक्तपुर रूटमा चल्ने पब्लिक बसमा भिडाभिड हुन्थ्यो । म सानो फुच्चेले बसमा कसरी सिट पाउनु ! अनि एउटा चुक्ति लगाएँ- बस आउनासाथ ड्राइभरको सिटसँगैको सिटबाट झोला फुत्त सिटमा फ्याँक्ने

अनि टायरमा टेकेर झ्यालबाट भित्र छिर्ने । यो उपाय कामयावी सावित भयो । मैले तरिका अपनाएर विद्यालय शिक्षा पूरा गरेँ । के यस्तो दुःखका साथ पढेको केटो एसएलसी बोर्डमा आउन सम्भव होला ? तपाईंहरूको सविनय जानकारीका लागि म एसएलसी बोर्डमा 'टप फाइभ'मा आएको थिएँ ।

- मैले त्रिभुवन विश्वविद्यालयअन्तर्गतकै सरस्वती बहुमुखी क्याम्पस, ठमेलमा अध्ययन गरेको हुँ । क्याम्पसको माहौल यस्तो थियो कि गए पनि हुने नगए पनि हुने । पढें पनि हुने नपढें पनि हुने । क्याम्पस राजनीतिको अखडा बनेको थियो ।

- आज म ४५ वर्षपछि त्रिभुवन विश्वविद्यालयमा फर्किएको छु । त्यतिबेला सरस्वती क्याम्पसमा पढ्दै गर्दा मैले थाहै नपाई मेरो पढाइ छुटेको थियो । मेरो डिग्री छुटेको थियो । आज म मेरो विश्वविद्यालयमा डिग्री लिन फर्किएको छु... ! यसबीचमा मैले व्यवसायिक दुनियाँका धेरै विश्वविद्यालयहरूमा अध्ययन गरेँ । ती विश्वविद्यालयहरूमा मैले आफुलाई राम्रै विद्यार्थीका रुपमा आफुलाई स्थापित गरेको छु जस्तो लाग्छ । सम्माननीय गुरूवर, यदि तपाईंमाथि विश्वविद्यालयको कानून उल्लंघन गरेको अभियोग लादैन भने मलाई त्यतिबेला छुटेको मेरो डिग्रीको सर्टिफिकेट दिएर पठाउनुहोला ! मिल्दैन भने मलाई मेरो विश्वविद्यालयमा यसरी मेरा जुनियरहरूसँग अन्तक्रिया गर्ने अवसर प्रदान गर्नुभयो म यहाँहरूको यहि मायालाई नै मेरो डिग्री सम्झिने छु । यसलाई मेरो मनको भित्तोमा सुन्दरताका साथ सजाएर झुण्डयाउनेछु !

- केही दिनअघि म बेलायतको अक्सफोर्ड विश्वविद्यालयका विद्यार्थीहरूलाई सम्बोधन गर्दै थिएँ- अक्सफोर्ड विश्वविद्यालयले बिजनेसम्यान बनाउछ भन्ने विश्वास राखेर तपाईंहरू यहाँ अध्ययन गरिरहनु भएको छ भने त्यो भ्रमबाट अहिले नै मुक्त हुनुस् । अक्सफोर्डको प्रमाणपत्र तपाईं बिजनेसम्यान भएको लाईसेन्स होइन । मलाई भन्न सक्नुहुन्छ- यस विश्वविद्यालयमा पढेका कतिजना तपाईंका सिनियरहरूको नाम फोर्ब्स बिलेनियर सूचिमा छ ? यदि यो विश्वमा नाम चलेका विश्वविद्यालयमा पढेका विद्यार्थीहरू मात्रै सफल बिजनेसम्यान हुन्थें भने मेरो नाम फोर्ब्स अर्बपतिको लिस्टमा कहिल्यै पर्ने थिएन । किनभने मैले नेपालको त्रिभुवन विश्वविद्यालयमा अध्ययन गरेको हुँ । र, मेरो विश्व विश्वविद्यालय विश्वका चर्चित विश्विद्यालयमाको सूचिमा पर्दैन ।

- तपाईंहरूमध्ये केहीलाई लागिरहेको होला- विश्वमा नाम चलेका विश्वविद्यालयमा पढ्न पाइँन । त्यसैले जीवनमा सफलता हासिल गर्न गाह्रो छ । त्रिभुवन विश्वविद्यालयमा अध्ययन गरेर उच्चतम सफलता हासिल गर्ने सपना देख्न सकिदैन । यदि यस्तो सोंचिरहनुभएको छ भने तपाईं बिल्कुल गलत सोंचिरहनु भएको छ । आजको दुनियाँमा ज्ञानको एकाधिकार अमेरिका वा बेलायतका कुनै अमूक विश्वविद्यालयमा सिमित छैन । आजको दुनियाँमा नयाँ सिर्जना, नयाँ बिजनेस आइडिया वा नयाँ सेवाका सोचहरूमा कुनै अमूक विश्वविद्यालयको एकाधिकार रहन सक्दैन । कुनै अमूक देशको एकाधिकारको जमाना अब रहेन । र, कुनै अमूक अमूक व्यवसायिक पृष्ठभूमिका परिवारको पनि केही चल्दैन । आजको दुनियाँमा केही कुराले अर्थ राख्छ भने त्यो हो सपना देख्न सक्ने

तागत । सपनालाई पछ्याउन सक्ने धैर्यता । र, सपना सकार बनाईछाड्ने दृढ इच्छाशक्ति । कुनै विश्वविद्यालय, कुनै भूगोल वा कुनै रोयल र विजनेस फ्यामलीको लिगेसीमा जोडिदैमा मात्रै केही हुनेवाला छैन ।

- त्यसैले अमेरिका, बेलायत वा युरोपका विश्वविद्यालयमा पढ्न पाइनँ भन्ने गुनासो छ भने त्यसलाई आज यही हलमै छाडेर निस्किनुहोला । तपाईंले कुन विश्वविद्यालयमा पढ्नुभयो भन्ने कुराले खास अर्थ राख्दैन । तपाईंले आफुलाई जीवनमा कुन हैसियतमा स्थापित गर्ने सपना देख्नुभएको छ भन्ने कुराले मात्रै खास अर्थ राख्छ । तपाईंको यो उमेर आफ्नो भविष्यको सपना देख्ने उमेर हो । त्यसैले सपना देख्नुस् । र, सपनालाई पछ्याउनुस् । जबसम्म त्यो साकार हुँदैन ।

- विद्यार्थी भाइ-बहिनीहरू,

- तपाईंहरूले पक्कै पनि अमिर खानका चलचित्र 'तारे जमिन पर' र 'थ्री इडियट्स' हेर्नुभएकै होला । यी चलचित्रमार्फत उनले सन्देश दिएका छन्- परीक्षामा दिइने प्रश्नपत्रको उत्तर घोकेर विद्यार्थीले उच्च अंकले भरिएको प्रमाणपत्र पाउन सम्भव छ । तर, त्यो प्रमाणपत्र प्राप्त व्यक्तिले ज्ञान प्राप्त गरेको छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । अमिर खानले आफैलाई उदारहण दिदै भनेका छन्- आम मानिसले मलाई राम्रै कलाकारको दर्जा दिएका छन् । तर, कसैले मलाई तँ राम्रो कलाकार भएको प्रमाण के छ भनेर सोध्यो भने म सँग राम्रो कलाकार हुँ भनेर प्रमाणित गर्ने कुनै प्रमाणपत्र म सँग छैन । यस्तो प्रमाणपत्र मलाई कसैले दिएको पनि छैन ।

यदि यही प्रमाण कसैले मसँग माग्यो भने मैले आफूलाई सफल बिजनेसम्यान हुँ भनेर देखाउन कुनै प्रमाणपत्र म सँग पनि छैन ।

प्रमाणपत्र एउटा गोरेटोबाट नयाँ राजमार्गलाई जोड्ने पुल अवश्य पनि हो । तर, यो आफैमा सफल जीवनको पर्याय भने होइन । जसले जति राम्रो अंक ल्याएर डिग्री प्राप्त गर्नु भएको छ तपाईंले त्यति नै धेरै मेहनत गरेर आफुलाई आफैले प्रमाणित गर्न पनि बाँकी छ ।

तपाईंहरूले प्राप्त गर्नु भएको प्रमाणपत्रले त्यहि दिन मात्रै इज्यत पाउनेछ जुन दिन तपाईंले यो समाजमा अरूलेभन्दा नयाँ, अरुलेभन्दा राम्रो र अरुलेभन्दा फरक तरिकाले काम गरेर आफुलाई आफैले प्रमाणित गर्नुहुनेछ । उच्च अंकले भरिएको प्रमाणपत्र आफैले तपाईंको भविष्यको ग्यारेन्टी गर्न सक्दैन । तर, त्यसले तपाईंलाई थप नयाँ काम गरेर आफैले आफैलाई प्रमाणित गर्न प्रोत्साहन भने पक्कै पनि गर्नेछ ।

यो दुनियाँका सबै विश्वविद्यालयहरूले 'टिचिङ' गरिरहेका छन् । तर हामीलाई 'लर्निङ' चाहिएको छ ।

- तपाईंमध्ये कति जनाले २५ वर्षको उमेरको लक्ष्य निर्धारण गर्नु भएको छ जतिबेला तपाईंहरूलाई विश्वविद्यालयले विदाई गरिसकेको हुनेछ ?

  फोर्ब्सले विश्वभरका सफलताका स्टोरीहरूको रिसर्चबाट भनेको छ- ३० वर्षभन्दा कम

उमेर सफलता हासिल गर्न सबैभन्दा उपयुक्त समय हो । आज 'डिजिटल वर्ल्ड'को युग हो । सूचना प्रविधिका सिर्जनशील सोचहरू कार्यान्वयनमा ल्याउने सबैभन्दा उत्तम समय ३० वर्षभन्दा कम उमेर हो ।

म तपाईंहरूका अगाडि पाँच जना यस्ता व्यक्तिहरूको नाम लिन चाहन्छु जो आफ्नै बलबुँतामा ३० वर्षभन्दा कम उमेरमा डलर अर्बपति बनेका थिए ।

१. केली जेनर

फोर्ब्सको यस वर्षको अर्बपतिको लिस्टमा २१ वर्षे एकजना केटीको नाम समावेश छ- केली जेनर । उनी सबैभन्दा कान्छि अर्बपति हुन् । तीन वर्षअघि उनले कस्मेटिक बिजनेस शुरु गरेकी थिइन् । टेलिभिजनमा रियालिटी शो कार्यक्रम चलाउँछिन् । मोडलिङ गर्छिन् । उनी सेल्फ मेड अर्बपति हुन् । आफ्नै प्रयासबाट यति सानो उमेरमा उनी विश्वका अर्बपछि क्लबमा ज्वाइन गरेकी छन् ।

२. सर्गेयी ब्रेन

उनी गुगलका सह-सस्थापक हुन् । गुगलको स्थापना गरि अर्बपति क्लबमा प्रवेश गर्दा उनी ३० वर्षका मात्रै थिए । अहिले उनी विश्वका १४औं धनी व्यक्ति हुन् करिब ५० अर्ब डलरका साथ ।

३. प्याट्रिक कोलिसन

प्याट्रिक कोलिसनले अनलाईन पेमेन्ट कम्पनी 'स्ट्राईप'को स्थापना गरि अर्बपतिको सूचिमा नाम लेखाउदा २८ वर्षका मात्रै थिए । आज उनको कम्पनी २२ अर्ब डलरको छ ।

४. बबी मर्फे

बबी मर्फे स्न्यापच्याटका सह-सस्थापक हुन् । २७ वर्षको उमेरमा उनी डलर अर्बपति बनेका थिए । हाल उनी २ अर्ब डलरका मालिक हुन् ।

५. मार्क जुकरबर्ग

मार्क जुकरबर्गले २३ वर्षको उमेरमा फेसबुकको सिर्जना गरी अर्बपति क्लबमा प्रवेश गरेका थिए । आज उनी ६२ अर्ब डलरका साथ विश्वका आठौं धनी व्यक्ति हुन् ।

मलाई थाहा छ- तपाईंहरू सबैजना फेसबुक चलाउनुहुन्छ । मलाई यो पनि थाहा छ कि तपाईंहरूमध्ये धेरैले अहिले मलाई लाईभ गरिरहनु भएको छ । फेसबुकका सिर्जनाकार मार्क जुकरवर्क हुन् भन्ने पनि तपाईंहरू सबैलाई थाहा छ ।

तर तपाईंहरूलाई के थाहा नहुन सक्छ भने उनका बाबुआमा अर्बपति थिएनन् । उनका बाबुआमाले जुकरबर्गलाई लगानी गर्न अर्बौं डलर दिएका कारण उनी विश्वका टप फाइभ अर्बपति बनेका होइनन् । उनका बाबु सामान्य डेन्टिस्ट थिए ।

- म विश्वका छैठौँ धनि अमान्सियो ओर्टेगाको बारेमा पनि केही बताउन चाहन्छु ।

उनी सन् १९३६ मा स्पेनको उत्तरपश्चिममा जन्मिए ।

उनका बाबु रेलवे र रोडमा मजदुरको काम गर्थे । उनकी आमा सामान्य हाउस वाइफ थिइन् ।

परिवार गरिबीको चपेटामा थियो । परिवारको खर्च चलाउन गाह्रो भएपछि १३ वर्षको उमेरमा उनले एउटा कपडा पसलमा काम गरे ।

त्यही गरिब केटा अहिले विश्वको छैठौं नम्बरको अर्बपति छन्, ७० अर्ब डलरका साथ । आजको फेसन दुनियाँको वादशाह ! उनी विश्वविख्यात इन्डिटेक्स कम्पनीका मालिक हुन् जसले विश्वभर 'जारा फेसन चेन' चलाईरहेको छ । विश्वभरका प्रमुख ७५०० सहरहरूमा उनका स्टोर्स छन् । म्याड्रिड, वार्सिलोना, लन्डन, सिकागो, मियामी, न्यूयोर्क लगायत सहरमा रियल स्टेट कारोबार फैलिएको छ ।

स्रोत छैन भन्दै टोलाएर बसेको भए के उनीहरूले यो उपलब्धि हासिल गर्न सम्भव हुन्थ्यो ? तपाईंहरूका बुवा किसान हुनुहोला । शिक्षक हुनुहोला । सानोतिनो व्यवसाय चलाइरहनु भएको होला । गाडी चालक हुनुहोला वा कोही वेरोजगार नै पनि हुनुहोला । तर म निश्चिन्तका साथ भन्न सक्छु तपाईंहरूका बुबा अमान्सियो ओर्टेगाको बुबाभन्दा खराब हालतमा हुनुहुन्न ।

आजको विश्व सूचना प्रविधिका नयाँ नयाँ प्रयोगबाट रातारात तरक्की गरेको समय हो । एउटा नयाँ उपलब्धिले दोस्रो दिन विश्वबजार हल्लाउने र तेस्रो दिनमै अर्बपति क्वलमा सामेल हुने समय हो । तपाईंहरुलाई थाहा छ, यसको सबैभन्दा ठूलो फाइदा कसले उठाईरहेका छन् । फोर्ब्सको अध्ययनले भन्छ ३० वर्षभन्दा कम उमेरका युवाहरुका लागि यो स्वर्णयुग हो । मैले यो हलमा त्यही स्वर्णयुगका हकदार युवाहरु नै देखिरहेको छु ।

- तपाईंहरूलाई लाग्न सक्छ- उनीहरू विकासित समाजमा जन्मिएका थिए । विकसित देशमा हुर्किएका थिए । त्यसो भए म तपाईंहरूसँग थप एउटा कथा सेयर गर्ने अनुमति चाहन्छु ।

युक्रेनको विकट गाउँमा जन्मिएका थिए जोम कोउम । उनका बाबुआमा गरिब थिए । गरिबीबाट छुटकारा पाउने आशामा उनकी आमासँगै उनी क्यालिफोर्निया बसाई सरेका थिए । जहाँ उनले एउटा ग्रोसरी स्टोरमा भुईं पुछ्ने काम गर्थे । बाल्यकालमै उनका बाबुआमाको निधन भयो ।

उनी सफाई मजदुरको काम गर्थे तर उनलाई कम्प्युटर प्रोग्रामिङमा रूचि थियो । उनले फेसबुकमा जागिर खान धेरै पटक प्रयास गरे तर फेसबुकले उनलाई पत्याएन ।

सन् २००९ मा उनले आई फोनमा आफ्नो ध्यान केन्द्रित गरे र कल्पना गरे कि यस मोबाइल फोनमा एउटा यस्तो एप आवश्यक छ जसमा मानिसहरू लाईभ च्याट गर्न सकून् । यसका माध्यमद्वारा फोटो, भिडियो सेयर गर्न सकून् र फाईलहरू आदान प्रदान गर्न सकून् । यो कल्पना साकार पार्न उनी दिनरात भिड्न थाले र परिणामतः ह्वाट्सएपको जन्म भयो जो ठयाक्कै उनले सोचेजस्तै थियो । जब आईफोनमा ह्वाट्सएप डाउनलोड हुन थाल्यो मानिसहरू यसप्रति निकै आकर्षित भए । सयौं, हजारौं हुदै आज डेढ अर्ब मानिसले ह्वाट्सएप चलाउँछन् ।

ह्वाट्सएपको लोकप्रियता चुलिँदै गएपछि मार्क जुकरबर्गले यसलाई पनि आफ्नो स्वामित्वमा लिने

योजना बनाए । कुनै दिन सामान्य जागिरका लागि अस्विकार गरेको त्यो युक्रेनी केटा जोन कोउमलाई सन् २०१४, फ्रेब्रुअरीको एक दिन आफ्नै घरमा डिनरका लागि आमन्त्रण गरे । र, १९ बिलियन डलरमा ह्वाट्सएप खरिद गरे । जोन कोउम फेसबुकको बोर्ड अफ डाइरेक्टरमा नियुक्त भए ।

के म सोध्न सक्छु- जोन कोउमकोभन्दा तपाईंहरुको परिस्थिति के कारणले खराब छ ? वा युक्रेनमाभन्दा नेपालमा तपाईंले खराब हालतमा जीवन बिताउनुपरेको छ ? यहाँ केही चिजको आवश्यकता छ भने मात्रै नयाँ सोचको । कल्पनाको । सपनाको । बाँकी सबै तपसिलका बिषय हुन् ।

एउटा कल्पनालाई सार्थक बनाउदाको दिन अर्बपति बन्न सक्ने समयमा तपाईंहरु जन्मिनुभएको छ । मेरो समयमा यत्ति उपलब्धि हासिल गर्न जीवनभर घोटिनुपरेको छ ।

भूगोल, पैसा र समयलाई दोष दिएर उम्किन खोज्नु भनेको आफैंले आफैंलाई धोका दिनुबाहेक केही होइन । केही नगर्नका लागि हजारौं कारणहरू खोज्न सकिन्छ । हजारौं बहानाहरू सिर्जना गर्न सकिन्छ । तर केही गरेर देखाउनका लागि सपना देख्नुपर्छ । र, त्यो सपनालाइ पछ्याईरहनुपर्छ जबसम्म त्यो पूरा हुदैन ।

त्यसैले सिर्जनशील बनौं । कल्पनासिल बनौं । टेक्नोलोजीलाई आफ्नो प्रिय साथी बनाऔं । एउटा कल्पनाको सार्थकतामा परिणत हुदा अर्बौं डलरमा परिणत भएका धेरै उदारहण छन् ।

हामीलाई के लाग्छ भने नेपालीले केही गर्न सक्दैनन् । हामीमा अलि गहिरै गरि यो छाप परेको छ ।

जब हामीले युरोपको सर्वियामा वाईवाईको प्लान्ट लगाउदै थियौं, त्यहाँ रहेका नेपालीहरूमा यो खबर पुगेछ । सुरुमा त उनिहरूले पत्याएनछन्- कहीं नेपालीले युरोपमा आएर उद्योग खोल्न सम्भव छ ?

जब यो खबर वास्तविक हो भन्ने उनीहरुले थाहा पाए त्यहाँका नेपाली सोध्दै खोज्दै हाम्रो प्लान्ट लगाईरहेको ठाउँमा आईपुगे । जब उनीहरूले एउटा नेपालीले युरोपमा उद्योग स्थापना गरिरहेको आफ्नै आँखाले देखे उनीहरूको अनुहार गर्वले प्रफुल्लित देखियो । उनीहरूले नेपाली हुनुमा साँच्चिकै गौरवान्वित महसुस गरे ।

विश्वभर उद्यम व्यवसाय फैलाउँदै गर्दा मलाई सबैभन्दा अभिप्रेरित केही कुराले गरिरहेको छ भने तत्तत् ठाउँमा भेटिने नेपालीको अनुहारमा उम्लिने खुसी नै हो ।

आज सर्वियामा वाईवाई सफलताका साथ उत्पादन भइरहेको छ । युरोपियन बजारमा वाईवाईले आफ्नो हिस्सा बढाउदैछ । नेपाली स्वाद युरोपियनको भान्सा भान्सामा पुगेको छ ।

हामीले युरोपियन स्वादलाई आफ्नो भान्सामा धेरै स्वागत गरिसक्यौ अब युरोपियनले पनि नेपाली स्वाद नचाखि सुख नपाउने दिन आएका छन् ।

वाईवाई युरोपभर फैलिदैछ । युरोपभर फैलिएर रहेका नेपालीहरूको अनुहारमा खुसि भर्दै ।

वाईवाई इजिप्टबाट उत्पादन हुदैछ । काजकस्तानबाट उत्पादन हुदैछ । बंगलादेशबाट उत्पादन सुरु भईसकेको छ ।

एउटा नेपाली ब्रान्ड हिमालयको सिमा नाघ्दै विश्वभर फैलिदै छ ।

न्यूयोर्क, टेक्सस वा लस एन्जलसमा बस्ने नेपालीको भान्सामा जब वाईवाई पाकिरहेको हुन्छ मित्रहरूले वाफ फैलिदै गरेको वाईवाई सुपको भिडियो मेरो ह्वाट्सएपमा पठाइदिनुहुन्छ ।

अमेरिकी भूमिमा एउटा नेपाली ब्रान्ड भान्सामा पाउँदाको खुसी हो यो ।

२०४० को दशकमा नेपालमा वाईवाईको एउटा सानो प्लान्ट राख्ने योजना बनाईरहदा मलाई विज्ञहरूले सिधै भनेका थिए- तिम्रो निर्णय गलत साबित हुनेछ । मैले उनीहरुका सुझाव सुनिरहँ तर निर्णय आफ्नो लिएँ ।

बितेको ३५ वर्षमा नेपालमा ८ वटा वाईवाईका प्लान्ट स्थापना भएका छन् । वाईवाई भारतीय बजारमा ३० प्रतिशत हिस्सा सहित दोस्रो ठूलो नुडल्स ब्रान्ड बनेको छ । भारतभर फैलिएका करिब एक दर्जन प्लान्टबाट अहिले वाईवाई उत्पादन हुन्छ ।

विश्व नुडल्स बजारमा वाईवाईको हिस्सा करिब ३ प्रतिशत पुगेको छ । छिट्टै कम्तिमा ५ प्रतिशत पुऱ्याउने हाम्रो लक्ष्य अनुसार काम भइरहेको छ ।

अब तपाईंहरूले थाहा पाउनुभयो- नेपालीले केही गर्न सक्दैनन् भन्ने कुरा म किन पत्याउदिन ?

- सिजी हस्पिटालिटीले आज विश्वभर फैलिएका १२५ होटल संचालन गर्छ- अमेरिकादेखि अफ्रिका, फिलिपिन्स, दुवई, मालदिभ्स, श्रीलंका र नेपालसम्म फैलिएका । सन् २०२० भित्र विश्वभर २०० होटल स्थापना गर्ने लक्ष्य छ ।

तपाईंहरूलाई लाग्ला, सिजी हस्पिटालिटीको मुख्यालय लन्डनमा होला । नभए सिंगापुरमा होला । यसका मुख्य कार्यकारी कुनै अमेरिकी नागरिक होलान् !

यो कम्पनीका मुख्य कार्यकारी नेपाली नागरिक हुन् ।

अब थाहा पाउनुभयो मैले नेपालीले केही गर्न सक्दैनन् भन्ने कुरा किन पत्याउदिन !

यहाँ हलमा रहनु भएका युवाले भोली यस्ता वर्ल्डक्लास कम्पनीको जिम्मेवारी लिनेछन् भन्नेमा मलाई अलिकति पनि द्विविधा छैन ।

नेपालीको परम्परागत मेहनती बानी र इमान्दारितामा अब आधुनिक शिक्षा, टेक्नोलोजी र विश्वको विकास प्रकृयालाई सुक्ष्म रुपमा हेर्ने, बुझ्ने र पछ्याउने स्वभाव थपिएको छ ।

नेपालमा सिर्जनशील युवाहरूको पौरखलाई मैले नजिकबाट नियालिरहेको छु । म नेपाली युवाको केही सिर्जनाका बारेमा चर्चा गर्न चाहन्छु जसले नेपालमा केही हँदै छ भनेर आशा जगाउँदै छन् ।

१. पाइला टेक्नोलोजी

त्रिभुवन विश्वविद्यालय अन्तर्गतकै पुल्चोक इन्जिनियरिङ कलेज रोबोटिक्स विभागका सात जना विद्यार्थी सागर श्रेष्ठ, रविन गिरी, विनय राउत, आयुस कसजु, वसिम अक्रम खान, नीरज बस्नेत, दीपकमल भुसालले रोवोट उत्पादन गरिरहेका छन् । त्रिभुवन विश्वविद्यालयको साईन्स म्युजियममा आउने

अध्येताहरूलाई उनीहरुले उत्पादन गरेको रोबोटले गाइड गर्नेछ । उनीहरूले दरबारमार्गमा 'नौलो रेष्टुरेन्ट' संचालन गरेका छन् जहाँ उनीहरूद्वारा उत्पादित रोबोटले वेटरको काम गर्छ । नेपालका बैंकहरुमा उनीहरुद्वारा उत्पादित रोबोटलाई काममा लगाईंदै छ । उनीहरू नेपालमा रोबोट उत्पादन गरेर विदेश निर्यात गर्ने योजनामा छन् ।

२. फुडमारियो

फुडमारियो यस्तो कन्सेप्ट हो जहाँ महिलाहरूले आफ्नो किचनमा खाना पकाएर रेष्टुरेष्टमा भै बिक्री गर्न पाउँछन् । ग्राहकले घरमा पकाएको खानेकुरा निर्धक्कका साथ मगाएर खान पाउछन् । नेपाली महिलाहरूको जीवन किचनमा बितेको हुन्छ त्यो अनुभवलाई उद्यमशिलतामा बदल्ने अवसर बनेको छ यो । रोहित तिवारीले स्टार्ट अप बिजनेस आईडियालाई यसरी कार्यान्वयन गरिरहेका छन् । टेक्नोलोजीको माध्यमबाट उनले यस अवधारणामार्फत गृहिणीहरूलाई रेष्टुरेन्टका ग्राहकसँग जोडेका छन् । फुडमारियोले हालसम्म एक लाखभन्दा बढीलाई सेवा प्रदान गरिसकेको छ ।

३. नेपाली धोबी

स्कटल्याण्डमा आईटी पढेर आएका विकास सुवेदी, अस्ट्रेलियामा नर्सिङ पढेकी ऋचा धमला र नेपालमै स्नातक गरेका निकुञ्ज भण्डारीले 'नेपाली धोबी' अर्थात् लुगा धुने व्यवसाय सुरु गरे । मोबाइल एप, वेभसाईट र मोवाइलबाट उनीहरुले लुगा धुने अर्डर लिन्छन् । अर्डर आएपछि घरघरमा पुगेर लुगा संकलन गर्छन् । र, प्रविधिलाई प्रयोग गरि लुगाा धुन्छन् । उनीहरूले कसैले आफुलाई धोबी भनेर गिज्याउलान् कि भन्ने हिनताबोध राखेनन् ।

- स्टार्ट अप बिजनेसमा नेपाली युवाहरू सक्रिय हुँदै गएका छन् । टेक्नोलोजिमा आधारित भएर उनीहरु अगाडि बढ्दैछन् । साना साना व्यवसायबाट उनीहरू व्यवसायमा प्रवेश गरेका छन् । मलाई विश्वास छ- धेरैभन्दा धेरै नेपाली युवाहरूले यसैगरि नहिच्किचाईकन काम सुरु गर्नेछन् । तपाईंहरुले पनि गर्नुहुनेछ ।

  यसका लागि तपाईंहरूलाई थ्रि एस को जरूरी पर्छ ।

  १. स्किल

  २. स्केल

  ३. स्पिड

आज हामी राष्ट्रिय समृद्धिको पक्षमा वहश गरिरहेका छौं । यो समृद्धि हासिल गर्न हामिलाई धेरै स्किल म्यानपावर आवश्यक छ । हामी प्रत्येक व्यक्तिसँग एउटा खास बिषयको स्किल हुनुपर्छ । हामी आफ्नो नाम म म भनेर सोचौं त आफुसँग के स्किल छ ?

विश्वविद्यालयको पढाइ सकिरहदा तपाईं दक्ष हुनैपर्छ । त्यो दक्षतालाई तपाईंले एउटा बृहत् स्केलमा

कार्यान्वयन गर्ने वातावरण तयार गर्नुपर्छ र तपाईंसँग काम गर्ने तीव्र गति पनि हुनुपर्छ। आजको दुनियाँ तपाईंको गतिमा चल्नेवाला छैन। दुनियाँको गतिमा तपाईं दौडिनैपर्छ। विश्वविद्यालयबाट फर्किदा यति थ्रि एस लिएर फर्किनुभयो भने तपाईं सफल हुनुभयो। तर '१२ वर्ष रामायण पढ्यो सीता कसकी जोई' भनेजस्तै कन्फ्युजन लिएर फर्किनुभयो भने तपाईले आफु मात्रै होइन तीन पुस्तालाई डुबाउनुहुनेछ- बाबुआमा, आफु र भोलीका सन्तती। तपाईले सहि बाटो अगाल्दा तीन पुस्ताले सुख पाउछ भने गलत बाटो समाउदा तीन पुस्ताले दुःख पाउनेछ।

- विश्वविद्यालयहरू अनुसन्धानका खानी हुनुपर्छ। त्रिभुवन विश्वविद्यालयबाट सयौँ व्यक्तिले पिएचडी गर्नुभएको छ। अमेरिका वा युरोपका विश्वविद्यालयहरुबाट पिएचडी गर्नेहरूले अनुसन्धानको एउटा खास क्षेत्रको उपलब्धि समाजलाई योगदान गरेका हुन्छन्। तर, नेपालमा जब नामका अगाडि डाक्टर लेख्ने रहर जाग्छ अनि पिएचडीको औपचारिकता पुरा हुन्छ। यस विश्वविद्यालयबाट गरिएका कतिवटा पिएचडी रिसर्चले दुनियाँका लागि नयाँ सिद्धान्तको प्रतिवादन गर्न सक्यो ? समाजलाई के योगदान गर्न सक्यो ? र, दुनियाँको ध्यानाकर्षण गर्न सक्यो ? हामीले यि प्रश्नको उत्तर दिन सक्नुपर्छ। म फेरी दोहोऱ्याउन चाहन्छु- अन्यथा हाम्रा पिएचडी रिसर्चहरू नामका अगाडि डाक्टर लेख्ने रहर पूरा गर्न मात्र गरिएका थिए भन्दा पिएचडी होल्डरहरू रिसाउन पाउनुहुनेछैन।

मैले अखबारहरूमा पढिरहेको छु- यहाँ मास्टर्स लेभलका थेसिसहरू पसल पसलमा किन्न पाईन्छ। यदि पसलमा थेसिस किनेर डिग्रीको सर्टिफिकेट हात पार्ने परम्परा कायमै राख्ने हो भने माफ गर्नुहोला ति सर्टिफिकेटहरू पनि आकर्षक डिजाईनमा तयार गरि पसलबाटै वितरण गरे हुन्छ। दिक्षान्त समारोहरू बन्द गरिदिए हुन्छ !

यसो भन्दा पक्कै पनि तपाईंहरूलाई चित्त दुखेको हुनुपर्छ। तपाईंहरूको चित्त दुख्दा नेपालको शिक्षाको गुणस्तरलाई अन्तर्राष्ट्रियस्तरको बनाउन सकिन्छ भने माफ गर्नुहोला म बार बार तपाईंहरूको चित्त दुखाउन तयार हुनेछु। मेरो प्रयास देश बनाउने हो। देश बनाउने पहिलो खुड्किलो गुणस्तरीय शिक्षा हो। विकासको पनि गुणस्तरीय शिक्षाबाट नै प्रारम्भ हुन्छ। दुनियाँमा यहि भएको छ। नेपालमा केही हुन नसक्नुको कारण पनि यहि नै हो।

म तपाईंहरूलाई केही कुरा सोध्न चाहन्छु- विश्वविद्यालयको पढाइ सकिएपछि कतिजनाले जागिर खान चाहानुहुन्छ ? कति जना व्यवसायी बन्न चाहानुहुन्छ ? कतिजना किसान बन्न चाहानुहुन्छ ? र, कति जना राजनीतिमा जान चाहानुहुन्छ ?

मेरो सुझाव मान्नुहुन्छ भने तपाईंहरूको लगाव उद्यम व्यवसायतिर जाओस्। व्यवसायिक खेती किसानीमा जाओस्। जबसम्म यो विश्वविद्यालयमा पढेका विद्यार्थीहरु पढाइ सकिएपछि हलो बोकेर खेतमा पस्न तयार हुदैनन् तबसम्म मान्नुपर्छ, विश्वविद्यालयले विद्यार्थीको सोच्ने तरिकामा परिवर्तन ल्याउन सकेको छैन। पढेपछि खेती किसानी गर्ने नहुने जुन सँस्कृतीको विकास गरिदैछ त्यसले आगामी पुस्ता भोकभोकै पर्ने सम्भावना पनि बढ्दै गएको छ। तपाईंका बाबुआमाको हातखुट्टा चल्दासम्म त घरबाट दाल चामल आईपुग्ला तर उहाँहरुको हातखुट्टा चल्न छाड्दाको दिन के होला भनेर पनि

सोच्नुहोला । म दोहोऱ्याएर भनौं- खल्तीमा टन्न पैसा हुदैमा किचनमा दाल, चालम, तरकारी हुन्छ नै भन्ने कुनै ग्यारेन्टी छैन । कृषिलाइ आधुनिक पद्धतिमा प्रवेश गराउन, कृषिमा आधारित उद्योग व्यवसाय विस्तार गर्न तपाईंहरु जस्ता शिक्षित युवा खेतबारीमा पस्नैपर्छ । अन्यथा आफ्नो मार्सि धान फल्ने खेत बाझै राखेर खाडीमा उट जोत्ने हाम्रो प्रवृत्तिमा सुधार आउनेछैन ।

रिक्स लिन नचाहनेहरू भने जागिरमै जानुहोला !

अब म विश्व कसरी अगाडि बढ्दै छ भन्ने बारेमा चर्चा गर्न चाहन्छु ।

आजको विश्व आर्टिफिसियल इन्टेलिजेन्सले हाँक्ने वातावरण तयार हुदैछ । मेशिनहरुमा मानिसको दिमाग भरिदैछ । यदि सहि ढंगले त्यो दिमाग भरियो भने मानिसबाट हुने गल्ती नदोहोऱ्याई मेशिनले काम गर्ने वातावरण तयार हुदैछ ।

यसले मानिसका रोजगारीहरु तीव्र रुपमा कटौती हुने देखिएको छ । र, यसबाट उत्पन्न हुन सक्ने संकटको पूर्वानुमान समेत गर्न थालिएको छ । अब यो बिषय राजनीतिक टाउको दुखाइको बिषय समेत बन्न थालेको छ । बेलायतको लेवर पार्टीले आर्टिफिसियल इन्टेलिजेन्समाथि नियन्त्रण गर्ने कानून आवश्यक रहेको तर्क गरेको छ ।

म प्राईस वाटरहाउस कुपरले विश्वका २९ देशका २ लाख रोजगारीका क्षेत्रमा प्रविधिको असरबारेको गरेको अध्ययनका केही निश्कर्ष प्रस्तुत गर्न चाहन्छु ।

- रोवोट र अन्य प्रविधिका कारण सन् २०३० सम्ममा विश्वको कुल ग्राहस्थ उत्पादनमा १५ ट्रिलियन (१५ हजार अर्ब डलर)को योगदान पुग्नेछ ।
- २०३० सम्ममा रोवोट र अन्य अटोमेटिक प्रविधिले ३० देखि ४० प्रतिशत कामदार कटौती हुनेछ । अमेरिकाको रोजगारी ३८ प्रतिशत, बेलायतको ३० प्रतिशत, जर्मनीको ३५ प्रतिशत, जापानको २१ प्रतिशत कटौती हुनेछ ।

ड्रोनका कारण धेरै रोजगारीहरु कटौती हुँदै छन् । ड्रोनले कुरियरको काम गर्दै छ । रिमोटका माध्यमबाट उसको सेवा घरघरमा पुग्दैछ ।

विमान उत्पादक कम्पनी वोइङले आर्टिफिसियल इन्टिलिजेन्स (एआई) लडाकू विमान उत्पादन गर्ने घोषणा गरेको छ जुन विमानमा पाईटल आवश्यक पर्ने छैन । यो विमान सन् २०२० देखि नै विश्व बजारमा बिक्रीमा राखिने पनि उसले घोषणा गरेको छ ।

केही समयअघिसम्म कल्पनामा सिमित रहेको उड्ने टयाक्सी दुबईको आकाशमा उड्न थालेको छ ।

फाइभजी आजको दिनको अर्को यस्तो प्रविधिका रुपमा अगाडि आउदैछ जसले विश्वलाई प्रकाशको गतिमा एकापसमा आबद्ध गराउँदै छ । टेलिकम सेवाको अर्थ डिजिटल सेवामा परिणत भएको छ । यदि हामी फाइभ जी प्रविधिमा जाने हो भने अमेरिकाको कुनै प्रख्यात डाक्टरसँगसँगै नेपालका डाक्टरहरूले यहाँ सर्जरी गर्न सक्छन् । काठमाडौंको प्रख्यात स्कूलको कक्षाकोठाको पढाइ जुम्ला, हुम्लाका विकट

स्कूलका विद्यार्थीले पनि सँगै पढ्न पाउँछन् । व्यापार भनेकै ई-कमर्समा परिणत हुनेछ ।

निकट भविष्यमै विश्वमा डिजिटल रिभोल्युसन हुनेवाला छ । यो अवस्थामा हामी कहाँ छौं र त्यो दिन हाम्रो अवस्था के हुनेछ भनेर सोच्ने राजनीति हामीलाई चाहिएको छ ।

त्रिभुवन विश्वविद्यालयले धेरै राजनीतिज्ञहरू जन्माएको छ । प्रधानमन्त्रीहरू जन्माएको छ । मन्त्रीहरू जन्माएको छ । कर्मचारीतन्त्रका लिडरहरू जन्माएको छ । नेपालको आजको राजनीतिक, आर्थिक र सामाजिक हालत जे छ त्यसको क्रेडिट पनि यस विश्वविद्यालयले जन्माएका राजनीतिज्ञहरूलाई नै जान्छ ।

आज देशको राजनीतिमा दुईवटा कुरा चाहिएको छ ।

पि२ र जि२ ।

पि२ अर्थात प्रो पब्लिक राजनीति । सिद्धान्तका लामा लामा ब्याख्या बन्द गरेर जनताले दैनन्दिन भोग्नु परेका समस्या समाधान गर्दै देशलाई आर्थिक समृद्धिको शिखरमा पुऱ्याउने राजनीति ।

जि२ अर्थात् गूड गभर्नेन्स । शुसासनको ग्यारेन्टी गर्ने राजनीति ।

म विश्वास गर्छु- त्रिभुवन विश्वविद्यालयले नै एउटा यस्तो विद्यार्थीलाई राजनीतिमा पठाउनेछ जसले पि२ र जि२ लाई सम्बोधन गरेर नेपालको राजनीतिमा नयाँ इतिहास रच्नेछ । समृद्ध नेपालको निर्माण गर्नेछ । प्रत्येक नेपालीको अनुहारमा खुसी भर्नेछ ।

अन्त्यमा म विश्वका धनाढय वारेन बफेटका बारेमा केही बताउन चाहन्छु । जसबाट अर्बपतिहरू को हुन् भन्ने तपाईंहरूको जिज्ञासा पुरा हुनेछ ।

- बफेटले आफ्नो जीवनमा पहिलोपटक ११ वर्षको उमेरमा सेयर किनेका थिए । हाल आएर उनी पछुताउँछन्, धेरै ढीला शुरु गरेछु भनेर ।
- उनले १४ वर्षको उमेरमा पत्रिका वितरणबाट बचाएको पैसाले एउटा सानो खेत किनेका थिए ।
- ५० वर्षअघि उनले विवाहपछि ओमाहा सहरमा तीन बेडरुमको सानो घर किनेका थिए । उनी अझै पनि त्यही घरमा बस्छन् । उनका अनुसार उनलाई चाहिने सबै कुरा त्यहीघरमा छ । त्यो घरमा पर्खाल छैन ।
- उनी आफ्नो कार आफैँ हाँक्छन् । उनलाई न ड्राइभर चाहिन्छ, न त कुनै सुरक्षाकर्मी ।
- आफ्नो स्वामित्वमा विश्वकै सबैभन्दा ठूलो प्राइभेट जेट कम्पनी भएपनि उनी कहिल्यै पनि प्राइभेट जेटमा हिँड्दैनन् ।
- उनको कम्पनी बर्थशायर ह्याथवेको स्वामित्वमा ६३ कम्पनी छन् । उनी हरेक वर्ष आफ्ना सिइओहरुलाई एक पत्र लेख्छन्, जसमा उनले आउँदो वर्षकालागि लक्ष्यहरु दिन्छन् । बफेटउनीहरुलाई

नियमित मिटिङका लागि बोलाउँदैनन् । सिइओहरुका लागि उनले केवल दुई नियम निर्धारण गरेका छन् :

नियम नं. १ : आफ्नो एउटा पनि सेयरहोल्डरको पैसा डुब्न नदेऊ ।

नियम नं. २ : पहिलो नियमलाई कहिल्यै नबिर्स ।

- धनीहरुसँग उठबसमा उनी आफ्नो समय बिताउँदैनन् । बरु घर पुगेर पपकर्न बनाउन र टेलिभिजन हेर्नमा रमाउँछन् ।
- संसारको सबैभन्दा धनी व्यक्ति बिल गेट्सले उनलाई ५ वर्षअघि भेटेका थिए । गेट्सले भेटको लागि जम्मा आधा घण्टा छुट्याएका थिए । सोचेका थिए, वारेन बफेटसँग मेरो केही कुरा पनि मिल्दैन । तर जब उनले बफेटलाई भेटे, कुरा यति जम्यो कि आधा घण्टाको भेट १० घण्टासम्म लम्बियो । भेटको अन्तमा गेट्स बफेटको भक्त भएर निस्किए ।
- बफेट मोबाइल फोन बोक्दैनन् । उनको अफिस टेबलमा कम्प्युटर पनि छैन । युवाकालागि उनको सल्लाह छ : क्रेडिट कार्डको पछि नलाग, बरु आफ्ना लागि लगानी गर ।
- युवाका लागि बफेटको सल्लाह

१. पैसाले मान्छे बनाएको होइन, बरु मान्छेले पैसा बनाएको हो ।

२. जीवन जतिसक्दो सरल ढंगले बाँच ।

३. अरुले भनेको सुन तर त्यही गर्नुपर्छ भन्ने छैन । आफूलाई ठीक लागेको कुरा गर ।

४. ब्रान्डको पछि नलाग । आफूलाई जुन कपडा लगाउँदा सजिलो हुन्छ त्यही लगाऊ ।

५. अनावश्यक सामग्रीमा पैसा खर्च नगर । बरु ती व्यक्तिका लागि खर्च गर, जसलाई साँच्चिकै सहयोगको खाँचो छ ।

६. यो जीवन तिम्रो हो । अरुलाई यसमाथि शासन गर्न नदेऊ ।

यी माथिका सल्लाहले हामीलाई वारेन बफेट बनाउँदैन । तर यसले पक्कै पनि हामीलाई सफल बन्न सहयोग गर्नेछ र ज्ञानको स्तर बढाउनेछ ।

धन्यवाद !

१५ वैशाख २०७६

म र नेपाली कांग्रेस



म २०४६ को ऐतिहासिक जनआन्दोलनमा सक्रिय रूपमा सहभागी भएँ । मेरा प्रेरणाका स्रोत हुनुहुन्थ्यो, नेपाली कांग्रेसका सम्माननीय नेताद्वय किसुनजी र गिरिजाबाबु ।

यस आन्दोलनमा सरिक हुनुका दुई कारण छन् – एउटा, पञ्चायती व्यवस्थाप्रति बढ्दै गएको तिक्तता, अर्को आत्मसम्मानको खोजी । आत्मसम्मानको कुरा गर्दा हामी उद्योगी व्यवसायीको अवस्था टिठलाग्दो थियो ।

चिरनशमशेर थापा राजाको संवाद सचिवालय प्रमुख हुनुहुन्थ्यो । उद्योग व्यापार हेर्ने जिम्मा उहाँकै थियो । उहाँ आफ्ना खास मान्छेहरू च्यापेर हिँड्नुहुन्थ्यो । हम्मेसी कसैसँग नभेट्ने । भेट्नुपरे 'मर्निङ वाक' मा निस्कँदाखेरिको समय दिनुहुन्थ्यो । 'भोलि साढे ६ बजे थापाथली मोडमा भेट्नू,' उहाँ भन्नुहुन्थ्यो, 'म मर्निङ वाकमा गइरहेको हुन्छु । ठ्याक्क त्यो प्वाइन्टपछि तपाईं मसँग हिँड्नुस् है ।'

आफ्नो दुई घन्टाको हिँडाइमा उहाँ आठ जनालाई समय दिन भ्याउनुहुन्थ्यो – घरको गेटदेखि पन्ध्र/बीस मिनेट परसम्म एकजनासँग हिँड्ने । त्यहाँ अर्को मान्छे कुरेर बसिरहेको हुन्थ्यो । उसलाई भेटेपछि पहिलो मान्छेको पालो सकियो । त्यो बिन्दुबाट अर्को मान्छेसँग हिँड्नुहुन्थ्यो । पहिले राणाजीहरूको चाकरीमा हाजिरी दिएजस्तो ।

एक/दुईचोटि म पनि थापाथली मोडमा कुरेर बसेको थिएँ । त्यहाँबाट अर्को बिन्दुमा अर्को मान्छे फेला नपरेसम्म सँगसँगै लुरुलुरु हिँड्यो । त्यसबीच आफ्नो कुरा जति राख्न सक्यो, राख्यो । उहाँलाई यस्तरी भेट्नुपर्दा म मरेतुल्य हुन्थें । मलाई आफ्नै आत्माले धिक्कार्थ्यो । एकचोटि मलाई समिट होटलमा भेट्न डाक्नुभयो । त्यो उहाँको हेडक्वार्टरजस्तो थियो । घरमा पनि एक/दुईचोटि पुगेको छु । मान्छेहरू बाहिर लाम लागेका हुन्थे । भित्र छिरेपछि मुढामा बसेर कुर्नुपर्थ्यो ।

नेपाली कांग्रेसका अर्जुननरसिंह केसीले जनआन्दोलनमा सक्रियता बढाउन मलाई मद्दत गर्नुभयो । उहाँ सरस्वती क्याम्पसमा मेरा गुरु हुनुहुन्थ्यो । उहाँकै संगत र किसुनजीसँगको पुरानो पारिवारिक सम्पर्कले म कांग्रेसका साथीहरूसँग निकट हुँदै गएँ । गिरिजाबाबु र गणेशमानजीसँग अत्यन्त राम्रो सम्बन्ध बन्यो । म खुला रूपमा बहुदलीय व्यवस्थाको समर्थन गर्दै जनआन्दोलनको पक्षमा लागें ।

त्यतिबेलासम्म उद्योग वाणिज्य महासंघको उपाध्यक्ष भइसकेको थिएँ । महासंघका अध्यक्ष हुनुहुन्थ्यो, महेशलाल प्रधान ।

जनआन्दोलनमा उद्योगी व्यवसायी सक्रिय भएको देखेर मरिचमान सिंहको सरकार हामीविरुद्ध खनिन थाल्यो । अर्थमन्त्री भरतबहादुर प्रधानले हामी महासंघका सदस्यलाई बैठकमा डाकेर सातो लिन खोज्नुभयो । वाणिज्य राज्यमन्त्री शरतसिंह भण्डारी र सहायक उद्योगमन्त्री विमलमान सिंह पनि हुनुहुन्थ्यो, त्यो बैठकमा ।

'तपाईंहरूलाई पञ्चायती व्यवस्थाले बनायो, पञ्चायती व्यवस्थाले हुर्कायो । अहिले अलिकति अप्ठेरो परेका बेला व्यवस्थाविरुद्ध लाग्ने,' भरतबहादुरजीले हामीलाई हकार्दै भन्नुभयो, 'यस्तै बेला त हो नि सिस्टमलाई मद्दत गर्ने ।'

हामीले पनि मुखैमा भनिदियौं, 'यो हाम्रो काम होइन । हामीले जुनसुकै सिस्टमसँग मिलेर काम गर्नुपर्छ । हाम्रा व्यक्तिगत प्राथमिकता आफ्ना ठाउँमा होलान्, तर हामीले राजनीतिका नाममा कसैसँग वैर साँध्ने कुरै आउँदैन ।'

उहाँ एकदमै रिसाउनुभयो । बैठकबाटै फन्केर हिँड्नुभयो ।


त्यसको दुई दिनमै जावलाखेल डिस्टिलरीका विजय शाहले खबर ल्याए, 'हाम्रो व्यवहारले मरिचमान सरकार महासंघसँग एकदमै रिसाएको छ ।'

उनी शरतसिंह भण्डारीसँग नजिक थिए । केशरबहादुर बिष्ट र शरतसिंह दिनहुँजसो विजयको घरमा आउजाउ गर्नुहुन्थ्यो । यता विजयसँग हाम्रो खुब जम्थ्यो । शरतसिंहले विजयलाई भन्नुभएछ, 'प्रधानमन्त्री उद्योग वाणिज्य महासंघसँग एकदमै रिसाउनुभएको छ । महासंघले जनआन्दोलनको विरोधमा वक्तव्य दिएन भने विनोद चौधरी र विजय शाहलाई एउटा न एउटा भन्झट लगाएर थुन्ने ।'

यसबारे मन्त्रिपरिषद् बैठकमै छलफल भएको रहेछ । विजयले यस्तो खबर ल्याएपछि महेशलाल र मैले सल्लाह गर्यौं- जेसुकै होस्, जनआन्दोलनको विरोधमा वक्तव्य निकाल्ने त कुरै छैन । अब यसै पनि हाम्रो नाम 'एक्सपोज' भइसक्यो । आन्दोलनलाई जे मद्दत गर्न सकिन्छ, त्यो गर्नुमै भलाइ छ ।

हामीलाई पक्राउ गर्ने हदसम्म सरकार गिरेपछि २०४६ को जनआन्दोलन हाम्रा लागि पनि वार कि पारको लडाइँ बन्यो । हामी भन् उत्तेजित भएर सरकारको विरोधमा लाग्यौं । जनआन्दोलनको नेतृत्व गरिरहेका नेपाली कांग्रेस र संयुक्त वाम मोर्चालाई सक्दो सहयोग गर्न थाल्यौं । एकदिन शरतसिंहले मलाई भन्नुभयो, 'साह्रै प्रेसर छ, तिमीहरू केही दिन अन्डरग्राउन्ड भइदेऊ ।'

सहायक मन्त्री विमलमानले त्यतिखेर हाम्रो साथ दिए । उनी त व्यापारीको छोरा । मेरो अत्यन्त मिल्ने साथी । एकदमै एकोहोरो स्वभावको । आज हामीबीच छैनन् । अन्तिम समयसम्म उनको र मेरो दोस्ती खुब जम्यो । उनले शरतसिंहकै अगाडि छाती ठोकेर भने, 'के को अन्डरग्राउन्ड हुने ? कसले के गर्छ हेरौं न, म मेरो घर लगेर राख्छु । कसैको ताकत छ भने मेरो घरमा आएर समातेर देखाओस् ।' त्यो घटनाको केही दिनमै प्रजातन्त्र पुर्नवहाली भयो ।



हामी स्वतन्त्र भयौं ।

२०४६ को राजनीतिक परिवर्तनलगत्तै ब्लुस्टार होटलमा एउटा कार्यक्रम आयोजना गरिएको थियो । अन्तरिम सरकारका प्रधानमन्त्री किसुनजीले मञ्चबाटै हाम्रो परिवारको तारिफ गर्दै भन्नुभयो, 'म भारत प्रवासमा छँदा बिहारका जुन-जुन ठाउँमा जान्थें, त्यहाँ पशुपति बिस्कुट देख्थें । मेरो छाती हर्षले गद्गद् हुन्थ्यो । त्योबेला चौधरी परिवार जस्तो दुई-चार जना देशले जन्माउन सकेको भए आज हाम्रो देशको स्थिति कस्तो हुन्थ्यो होला भनेर सोच्थें ।'

लामो प्रजातान्त्रिक लडाइँपछि सरकारमा आएका त्यति प्रभावशाली प्रधानमन्त्रीको मुखबाट आफ्नो परिवारको प्रशंसा सुनेर म मख्ख भएँ । चौधरी ग्रुपलाई यहाँसम्म ल्याइपुऱ्याउनमा जे-जस्ता विषम् परिस्थिति हामीले भेल्यौं, कठिनभन्दा कठिन समयमा व्यावसायिक यात्रालाई जसरी निरन्तरता दियौं, ती सबै व्याजसहित फिर्ता पाएजस्तो लाग्यो ।

किसुनजीसँग त्यसपछि मेरो सम्बन्ध झन् गाढा भयो । उहाँ मलाई बेरोकटोक बालुवाटारको बेडरुमसम्म लैजानुहुन्थ्यो । एकदिन बुवाले उहाँलाई घरमा खाना खान डाक्नुभयो । किसुनजीले भन्नुभयो, 'विनोदबाबु, आप बालुवाटारमें मुझे लेने आइए ।'

म गएँ । किसुनजी बाहिर निस्कनुभयो । सुरक्षा गार्डहरू सँगै थिए । मेरो गाडीनिर आइपुगेपछि उहाँले आफ्ना गार्डलाई फर्काइदिनुभयो । भन्नुभयो, 'म लुनकरणजीको घर जान लागेको । तिमीहरू आउनुपर्दैन ।' त्यतिखेरसम्म उहाँको ड्राइभर गाडी भिकेर तयार भइसकेको थियो । किसुनजीले

उसलाई पनि 'तिमी आज आराम गर, म विनोदसँगै जान्छु' भन्नुभयो ।

कहाँ म बाटो देखाउन आएको मान्छे, उहाँ त मेरो गाडीमा मसँगै अगाडिको सिटमा आएर बसिदिनुभयो । प्रधानमन्त्रीजस्तो मान्छेलाई विनासुरक्षा गार्ड आफ्नै गाडीमा राखेर निस्कँदा मेरो मुटु ढुक्क फुलेको थियो । म वाल्ल परेको देखेर किसुनजीले मेरो ढाडमा बेस्सरी हिर्काउँदै भन्नुभयो, 'डरिए मत विनोदबाबु, कोई कुछ नहीं करेगा मुझे । अभी तो बहुत काम करना बाँकी है ।'

हामी बालुवाटारबाट सिधा ठमेलको घर आयौं । त्यस दिन हाम्रो परिवारसँगै बसेर उहाँले खाना खानुभयो । खानाकै बीचमा उहाँ निर्वासनमा रहँदाको कथा सुनाएर कहिले गम्भीर बन्नुहुन्थ्यो, कहिले मज्जाले हाँसेर हामीलाई पनि हँसाउनुहुन्थ्यो । फर्कंदा पनि म आफैं गएँ, उहाँलाई बालुवाटार छोड्न ।

किसुनजी बारम्बार भन्नुहुन्थ्यो, 'यु ह्याभ टु बी माई इकोनोमिक एड्भाइजर, विनोद ।'

उहाँकै कार्यकालमा पर्यटनमन्त्री नीलाम्बर आचार्यले मलाई र पद्म ज्योतिलाई तत्कालीन शाही नेपाल वायुसेवा निगम (आरएनएसी) को सञ्चालक समितिमा मनोनित गर्नुभयो । जलस्रोतमन्त्री महेन्द्रनारायण निधिले मलाई नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिमा लग्नुभयो ।

नयाँ राजनीतिक माहोलमा भारतसँगको आर्थिक सम्बन्ध नवीकरण गर्ने अभिप्रायले हामी निजी क्षेत्रको प्रतिनिधिमण्डल लिएर नयाँ दिल्ली जाँदै थियौं । यही मौकामा भारतीय प्रधानमन्त्रीसँग भेट्न पाए हुन्थ्यो भन्ने लाग्यो । चन्द्रशेखरजी प्रधानमन्त्री हुनुहुन्थ्यो । हामीले नयाँ दिल्लीस्थित नेपाली दूतावासमा सम्पर्क गऱ्यौं । तत्कालीन राजदूत विन्देश्वरी शाहले हाम्रो कुरा सुन्नासाथ आश्चर्य मान्दै भन्नुभयो, 'प्रधानमन्त्रीलाई भेट्न टाइम माग्ने, के कुरा गर्नुभएको ?

उद्योगपति व्यापारीले पनि प्रधानमन्त्रीलाई भेट्ने हो भन्ने उहाँको आसय रहेको मैले बुझें ।

म सिधै किसुनजीकहाँ गएँ ।

सन्त किसुनजीले हावामा हात घुमाएर छुमन्तर गरेझैं समस्याको हल खोजिदिनुभयो । फटाफट कागज र कलम झिकेर चन्द्रशेखरजीलाई चिठी लेख्नुभयो । चिठीसँगै चन्द्रशेखरजीका पिएको नाम र टेलिफोन नम्बर दिँदै भन्नुभयो, 'आप दिल्ली जाके इस नम्बरपे फोन किजिए, और कहिए, नेपालसे कृष्णप्रसाद भट्टराई ने हमारे साथ एक चिठी भेजा है । हमको प्रधानमन्त्रीजीसे मिलना है ।'

'और एम्बेसी (दूतावास) का क्या करें ?' मैले सोधे ।

'एम्बेसी-सेम्बेसीको मारो गोली । सिधे चन्द्रशेखरजीके पास जाइए, कहिए मैने भेजा है ।'

मैले दिल्ली पुग्नासाथ किसुनजीले दिनुभएको नम्बरमा फोन गरें । आफ्नो परिचय दिएँ र काम बताएँ । उनले किसुनजीको नाउँ सुन्नासाथ तुरुन्त प्रधानमन्त्रीलाई भेट्ने समय मिलाइहाले । मैले भेट्नेबित्तिकै उहाँलाई किसुनजीले पठाउनुभएको चिठी दिएँ ।

नेपालको उद्योग वाणिज्य इतिहासमा निजी क्षेत्रको प्रतिनिधिमण्डलले भारतीय प्रधानमन्त्रीलाई भेटेको त्यही पहिलोपटक थियो । किसुनजीको मप्रतिको व्यक्तिगत स्नेह र उहाँको काम गर्ने शैलीले नै त्यो सम्भव गराएको हो ।

गिरिजाबाबु र म



'गिरिजाबाबु आउनुभएको छ । तपाईंलाई भेट्न खोज्दै हुनुहुन्छ ।'

एकजना सहयोगी हुर्रिदै मेरो अफिस कोठाभित्र छिऱ्यो ।

२०३५/३६ सालतिर मैले भर्खरै विराटनगरको पशुपति बिस्कुट सम्हाल्न थालेको थिएँ । बढी समय विराटनगरमै बिताउँथेँ । खबर सुन्नेबित्तिकै दौडिँदै बाहिर निस्कें । बाहिर एउटा पुरानो जिप थियो, क्यानभासको हुड भएको । जिपको टायरले उडाएको धुलो हावाबाट पूरै छ्यांगिएकै थिएन ।

म नजिक गएँ । एकजना दुब्लो-पातलो मान्छे जिपबाट ओर्लिए । साथमा अरू दुई/चारजना थिए ।

मैले पहिलोचोटि गिरिजाबाबुलाई देखेको त्यही बेला हो । त्यसअघि नाममात्र सुनेको थिएँ ।

उहाँ अफिस कोठामा आउनुभयो । 'तपाईंको बुवासँग हाम्रो राम्रो सम्बन्ध छ,' उहाँले भन्नुभयो, ' अहिले तपाईं यहाँ आउनुभएको थाहा पाएर भेट्न आएको ।'

मैले टाउको हल्लाएँ ।

'लुनकरणजीबाट हामीले धेरै सहयोग पाइरहेका छौं । तपाईंबाट पनि सहयोगको आशा राख्छौं,' गिरिजाबाबुले भेट्न आउनुको कारण खुलाउनुभयो, 'आन्दोलनको बेला छ, पार्टीलाई सहयोग गर्नुपऱ्यो ।'

उहाँ पन्ध्र मिनेटजति बसेर फर्किनुभयो ।

२०४८ को आमनिर्वाचनपछि गिरिजाबाबु बहुमतप्राप्त सरकारको प्रधानमन्त्री हुनुभयो । पहिलो कार्यकालभरि म उहाँको विश्वासपात्र थिएँ । उद्योग, वाणिज्य तथा अर्थतन्त्रका विषयमा सल्लाह गर्नुपरे उहाँ आफ्ना अर्थमन्त्री र राष्ट्रिय योजना आयोगका पदाधिकारीलाई भन्दा मलाई बढ्ता विश्वास गर्नुहुन्थ्यो । त्यो विश्वास कसरी जन्मियो, मलाई थाहा छैन । त्यसबेला देशको आर्थिक सुधारलाई लिएर हामीबीच थुप्रै कार्यगत एकता भए ।

प्रधानमन्त्रीका रूपमा गिरिजाबाबुको पहिलो भारत भ्रमणमा निजी क्षेत्र तर्फबाट म सामेल थिएँ । हुलासचन्द गोल्छा, मोहनगोपाल खेतान, बनवारीलाल मित्तलजस्ता वरिष्ठ उद्यमी व्यवसायी पनि हुनुहुन्थ्यो । टोलीको नेतृत्व मैले नै गरेँ । भारतीय उद्योग वाणिज्य महासंघ (फिक्की), भारतीय उद्योग परिसंघ (सिआइआई) र एसोसिएसन अफ चेम्बर अफ कमर्स (एसोच्याम) जस्ता निजी क्षेत्रका संगठनले गिरिजाबाबुको स्वागतमा संयुक्त कार्यक्रम गरे । तीनतिर मुख फर्काएर बसेका संगठनलाई एक ठाउँ ल्याएर कार्यक्रम गराउने प्रयास मेरै सक्रियतामा भएको थियो । यसका लागि भ्रमणको निकै दिन अघिदेखि चिनेजानेका भारतीय उद्यमी व्यवसायीसँग व्यक्तिगत तवरमा छलफल गरेको थिएँ । गिरिजाबाबुले कार्यक्रमको निम्ति आफ्नो भाषण लेख्ने जिम्मा मैलाई दिनुभयो ।

'मैले आफ्नो तर्फबाट बोल्ने त छदैँछ, निजी क्षेत्र के सुन्न चाहन्छ, त्यो सबै समेटेर भाषणको एउटा ड्राफ्ट तपाईं नै गर्दिनू,' उहाँले भन्नुभयो ।

भारतपछि म गिरिजाबाबुसँग फेरि अर्को विदेश भ्रमणमा गएँ – इजरायल, फिनल्यान्ड, इजिप्ट र जर्मनी । त्यतिखेर निजी क्षेत्रबाट भाग लिने सदस्यहरूको सूची बनाउने जिम्मा नै उहाँले मलाई दिनुभयो । केही सरसल्लाह गर्नुपऱ्यो, निजी क्षेत्रको आधिकारिक धारणा चाहियो वा उताका उद्यमी व्यवसायीसँग परिचय गराउनुपऱ्यो भने गिरिजाबाबु मैलाई अघि सार्नुहुन्थ्यो ।

(साभार : विनोद चौधरी आत्मकथा)

राजनीति र व्यवस्थापकीय कौशलबीच फ्युजन



व्यापार, लगानी, प्रविधि र श्रमको खुला आवागमनको लाभ लिँदै विश्वका धेरै मुलुकले पछिल्लो तीन दशकमा विकास र समृद्धितर्फ फड्को मारेका छन् । हाम्रो मुलुक समृद्ध हुन नसक्नुमा हाम्रो समाजले अक्सर राजनीतिक नेतृत्व पंक्तिमाथि दोष दिन्छ । सरकारको नेतृत्वमा हुनुले उनीहरूलाई जस र अपजसको भागीदार बनाउनु, जवाफदेही बनाउन खोज्नु लोकतान्त्रिक समाजको चरित्र हो । यद्यपि, कुनै पनि नेतृत्वले देश विकास गर्न चाहेकै हुन्छ, काम गरेर देखाउने उत्कट चाहना सबैलाई हुन्छ । तर भाषण गरेजस्तो या घोषणापत्रमा लेखेजस्तो काम गर्न सहज हुँदैन । कुनै पनि सोच कार्यान्वयन गर्नका लागि पुँजीगत स्रोत, मानव संशाधन र संस्थागत संयन्त्र विकास गर्नुपर्छ भन्नेमा नेतृत्वपंक्तिको ध्यान गएको देखिन्न । उनीहरू परिणाममुखी व्यवस्थापकीय कौशलसँग पुरापुर अपरिचित देखिन्छन् ।

म आफू युवा उमेरमै नेपाल उद्योग वाणिज्य महासंघमा प्रवेश गरेर ३८ वर्षमा त्यस संस्थाको नेतृत्व लिएको र सधैं अलिकति ठूलो सपना देखेर हिंडेको व्यक्ति हुँ । हामी रातदिन कसरी व्यवसाय र औद्योगिकरण गर्ने, त्यसलाई कसरी दीगो बनाउन सकिन्छ भन्ने धरातलीय यथार्थसँग परिचित छौं । मेरो अनुभव के रह्यो भने जो पूर्णकालीन राजनीतिबाट आए प्राज्ञिक पृष्ठभूमि भएकाहरू पनि उनीहरू यो धरातलीय यथार्थसँग परिचित हुनै पाएनन् । धरातलीय वस्तुस्थितिसँग परिचित नभएकै कारण नीतिगत व्यवस्थाहरू उद्योग-व्यवसाय र लगानीमैत्री

हुन पाएनन् । पूर्णकालीन राजनीतिकर्मीहरूले जनतालाई ठूला-ठूला सपना त बाँड्यौं तर जब कार्यान्वयन गर्ने बेला भयो तब फसाद पर्ने स्थिति आजपर्यन्त कायमै छ ।

भाषण त गरिन्छ, तर नेतृत्वले जुन सपना (सोच) बाँडेको छ त्यसका लागि पुँजीगत स्रोत, मानव संशाधन र संस्थागत संयन्त्र (ब्याक इन्ड) तयार भएकै हुँदैन । फलतः दुई तिहाइकै सरकार हुँदा पनि प्रशासनिक संयन्त्रको काम गर्ने क्षमता दुई तिहाईले त बढ्दो रहेनछ । पूर्णकालीन राजनीतिकर्मीहरूलाई म सम्मान गर्छु, लोकतन्त्र, वैयक्तिक स्वतन्त्रता, मानव अधिकार, सम्पत्तिको अधिकार जस्ता राजनीतिक तथा आर्थिक अधिकार स्थापित गर्न उनीहरूले योगदान गरेका छन् ।

उदाहरणका लागि देशमा यति हजार वा लाख उद्यमशीलता सिर्जना गरिनेछ भन्ने नीतिगत घोषणा हुन्छ । यस्ता कति घोषणा त्यसको 'ब्याक-इन्ड' तयार नगरी मृतप्राय हुन्छन् वा तयार गर्न प्रयास गरे पनि अनुभव र ज्ञानको संयोजनविना तयार भएर काम हुन नसक्ने गरी तयार गरिन्छन् । फलतः तीनले परिणाम दिन सक्दैनन् । यस आर्थिक वर्षको बजेट (प्रतिस्थापन) को बुँदा २७ मा युवा, महिला, दलित तथा विदेशबाट फर्केकालाई स्वरोजगार बनाउने उद्देश्यले लघु, साना, मझौला उद्यममा वाणिज्य बैंकका शाखाहरूमार्फत सहुलियत कर्जा प्रदान गरी ५०० उद्यम स्थापना गराउने नीतिगत घोषणा छ ।

यसलाई कार्यान्वयनका लागि बैंकबाट सहुलियत कर्जा दिएरमात्र हुँदैन । सम्पूर्ण इकोसिस्टम (पारिस्थितिकीतन्त्र) आवश्यक पर्छ । सबैभन्दा पहिले स्थानीय सम्भाव्यताका आधारमा परियोजना पहिचान गर्नुपर्‍यो, काम गर्ने/उद्यमी बन्न चाहाने व्यक्तिसँग सीप चाहियो, त्यसपछि बल्ल उसलाई पुँजी र प्रविधिको आवश्यकता पर्छ । त्यससँगै बिमाको सुविधा हुनुपर्‍यो । बजारसँग उत्पादनलाई जोड्नुपर्‍यो । बजारसँग उत्पादनलाई जोड्ने भन्न सजिलो छ, तर उत्पादन परिणाम अनुसार त्यसको खपत कहाँ-कहाँ गराउने भन्ने तथ्यांक संकलन गरी बजारसँग समन्वय गर्नुपर्‍यो । त्यसभन्दा अघि त उत्पादन संकलन गरी भण्डारण गर्ने पर्याप्त व्यवस्था हुनुपर्‍यो । त्यस्ता भण्डारण केन्द्र र शीतभण्डारहरू निजी क्षेत्रलाई सहुलियत दिएर बनाउन लगाउने हो कि, स्थानीय सरकारले विकास गर्ने हो त्यो यकिन गर्नुपर्छ । कतिपय स्थानीय स्तरमै अर्ध-प्रशोधन (सेमी प्रोसेसिङ) गर्न सकिने वस्तुको उत्पादन छ भने निजी क्षेत्रलाई त्यसमा आकर्षित गर्नुपर्ने हुन्छ अनि स्थानीय बजारले खपत गर्न सक्दैन भने निर्यातका सम्भावना खोज्नुपर्छ । अर्कोतर्फ, हाम्रा उत्पादनलाई भारत र चीनका सहुलियतपूर्ण उत्पादनसँग प्रतिस्पर्धी बनाउनुपर्ने चुनौती छ । विगत एक वर्षदेखि 'गरिखाने अभियान'मार्फत 'ब्याक-इन्ड'मा काम गरेको अनुभवले म यो धरातलीय यथार्थसँग परिचित छु । म उद्यमी बन्न चाहाने एउटा युवाको आकांक्षादेखि हरेक चरणमा उसले कस्ता चुनौतीसँग जुझ्नुपर्छ भन्ने सहजै महसुस गर्न सक्छु ।

यो यथार्थमा गहिरिएर म विगतमा हामीले सञ्चालन गरेका लघु उद्यम विकास कार्यक्रम (मेडेप), युवा स्वरोजगार कार्यक्रम लगायत यावत् कार्यक्रमले किन सफलता प्राप्त गर्न सकेनन् भन्ने बुझ्न सक्छु ।

म आफू दुनियाँ देखेकै मान्छे हुँ, आ-आफ्नो हिसाबले उद्यम र व्यवसाय विकासमा दुःख-सुख गरेकै व्यक्ति हुँ । उत्पादनलाई प्रतिस्पर्धी बनाउन सकेनौं भने हामीले उद्यमशीलता विकासका जतिसुकै गफ गरेपनि त्यो खोक्रो हुनजान्छ । छिमेकी भारतकै उदाहरण लिउँ । भारतमा पिछडिएको उत्तरपूर्वी भागहरू जम्मू-कश्मिर, हिमाञ्चलमा औद्योगिकरणका लागि सरकारले विशेष आर्थिक क्षेत्रहरू निर्माण गऱ्यो । त्यहाँ विद्युत्मा सहुलियत छ, पुँजी लगानीको एक तिहाई नगद अनुदानको व्यवस्था छ भने ढुवानीमा ७५ प्रतिशत अनुदान दिइएको छ । त्यहाँका उत्पादनलाई बजारीकरणका लागि विभिन्न फुड-पार्कसँग अन्तरआबद्धता विकास गरिएको छ ।

भारत र चीनको सहुलियतपूर्ण उत्पादन, उत्पादनको स्केलका कारण हामी तिनको बजारमा रूपान्तरण भएका छौं । उत्पादनभन्दा व्यापार सस्तो भएको छ, यस्तो अवस्थामा उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नु कम चानचुने विषय होइन । तर सबै सरोकारवालाको भूमिका पहिचान गरी विभिन्न तहका सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रले सामूहिक पहल गरेमा असम्भव भने छैन ।

घोषणा, योजना र नीतिगत व्यवस्थाका ठेलीमा हुने कागजी विकासलाई वास्तविकतासँग जोड्ने भनेको त्यसको कार्यान्वयन नै हो । राजनीतिक व्यवस्थाहरू बदलिए तर काम नगर्ने परम्परा भने बदलिएन । यो परम्परा हाम्रो नियति बनेको छ, नियत असल भयो भने यो नियति पक्कै बदलिनेछ ।

राजनीतिक नेतृत्वबाट त्यो संयन्त्रलाई काम गर्न सक्ने बनाउनका लागि नेतृत्वको व्यवस्थापन कौशल र जसरी पनि परिणाम निकाल्ने दृढ इच्छाशक्ति चाहिन्छ । यसको एउटा उदाहरण दिऊँ, भारतमा सन् १९९१ मा पीभी नरसिंह राव प्रधानमन्त्री बनेपछि उनले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)मा काम गरिरहेका मनमोहन सिंह (जो पछि भारतका प्रधानमन्त्री बने)लाई अर्थ मन्त्री नियुक्त गरे । रावले मनमोहन सिंहलाई सँगै काम गर्न प्रस्ताव गर्दा सरकार असफल भए, त्यसको जिम्मेवारी मेरो काँधमा आउँछ, सफल भयौं भने त्यो हाम्रो साझा सफलता हुनेछ भनेका थिए ।

त्यो हार्दीकताले मनमोहन सिंह सरकारका आएका थिए । उनले भारतीय अर्थतन्त्रमा संरचनात्मक परिवर्तन गरे । त्यो सुधार नभएको भए भारत संसारमा मोबाइल फोनको ठूलो निर्यातकर्ता बन्नुको सट्टा आज पनि एम्बेसडर गाडीमै गुडीरहेको हुन्थ्यो होला ।

भारतमा मनमोहन सिंहकै प्रसङ्गमा चर्चा गर्दा दुनियाँभर नै कस्ता व्यक्तिले राजनीति गर्ने वा राजनीतिमा कस्ता व्यक्ति आउने भन्ने कुनै स्थापित नियम छैन । विभिन्न क्षेत्रबाट समाजलाई प्रतिनिधित्व गरेर आफूलाई पुष्टी गरेका, देशका लागि केही योगदान गर्न सक्छु भन्ने दृढ इच्छाशक्ति बोकेका र मूलतः समाजमा स्वीकार्यता भएका व्यक्तिहरू राजनीतिमा आउँदा त्यसले राजनीतिप्रति जनताको विश्वास र भरोसा वृद्धि हुन्छ ।

हिजो एउटा कालखण्डमा मुलुकमा प्रजातन्त्र प्राप्तिको संघर्ष सुरु हुँदा समाज निकै पिछडीएको थियो, उक्त समयमा नेतृत्वको कुशलता, कुशाग्रताले समाजमा विचार निर्माण भयो । त्यसका आधारमा राजनीतिक दलहरू बने, सबैजसो प्रमुख राजनीतिक दलहरू सरकारमा रहेर पनि काम गरिसकेका छन् ।

विश्वव्यापीकरण, दूरसञ्चार क्रान्ति, पूर्वाधार विकासको तीव्रताले पछिल्लो तीन दशकमा विश्वमा अभूतपूर्व परिवर्तन भएको छ । त्यसको धेरथोर लाभ हामीले पनि लिएका छौं, तर पर्याप्त लाभ लिन सकेका छैनौं । आजपर्यन्त हाम्रो मुलुक आज पनि गरिब मुलुकको सूचीमा अग्रस्थानमा छ, गरिब भएर बाँच्न नेपालीहरू अभिशप्त छन् । परिवर्तित समाजले आज जुनसुकै दलको सरकार बनेपनि त्यसबाट 'डेलिभरी' खोजेका छन् ।

अपवादबाहेक धेरैजसो उदाहरणहरूले के देखाएका छन् भने राजनीतिज्ञ सँगै विज्ञ, व्यवस्थापनको राम्रो ज्ञान भएको र इच्छाशक्ति भएको मानिसहरूको 'फ्युजन' भयो भने त्यसले आर्थिक-सामाजिक रूपान्तरण ल्याउन सक्छ । हामीकहाँ नै पनि राज्यनियन्त्रित अर्थव्यवस्थाबाट आर्थिक उदारीकरणमा प्रवेश गर्न प्रतिबद्ध नेतृत्व र त्यसलाई कार्यान्वयन गर्ने 'ब्रेन' हरूको 'फ्युजन'ले नै सम्भव भएको हो । गन्तव्य किटान सहित सरकारको यो कार्यकालभित्र हामी यी-यी उपलब्धि हासिल गर्दैछौं भन्ने प्रष्ट मार्गचित्र (रोडम्याप)सहित २०४८ देखि २०५१ मा भएका कामले नै आधुनिक नेपालको अर्थतन्त्रको जग बनेको हो । उक्त सुधारले आज मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा झण्डै ३५ प्रतिशत योगदान गर्ने दूरसञ्चार, एभिएसन, हस्पिट्यालिटी, वित्तीय क्षेत्र तथा शिक्षा र स्वास्थ्य क्षेत्रको विकास भएको छ । राजनीतिक ध्रुवीकरण, द्वन्द्व र लामो संक्रमणकालीन राजनीतिको चपेटामा नपरेको भए हाम्रो वास्तविकता फरक भइसक्ने थियो भन्नेमा कुनै सन्देह छैन ।

संविधान निर्माण भइ २०७४ मा सम्पन्न आम निर्वाचनबाट झण्डै दुई तिहाई बहुमतसहित आएको सरकारका लागि देशको रूपान्तरणकारी विकासका लागि स्वर्णीम समय प्राप्त थियो । त्यसको पनि सदुयोग हुन सकेन ।

समाजले रूपान्तरणकारी विकास खोजेको छ, भोलि जो सुकै सरकारमा आएपनि कार्यान्वयन संरचनामा सुधारका लागि काम गर्न सक्ने मानिसहरू ल्याउन सकेनौं भने भोलिको अवस्थामा

पनि तात्विक फरक नहोला । 'डेलिभरी' दिन नसक्ने हो भने को सत्तामा थियो वा थिएन भन्ने विषयले खासै ठूलो अर्थ राख्दैन ।

सुरुवातमा मैले कस्ता व्यक्तिले राजनीति गर्ने भन्ने प्रश्नबाट पाठकलाई डोऱ्याएको थिएँ । वास्तवमा हाम्रो समाजको सतही बहसले कस्ता व्यक्तिले राजनीति गर्ने भन्ने सम्बन्धमा एकखालको गलत छाप आम जनमानसमा पारेको देख्छु । सुरु देखि नै राजनीति गर्न विद्यार्थी राजनीति वा कुनै पनि पेशागत संघसंगठनमा लामो समय काम गरेको अझै पूर्णकालीन राजनीतिमै सहभागी भएको व्यक्ति वा सबैभन्दा ठूलो मानकका रूपमा कति वर्ष जेल जीवन व्यतीत गरेको हो भन्ने विषयलाई बनायौं । त्यो कति सही वा गलत हो भनेर हामीले हाम्रो आलोचनात्मक चेतलाई शायदै प्रयोग गरेका छौं ।

राजनीतिका सम्बन्धमा अरस्तु (एरिस्टोटल) ले बडो सान्दर्भिक र मार्मिक विचार व्यक्त गरेका छन्, 'यदि तिमी राजनीतिमा प्रवेश गर्न इन्कार गर्छौं भने त्यसको एउटा दण्ड के हो भने तिमी आफूभन्दा कमसल मानिसहरूबाट शासित हुनुपर्छ ।'

वास्तवमा आफ्नो सोच र कौशलबाट आम जनताको जीवनस्तर विकासमा योगदान गर्नसक्छु भन्ने विश्वास (कन्भिक्सन) बोकेका व्यक्तिहरू राजनीतिमा आउनुपर्छ ।

योग्य व्यक्तिहरू समाजमा राजनीतिमा होलान्, पेशाकर्मी, विज्ञ विशेषज्ञ, उद्यमी व्यवसायी जुनसुकै स्वरूपमा छन्, तिनीहरू राजनीतिमा आउनुपर्छ । मुलुकलाई बदल्नका लागि तिनीहरू राजनीतिमा आउनैपर्छ र राजनीतिक नेतृत्वले पनि सकेसम्म धेरै व्यवस्थापकलाई आफ्नो टीममा राखेर परिणाममुखी काममा केन्द्रित गरेको खण्डमा रूपान्तरण सम्भव छ ।

मिडिया समीक्षा



शिलापत्र

पूर्णकालीन राजनीतिमा किन हाम फाले विनोद चौधरी ?

हुनलाई उद्योगपति विनोद चौधरी दुईपटक सांसद भइसके । एकपल्ट एमालेबाट, अर्कोपल्ट कांग्रेसबाट । दुवैचोटि संसद् छिर्न उनले समानुपातिक बाटो रोजे । तर, यसपालि चौधरी कांग्रेसको झण्डा लिएर प्रत्यक्ष चुनाव लड्न नवलपरासी झरेका छन् ।

अब ६७ वर्षे चौधरी पूर्णकालीन राजनीतिमा होमिएका छन् । कांग्रेसले चौधरीलाई नवलपरासी- १ (बर्दघाट सुस्ता पश्चिम) बाट प्रतिनिधिसभा सदस्यको टिकट दिएको छ । आइतबार उम्मेदवारी दर्ता गराएका उनी निर्वाचन क्षेत्रमा भोट माग्न निस्किसकेका छन् ।

उनी भारतबाहेक दक्षिण एसियाकै एक मात्र डलर अर्बपति हुन् । नेपालका ठाउँ-ठाउँमा उनका सफल व्यवसाय छन् । हजारौँलाई रोजगारी दिएको चौधरी ग्रुपका प्रमुख अनि धेरैका लागि प्रेरणाका स्रोत पनि हुन् उनी ।

अर्कातिर 'जुनै क्षेत्रमा पनि राजनीति भयो, सही राजनीति कसैले गरेनन् । जसले गर्दा देश बिग्रियो' भन्ने आमटिप्पणी छ । यस्तोमा उनी किन पूर्णकालीन राजनीतिमा हाम फाले त ?

दुई साताअघि उनकै कार्यकक्षमा पुगेर हामीले सोधेको प्रश्नमा चौधरीले भने, 'राजनीतिमा त म पहिलेदेखि नै छु । संसद्मा थिएँ । वडामा गएर चुनाव लडेँ, निर्विरोध भएँ । भृकुटीमण्डपमा कांग्रेस महाधिवेशनमा दुईतिर लाइन लागेका सबै प्रतिनिधिलाई हात जोडेर भोट मागेँ । चौथौँ महाधिवेशनबाट कांग्रेसको केन्द्रीय समिति सदस्य चुनिएँ ।'

तर सांसद त भइसके । अब फेरि किन तेहेरिने त ?

अहिलेकै राजनीतिक शैली र प्रवृत्तिबाट परिवर्तन सम्भव नदेखेरै आफू प्रत्यक्ष राजनीतिमा आएको जवाफ उनले दिए । विकास र समृद्धिका लागि राजनीति र शासन व्यवस्थाको केन्द्रमा आर्थिक प्रणालीलाई राख्नुपर्ने भनाइ उनको छ ।

कुशल व्यवस्थापकका रूपमा आफ्नो उद्योग, व्यवसायलाई सफल पारेजसरी नै राजनीतिमार्फत देशलाई सफल बनाउने चौधरी बताउँछन् । 'यति धेरै राजनीति हुने देशको आर्थिक, सामाजिक चित्र हेर्नुस् त, कति भयानक छ ?', उनले भने, 'तर आफ्नो त्रुटि स्वीकार्न कुनै पार्टी वा नेता तयारै छैनन् । आर्थिक एजेण्डालाई प्राथमिकतामा राख्न कुनै पार्टी गम्भीर छैनन् ।'

'यसका लागि राजनीति नै किन गर्नुपऱ्यो ? जो जुन क्षेत्रमा छ, उसले त्यही क्षेत्रमा इमानदारीपूर्वक

काम गरिदिए हुन्न र ? तपाईं आर्थिक क्षेत्रमा सक्रिय हुनुहुन्छ, यसैमा राम्रोसित काम गरिदिए त भैहाल्यो नि, राजनीति नै गर्नुपर्छ र ?,' हामीले उनलाई सोध्यौं ।

चौधरीको जवाफ थियो, 'म संसद्मा बसें । व्यवसायसँगै निजीक्षेत्रका संघ/संगठनहरूको नेतृत्व पनि गरें । ती संस्था शक्तिशाली पनि भए । तर, मैले स्वीकार्नुपर्छ, जनताका लागि ठूलो लाभ हुनेगरी परिवर्तन गर्न सकिनँ । र, परिवर्तन गर्ने भनेको राजनीतिबाटै हो भन्ने कुरा मैले महसुस गरें । सबैभन्दा ठूलो नीति भनेकै राजनीति हो । अर्कै क्षेत्रमार्फत मैले एउटा टोलमा परिवर्तन ल्याउन सकौंला, एउटा ग्राम बनाउन सकूंला, धाम बनाउन सकूंला, चौधरी ग्रुप बनाउन सकूंला । तर, राष्ट्रव्यापी परिवर्तन ल्याउन नसकिने रहेछ । म यहाँ बसेर देश बनाउन सक्दिनँ । देश बनाउन मैले तय गरेका भिजन लागू गर्न आफ्नो हस्ताक्षर चल्ने ठाउँमा पुग्नैपर्छ । ताकि मेरो एउटा दस्तखतले ५० वटा बूढानीलकण्ठ स्कुल बनाउन सकियोस् । ५० वटा ग्राम बनाउन सकियोस् । ५० वटा विशेष आर्थिक क्षेत्र बनाउन सकियोस् । यस्ता थुप्रै योजना लागू गर्न सकिन्छ ।'

उनले बंगलादेश र भारतको उदाहरण पेस गर्दै भने, 'बंगलादेशी क्याबिनेटका ५० प्रतिशत सदस्य हामीजस्तै बिजनेस म्यानहरू छन् । भारतका राजमार्गहरूलाई अहिले अमेरिकी सडकसँग दाँजिन्छ । भारतको अनुहार चेञ्ज गरिदिने मन्त्री नितिन गडकरीको पृष्ठभूमि व्यवसाय नै हो । अमित शाह पनि बिजनेस म्यान नै हुन् ।'

उनले थपे, 'बिजनेस म्यान भनेका पैसाको थैली मात्र हुन् भन्ने सोच राजनीतिक दलहरूले त्याग्नुपर्‍यो । भिजन र प्रभावकारी योजना भएकैले कुनै व्यवसायी सफल बनेको हुन्छ । ऊसित देश बनाउने आइडिया पनि हुन्छ ।'

एक राजनीतिज्ञमा व्यवस्थापनसम्बन्धी ज्ञान पनि हुनुपर्ने उनको तर्क छ । 'एउटा विनोद चौधरी मात्रै होइन, आ-आफ्नो क्षेत्रमा सफल भएका, कुशल व्यवस्थापक, देशका लागि कार्यान्वयनयोग्य, जनमुखी भिजन भएकाहरू राजनीतिमा आउनैपर्छ । मेरो सक्रियता एउटा सन्देश पनि हो', उनले भने ।

राजनीतितिर धारे हात लाउँदै देश बनेन भनेर आफूचाहिँ यसबाट नपन्छिन उनी क्षमता भएकाहरूलाई आग्रह गर्छन् । अनि राजनीतिमा युवाहरूको दबाबमूलक सहभागितामा जोड दिन्छन् । दलहरूले पनि नवीन र प्रभावकारी योजना भएका व्यक्तिहरूलाई ठाउँ दिनुपर्ने उनको भनाइ छ ।

'तपाईं दुईपल्ट सांसद भइसक्नुभयो, तेस्रोपल्ट संसदमा ल्याउन तपाईंलाई जनताले किन भोट हाल्ने ? दुई कार्यकालमा के गर्नुभयो ?'

'पहिलोचोटि संविधान लेख्ने जिम्मेवारी थियो । त्यो बेला संविधानसभामा आएको ठूलो दल फरक सोच र सिद्धान्तको थियो । अलग किसिमको सोचलाई उनीहरूले अगाडि बढाइरहेका थिए । यस क्रममा देशलाई हानि हुने अव्यावहारिक र अवैज्ञानिक कुराहरू संविधानमा नपरून् भनेर मजस्ता व्यवसायी संविधानसभामा गएका थियौं', उनले भने ।

कुनै पार्टीको सदस्यका रूपमा भन्दा पनि आर्थिक क्षेत्रको प्रतिनिधित्व गरेर आफूसहितका केही

व्यवसायीहरू सरसल्लाह गरेरै विभिन्न दलको कोटाबाट संविधानसभामा गएको उनले बताए । त्यहाँ आफूहरू खरो रूपमा उत्रेको उनको दलिल छ । 'नजिता संविधानमै देखिन्छ', उनले भने, '२०७४ सालमा पनि संगठनमा बसेर सक्रिय राजनीति गर्ने मेरो इच्छा थिएन । मैले आफ्नो काम पनि गरेँ । आर्थिक विकासका नीतिबारे हाउसमा प्रश्न गर्थें, आफ्ना कुरा राख्थें ।'

त्यसपछि आफूलाई पार्टीका नेतासँग राम्रो सम्बन्ध भएर वा हाउसमा बोलेर मात्रै परिवर्तन सम्भव नहुने रहेछ भन्ने महसुस भएको चौधरी बताउँछन् । 'त्यसका लागि त खेलाडी नै हुनुपर्ने रहेछ । त्यसैले स्पष्ट भिजन र नयाँ जोसका साथ पूर्णकालीन राजनीतिमा आएको हुँ । जनताले मलाई पत्याउनेछन्', उनले विश्वाससमेत प्रकट गरे ।

चुनाव लड्न कस्सिएका चौधरीलाई बजेट बनाउने सरकारी काममा हस्तक्षेप गरेको आरोपसमेत लागेको थियो । 'तपाईं सांसद हुनुभयो, मन्त्री बन्नुभयो वा नीतिगत निर्णय गर्ने ओहदामा पुग्नुभयो भने त स्वार्थअनुकूल काम गर्नुहोला भन्ने शंका गर्नेहरूलाई के भन्नुहुन्छ ?' शिलापत्रको प्रश्नमा उनको जिकिर छ, 'एउटा स्थापित व्यवसायीले भ्रष्टाचार गर्दैन । मैले पैसा कमाइसकेको छु, अब मलाई पैसा कमाउनकै लागि राजनीति गर्न के जरुरी छ र ?'

मुलुकको आर्थिक समृद्धि नै आफ्नो राजनीतिक सपना भएको चौधरीले बताए । 'आफ्ना लागि मेरो सपना केही छैन । नेपालबाट पढाइका लागि वार्षिक १ खर्ब रुपैयाँ विभिन्न देशका क्याम्पस र विश्वविद्यालयमा जाँदैछ । नेपालमा त्यस्तै अब्बल क्याम्पस र विश्वविद्यालय स्थापना गरेर यहाँबाट बाहिरिने खर्बौं रुपैयाँ रोक्दै विदेशी पैसाचाहिँ भित्र्याउने मेरो सोच छ । यति मात्रै होइन, हरेक क्षेत्रमा यस्ता योजना लागू गर्न सकिन्छ,' उनले भने ।

राजनीतिक यात्रा

२०६४ सालमा चौधरी एमालेको समानुपातिक कोटाबाट संविधानसभा सदस्य बनेका थिए । २०७० सालमा नवलपुर एमालेले प्रतिनिधिसभामा प्रत्यक्ष चुनाव लड्न उनको नाम सिफारिस गऱ्यो । तर, उनी चुनाव लड्न गएनन् । २०७४ सालमा कांग्रेस प्रवेश गरी उनी समानुपातिक सांसद बनेका थिए । २०७८ सालमा कांग्रेसको १४औं महाधिवेशनमा मधेसी कोटाबाट कांग्रेस केन्द्रीय सदस्य चुनिएका उनी आउँदो ४ मंसिरमा नवलपरासी-१ मा प्रतिनिधिसभा सदस्यका लागि 'ब्यालेट भिडन्त' गर्दैछन् ।

यो क्षेत्रमा कांग्रेसले पछिल्ला दुई निर्वाचन लगातार हारेको छ । र, कांग्रेसका लागि चुनौती हुन्, जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठी । २०७० सालमा बाहेक यो क्षेत्रमा त्रिपाठीले अरु कसैलाई जित्न दिएका छैनन् । संसद् छिर्ने प्रयासमा सफल हुन चौधरीले पाँचपल्टका विजेता त्रिपाठीलाई हराउनुपर्नेछ ।

'पार्टीका सबै साथीहरूको मलाई साथ छ । उहाँहरूकै आग्रहमा मैले यो क्षेत्र रोजेको हुँ । मलाई युवाहरूको पनि समर्थन छ । स्थानीय तह, वडाको मत हेर्ने हो भने पनि हाम्रो जित सुनिश्चित छ', चौधरीले भने ।

nepalkhabar

राजनीतिमा विनोद चौधरी

बन्लान् त आर्थिक सुधारका नायक?

सन् १९९१ ताका भारत आर्थिक संकटबाट गुज्रिरहेको थियो । वैदेशिक व्यापार घाटा ७२ अर्ब डलरबाट उकालो लागेको थियो ।

त्यही वर्ष पीवी नरसिंह राव प्रधामन्त्री बने। आर्थिक संकटमा फसेको भारतलाई निकास दिनुपर्ने ठूलो चुनौती उनीसामु थियो । रावले बुझेका थिए- बर्बादीको नजिक पुगेको अर्थतन्त्रलाई सम्हाल्न देश र अर्थतन्त्र बुझेको व्यक्ति चाहिन्छ। राजनीतिक एजेन्डाले मात्र देश बन्दैन ।

त्यसैले उनले मनमोहन सिंहलाई अर्थमन्त्री बनाए । सिंह त्यतिञ्जेल राजनीतिमा लागेका थिएनन् ।

जब मनमोहन सिंहले मुलुकको अर्थतन्त्र सम्हाले, तब भारतले नयाँ लय समात्यो। सिंहले ठूलो विरोधका बावजूद व्यापक आर्थिक सुधारका कार्यक्रम ल्याए र भारतको आर्थिक उदारीकरण गरे ।

पाँच वर्ष अर्थमन्त्री हुँदा उनले बसालेको थितिलाई नै अनुशरण गर्न त्यसपछि बनेका सरकार पनि बाध्य भए। उनले लिएको नीतिले भारतलाई आर्थिक स्थायित्व मात्र दिएन, भारत आज क्रयशक्ति समताका आधारमा विश्वकै तेस्रो ठूलो अर्थतन्त्र समेत बन्न सफल भएको छ ।

दशकौं लामो राजनीतिक उथलपुथलपछि नेपालमा पनि अर्थतन्त्रको मियो बन्न सक्ने पात्रको खोजी राजनीतिक वृतमा पनि भइरहेको भान हुन्छ । ठूला राजनीतिक दलले त्यस्ता पात्रलाई 'स्पेस' दिएर आर्थिक सुधारको थिति बसाल्नु पर्ने कतिपयको तर्क छ ।

यसै सन्दर्भमा पछिल्लो समय उद्योगी विनोद चौधरी राजनीतिमा सक्रिय हुन थालेका छन्। सायद सफल व्यवसायी र अर्थतन्त्र बुझेको व्यक्ति भएकाले हुनुपर्छ चौधरीले मुलुकको अर्थतन्त्रको बागडोर सम्हाल्न सक्छन् भन्ने तर्क पनि सुनिन थालेको छ ।

अहिले कांग्रेसमा सक्रिय रहेका चौधरी नेपालको राजनीतिमा उदाउन सक्लान् त ? सरकारको नेतृत्व गर्ने अवस्था आउँदा के कांग्रेस आर्थिक सुधारको जिम्मेवारी चौधरीलाई दिन तयार होला ?

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहितका शीर्ष नेताले औपचारिक पत्र लेखेरै चौधरीलाई पार्टीमा भित्र्याएका थि। त्यसैले उनलाई सो पार्टीको नेतृत्वमै स्थापित गरिने आकलन पनि हुँदै आएको छ ।

चौधरी आफैंले पनि मुलुकको अर्थतन्त्र परिवर्तन गर्न आफू राजनीतिमा आएको बताउने गरेका छन् । पीबी नरसिंह रावले मनमोहन सिंहलाई दिएको राजनीतिक 'स्पेस'को प्रसंग उठाउँदै केही समयअघि

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को अन्तरक्रिया कार्यक्रममा चौधरीले भनेका थिए, 'म त्यही कारणले राजनीतिमा छु। मेरो सपना छ, म हेर्न चाहन्छु- नेपालको नयाँ पिँढीले अबको पाँच वर्षपछि यही पीडा भोग्न नपरोस्, जुन मैले ४० वर्षदेखि भोगिरहेको छु।'

नेपालले भोगिरहेका थुप्रै आर्थिक समस्या सन् १९९० मा भारतले भोगेको समस्यासँग मिल्दोजुल्दो छन् । मुलुकभित्र उत्पादन राम्रो छैन। जग्गा बाँझो छ तर भारतबाट तरकारी र फलफूल आयात भइरहेको छ । वैदेशिक व्यापार घाटा पछिल्लो ७ महिनामा ७ खर्बभन्दा धेरै छ । रोजगारी सिर्जना हुन सकेको छैन । युवाहरु जीविकाका लागि खाडी मुलुक जान बाध्य छन् । राजनीतिक दलले अर्थतन्त्र सम्हाल्ने भिजन भएको नेतालाई अगाडि सार्न सकेका छैनन् ।

गत तीन दशकको इतिहासले के देखाउँछ भने आर्थिक सुधार गर्न सहज छैन । २०४६ सालको राजनीतिक परिवर्तनपछि आर्थिक विकासलाई मुख्य प्राथमिकतामा राखिएको नेताहरुले बताएका थिए। तर, त्यसअनुसारका योजना कार्यान्वयन भएको देखिँदैन ।

मुलुकको आयआर्जन बढाउने त्यही गाह्रो काम फत्ते गर्न चौधरीको स्पष्ट मान्यता छ- असल र क्षमतावान् मानिसलाई ठाउँ दिइनुपर्छ । राजनीति परिवर्तन गर्ने हो भने त्यस्ता मान्छे राजनीतिमा आउन जरुरी छ ।

'लिभिङ रुममा बसेर राजनीतिलाई गाली गर्ने तर सच्चा राजनीति गरेकालाई सघाउन राजनीतिमा आउन डराउने मानसिकतामा परिवर्तन आउनु पर्छ,' चौधरीले आफू मुलुकको चुनौतीलाई स्वीकार्न तयार रहेको जनाउँदै भनेका छन् ।

राजनीतिलाई नेतृत्व दिन सक्ने र आर्थिक क्षेत्रलाई पनि परिवर्तन गर्न सक्ने सक्षम मान्छेहरु राजनीतिको 'एक्स्ट्रिम माइनोरिटी'मा हुँदा मुलुक सधैँ यथास्थितिमा रहेको उनको बुझाइ छ ।

'विदेशमा जहाँ सफल व्यवसाय छ, त्यहाँ निजी क्षेत्र वा व्यवसायीहरुको नेतृत्वले बोलेका कुरालाई आत्मसात गरेर राजनीतिक नेताले काम गर्छन्,' उनी भन्छन्, 'त्यस्तै वातावरण नेपालमा पनि हुनुपर्छ भनेर म राजनीतिमा आएको हुँ । भोलिका निम्ति नयाँ पिँढीलाई बाटो बनाउने हो भने केही न केही मान्छेले बलिदान गर्नैपर्छ ।'

नेपालको एक मात्र डलर अर्बपति चौधरी विश्वका विभिन्न ठाउँमा पुरदा उनलाई बारम्बार सोधिने प्रश्न हो, 'तपाईं व्यवसायमा त सफल हुनुभयो । आफ्नो देश र जनताका निम्ति के गर्नुभएको छ ?'

यही प्रश्नलाई चिर्न राजनीतिमा लागेको उनी बताउँछन् ।

राजनीति र चौधरीको सम्बन्ध

'राजनीतिबाट म टाढा जान खोजे पनि राजनीति मबाट टाढा जान सकेन । म जीवनमा कुनै न कुनै तरिकाले राजनीतिमा रहिरहेँ,' चौधरीले भनेका छन् ।

उनले भनेजस्तै उद्योग वाणिज्य महासंघ होस् वा नेपाल उद्योग परिसंघमा हुँदा होस्, उनले हमेसा राजनीति र सरकारसँग नजिक रहेर काम गरे ।

२०४६ सालमा उद्योग वाणिज्य महासंघमा छिरेका चौधरी २०५० मा अध्यक्ष भए । जुन बेला मुलुक परिवर्तनको चरणबाट गुज्रिरहेको थियो । ०४६ पछि एकातिर कृष्णप्रसाद भट्टराईको नेतृत्वमा संविधान लेख्ने प्रयास भइरहेको थियो भने अर्कोतर्फ भारतसँगको गतिरोध अन्त्य भएर नयाँ प्रकारको सम्बन्ध विकास भएको थियो ।

प्रधानमन्त्री भट्टराईसँग उनको राम्रो हिमचिम थियो ।

'यु ह्याभ टु बी माइ इकोनोमिक एड्भाइजर, विनोद,' भट्टराईले आफूलाई बारम्बार भनेको यो कुरा उनले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।

त्यो बेला पनि चौधरी महासंघमार्फत निजी क्षेत्रको आवाज कसरी बाहिर ल्याउन सकिन्छ भनेर लागिपरेका थिए । टिप्पणीतन्त्र र लाइसेन्सराजको बोलवालालाई हटाउन पहल गरिरहेका थिए । त्यसका लागि कृष्णप्रसाद भट्टराईदेखि गिरिजाप्रसाद कोइरालासँग सहकार्य गरेका थिए । नेपाल उद्योग परिसंघमा आइसकेपछि पनि उनले सोही काम जारी राखे ।

सभासदको रुपमा संविधानसभामार्फत संविधान बनाउन पनि चौधरीले भूमिका खेले । तर, त्यसपछि भने उनी केही समय राजनीतिमा सक्रिय देखिएनन् । २०७४ सालको चुनावदेखि उनी नेपाली कांग्रेसमा सक्रिय रुपमा लागेका छन् ।

गरिखाने अभियानमार्फत बनाउँदै गरेको 'स्पेस'

कांग्रेसको राजनीतिमा लागेसँगै नेतृत्वदायी भूमिका खेल्न उनले 'स्पेस' बनाइरहेका छन् । सो पार्टीले आर्थिक सुधारको लागि काम गर्न सक्ने लगानी, पूर्वाधार र रोजगार: दृष्टिकोण एवं दिगो परियोजना केन्द्रित विशेष समिति गठन गरेर चौधरीलाई संयोजक बनाएको छ ।

यस समितिमा उमेश श्रेष्ठ, इन्द्र बानियाँ, दीपक खड्का, अनिल रुङ्गटा लगायतका व्यवसायी छन् । यो समितिले तल्लो वर्गसम्म पुग्न भनेर 'गरिखाने अभियान' सुरु गरेको छ ।

जसको कार्यान्वयनका निम्ति कर्मभूमि नेपाल नामक संस्था दर्ता भएको छ ।

'यो नेपाली युवाहरुलाई उद्यमी बनाउने अभियान हो,' नेपालखबरसँग चौधरीले भने, 'यो संस्थाले उद्यम गर्न चाहनेलाई आवश्यकता अनुसार साधन, सीप र स्रोतको उपलब्धता सुनिश्चित गर्छ ।'

केही काम गर्ने सोच बनाइसकेका तर कसरी गर्ने, के गर्ने, स्रोत साधन नभएका, काम गरिरहेका तर त्यसलाई अगाडि बढाउन नसकेका मानिसलाई कर्मभूमिमा जोड्ने यस अभियानको प्रयास हो ।

यसैक्रममा विभिन्न पालिका र बैंकसँग सम्झौता सुरु भएको छ । यसमा बैंकहरु पनि उत्साहित छन् । डेढ महिनाअघि सुरु भएको यो अभियानलाई आम मानिससम्म पुऱ्याउने योजना बनिरहेको छ ।

चौधरीको नेतृत्वमा वीरगन्ज, हेटौंडा, मुग्लिन, पोखरा, झापामा 'रोड शो' भइसकेको छ ।

यस्तो खालको कार्यक्रम मुलुकभरका ५० वटा सहरमा गर्ने योजना उनीहरुको छ । हजारौंलाई बैंकिङ फाइनान्सको पहुँच र तालिम दिने योजना छ ।

अभियान सुरु भएको छोटो अवधिमै ४ सयभन्दा धेरै प्रस्ताव आइसकेका छन् । यसलाई बैंकिङ प्रपोजल बनाएर बैंकसम्म पुऱ्याउँदै छन् ।

यो अभियानले मुलुकभर ६० लाखभन्दा धेरै युवाको उद्यमशीलता विकास गर्ने चौधरीले बताउँदै आएका छन्। यही अभियानका लागि चौधरी मुलुकभर दौडिरहेका छन् । ठाउँठाउँमा पुगेर स्थानीयसँग भेटघाट गरिरहेका छन् ।

यही लगाव र जाँगरका कारण चौधरी कांग्रेसको राजनीतिमा पनि स्थापित भइरहेको चौधरीसँग काम गरिरहेकाहरु बताउँछन् ।

'उहाँको काम गर्ने शैली गजब छ। कुनै कुरामा लागेपछि त्यसलाई सफल नपारी छोड्नुहुन्न्,' उनीसँगै काम गरिरहेकाहरु भन्छन्, 'दिनभर कार्यलयमा काम गरेपछि घरमा पनि काम गर्ने उहाँको बानी छ ।'

'कांग्रेसका लागि महत्वपूर्ण'

कांग्रेसले पनि चौधरीको राजनीतिक इच्छाशक्तिले पार्टी र मुलुकलाई सहयोग हुने ठम्याएको देखिन्छ । त्यही कारण कांग्रेसले आर्थिक सुधारका निम्ति काम गर्ने समितिको जिम्मा उनलाई नै दिएको हो ।

कांग्रेस नेता रमेश लेखक विनोद चौधरीजस्तो मुलुकको अर्थतन्त्र बुझेको व्यक्ति पार्टीका लागि निकै महत्वपूर्ण हुने ठान्छन् ।

'विविध विधाका मान्छे राजनीतिमा आउँदा बल्ल राजनीति राम्रो हुन्छ,' लेखकले भने, 'विनोद चौधरी उद्यम र अर्थतन्त्र राम्रो बुझेको मान्छे हुनुहुन्छ । उहाँजस्तिको सफल व्यवसायी जुनसुकै पार्टीका लागि महत्वपूर्ण हुन्छ ।'

सफल व्यवसायीहरु राजनीतिमा आउने चलन विश्वभर छ । तर, अर्बपतिहरु राजनीतिमा आउँदा स्वार्थ बाझिने काम भने हुन नहुने योजना आयोगका पूर्वउपाध्यक्ष तथा कांग्रेस नेता गोविन्दराज पोखरेलको मत छ ।

'मुलुकको विकासका लागि जानेको, बुझेको, अनुभवी व्यक्ति राजनीतिमा आउँदा राम्रो हुन्छ,' पोखरेल भन्छन्, 'तर, उनीहरुको काम स्वार्थ बाझिने खालको हुनुहुँदैन ।'

उनले अमेरिकाको उदाहरण दिँदै राजनीतिमा लागेका व्यवसायीहरुले आफ्नो व्यवसायलाई फाइदा पुग्नेगरी नीति निर्माण नगर्ने बताए ।

नेपालको अहिलेको राजनीतिक अवस्थामा चौधरीजस्ता सफल व्यवसायी राजनीतिमा आउनु शान्ति प्रक्रियापछिको स्थायित्वको लागि फलदायी हुने पोखरेलको विश्लेषण छ ।

राजनीतिक द्वन्द्वपछि देशले आर्थिक उन्नति गर्न सकेन भने पुनः द्वन्द्वको जोखिम रहन्छ । द्वन्द्वपछिको संक्रमणकालीन अवस्थामा राजनीतिक दलका नेताको ध्यान राजनीतिक संरचनाहरु बनाउनेतर्फ मात्रै केन्द्रित हुन्छ । गएको दशकमा नेपालमा पनि त्यही भयो । कस्तो व्यवस्था, कस्तो, संविधान, कति सांसद, कस्तो संघीयता भन्नेमा सबैको ध्यान केन्द्रित भयो ।

त्यो अवधि सकिएपछि पनि नेताहरुको ध्यान आर्थिक विकासतर्फ पूर्णरुपमा केन्द्रित भएको छैन ।

'यही ग्यापका कारण अहिले नेपाल फेरि संक्रमणतिर जान लागेको देखिन्छ,' पोखरेल भन्छन्, ' शान्तिलाई स्थायित्व दिने भनेको आर्थिक सशक्तिकरणले नै हो । त्यो सोच राखेर विनोद चौधरीजस्ता उद्योगपति राजनीतिमा आउनुहुन्छ र राम्रो नीति बनाउने तहसम्म पहुँच पुऱ्याउनुहुन्छ भने मुलुकको लागि धेरै राम्रो हो ।'

कांग्रेस मुलुककै पुरानो र सयौँ पुराना नेता भएको पार्टी हो । यस्तो पार्टीमा विनोद चौधरी जस्ता नवप्रवेशीको लागि 'स्पेस' बनाइराख्न गाह्रो हुनसक्ने कतिपयको विश्लेषण छ ।

त्यस्तो ठाउँ बनाइराख्न जोकोही कांग्रेसको दर्शनबाट प्रशिक्षित हुनुपर्ने र जनताबाट निर्वाचित भएर आउनुपर्ने पोखरेल बताउँछन् ।

'जनताबाट परीक्षण हुने र पार्टीबाट सफल रुपमा प्रशिक्षित हुनेलाई नयाँ या पुरानो भन्नुहुँदैन,' पोखरेलले भने, 'जनताले पत्याए र दर्शनमा प्रशिक्षित भए त्यस्ता मान्छेलाई ठाउँ दिनुपर्छ ।'

नवलपुरबाट प्रत्यक्ष उम्मेदवारी

चौधरी त्यस्ता सफल व्यवसायी हुन्, जो सानो कपडा व्यवसायलाई विश्वभर फैलाउँदै मुलुकको एक मात्र डलर अर्बपति बन्न सफल भएका छन् । सानो मेहनत र लगावले यो सम्भव थिएन ।

उनका हजुरबुबा भुरामलले सुरु गरेको व्यवसायलाई उनका छोरा लुनकरणदासले थप विस्तार गरे । न्युरोडमा कपडा पसल राखेका लुनकरणदासको व्यापारलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने काम गरे विनोद चौधरीले ।

यो व्यवसाय तेस्रो पुस्तामा आइपुग्दा चौधरीले व्यावसायिक साम्राज्य नै खडा गरिसकेका छन् । नेपालकै पहिलो बहुराष्ट्रिय व्यावसायिक घराना चौधरी ग्रुपले अहिले ४० भन्दा धेरै उद्योग सञ्चालन गर्छ। फोर्ब्स पत्रिकाका अनुसार अहिले चौधरीको सम्पत्ति १ अर्ब ७० करोड डलर पुगिसकेको छ । आज उनी सीजी कर्प ग्लोबलका अध्यक्ष छन् ।

चौधरीले बैंक तथा वित्तीय संस्था, खाद्यान्न, इलेक्ट्रोनिक्स, निर्माण सामग्री, होटल, जडिबुटी, रियल स्टेटलगायत हरेक क्षेत्रमा लगानी गरेका छन् । नेपालबाट सुरु भएको वाइवाइ चाउचाउ दक्षिण एसियासहित अफ्रिका, युरोप र अमेरिका पुऱ्याएका छन् ।

उनले आफ्नो व्यवसाय मात्र गरेका छैनन्। चौधरी फाउन्डेसनमार्फत सामाजिक उत्तरदायित्वका कामहरू गरिरहेका छन् । अहिले सीजी इन्डस्ट्रियल पार्क रहेको नवलपुर क्षेत्रको विकासका लागि योजनाबद्ध रुपमा काम गरिरहेका छन् ।

साविकको नवलपरासी दुई भागमा बाँडिएपछि नवलपुरको आर्थिक तथा सामाजिक सुधारका निम्ति 'नमुना नवलपुर जिल्ला विकास योजना' अगाडि बढाएका छन् ।

'हामीले सामाजिक र आर्थिक रुपमा रुपान्तरण भएको नवलपुरको सपना देखेका छौं जहाँका नागरिक आर्थिक रुपमा मात्रै सम्पन्न हुने छैनन् । बरु सुखी र खुसी पनि हुनेछन्,' नमुना नवलपुर जिल्ला विकास योजना परिकल्पना दस्तावेज २०७५ मा चौधरीले लेखेका छन् ।

चौधरी फाउन्डेसनमार्फत सुरु भएको उक्त योजनालाई त्यहाँका सम्पूर्ण राजनीतिक दल, स्थनीय तह, संघसंस्थाले सहयोग गरिरहेका छन् । उनी नवलवपुरका हरेक स्थानीय तहमा घुमेका छन् । स्थानीयको दुःखसुख बुझेका छन् ।

सो क्षेत्रका लागि चौधरी फाउन्डेसनले गरेको यी सबै कामका कारण उनलाई त्यहाँ प्रत्यक्ष चुनाव लड्न पनि परिस्थिति सहज छ ।

नवलपुर आफ्नै परिवारजस्तो भएकाले चुनावमा उम्मेदवार हुन त्यहीं जानसक्ने उनले बताउँदै आएका छन् ।

समाजसेवामा पनि चौधरी सक्रिय रुपमा लागिरहेका छन् । २०७२ सालको भूकम्पले भत्किएका घर बनाउन चौधरी भूकम्पबाट अति प्रभावित १४ वटै जिल्ला पुगे । उनले तीन हजार आवास निर्माण गरेर १५ हजारभन्दा बढी नागरिकलाई छानो दिए ।

कोरोनाको महामारीमा उनी पीपीई, स्यानिटाइजर र मास्क बोकेर मेचीदेखि महाकालीसम्म दौडिए । सरकारलाई भेन्टिलेटरहरु उपलब्ध गराए ।

तराईमा बाढी आउँदा होस् या हुरीले घर उडाउँदा होस्, उनी प्रायः सहयोग लिएर जनताका अगाडि हाजिर हुन्छन् ।

'मेरो प्राथमिकता समाज सेवा हो,' चौधरी भन्छन्, 'हामीले जनताका लागि केही गरेर देखाउनु पर्छ । मेरो जीवनलाई सार्वजनिक सेवामा लगाउनुको उद्देश्य पनि यही हो ।'

चौधरीको यो तयारीले राजनीतिमा उनले फड्को मार्दै गरेको संकेत गर्छ। आगामी निर्वाचनमा प्रत्यक्ष चुनावमार्फत प्रतिनिधि सभामा पुग्ने र त्यसपछि देशको आर्थिक सुधारका लागि नेतृत्वदायी भूमिका खेल्ने मार्ग उनले तय गर्दै गरेको देखिन्छ ।

https://nepalkhabar.com/magazine/51469-2021-3-1-7-46-49?fbclid=IwAR36w_TOyu1WSX-MjaD0sHrsrriGtIFs2g_cyjUwTqaVkskrkgJtwF8XMz8

हाम्रा कुरा
hamrakura.com

राजनीतिमा विनोद चौधरी

अर्थनीति र समृद्धिको बन्न सक्छन् मियो

गतवर्ष वैशाखको दोस्रो साता हुनुपर्छ, नेपाली कांग्रेसका नेता एवं सांसद विनोद चौधरी त्रिभुवन विश्वविद्यालयको एउटा सभाहलमा करिब १५ सय विद्यार्थीमाझ बोलिरहेका थिए । उच्च शिक्षाको अध्ययन गरेर देशमै केही गर्ने सपना बोकेका ती विद्यार्थीहरु विनोदको प्रवचन सुनेर लट्ठ थिए । खचाखच हल मौन प्राय थियो । बहुराष्ट्रिय कम्पनी सीजीलाई विश्वस्तरीय बनाउँदाको कथा त छँदै थियो त्यो भन्दापनि राजनीतिमा होमिएर नेपाललाई कसरी समृद्धिको बाटोमा डोहोऱ्याउन सकिन्छ भन्ने योजना सुनाइरहँदा विद्यार्थीहरु तालीको पर्रा छुटाउँथे ।

हुनपनि विनोद चौधरी जब राजनीतिमा होमिए तबदेखि उनी समृद्ध र समुन्नत नेपालको परिकल्पनामा तल्लिन छन् । सीजीलाई जसरी सफलताको सिंढीमा उकाले त्यसैगरी नेपाललाई समृद्धिको आकार दिन उनी महत्वकांक्षी योजनाहरुका साथ तयार रहेको उनको प्रस्तुतीबाट बुझ्न सकिन्छ । तीनै योजनाहरुको सार विद्यार्थीहरुमाझ सुनाइरहँदा सुन्नेहरु मन चंगा भएको अनुभुत गर्थे । विश्वव्यापी धनाढ्यहरुको सूचीमा सूचीकृत भएको एउटा व्यवसायी किन राजनीतिको समुन्द्रमा हामफाल्यो भन्ने जिज्ञासा उनले सुनाएका सपनाहरुबाट काफी हुन्छ ।

अझै विकासोन्मूख नै रहेको नेपालमा थुप्रै सरकारहरु फेरिए । दर्जनौं मन्त्रीहरु झन्डावाला गाडीमा हुइँकिए । सिंहदरबारमा धेरै जना प्रधानमन्त्रीका तस्विरहरु टाँगिए । धेरै वटा घोषणापत्रमा मुलुक समृद्धिको सपनाहरु बाँडियो । स्थिर सरकारको म्यान्डेट लिएर आएका वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले पनि सपना बाँडदा बाँड्दै थाकिसके । तर विनोद सपना पूरा गराउने आँट देखाउँदै सीजीलाई झैं मुलुकलाई समृद्धिको दिशामा अघि बढाउने स्पष्ट म्यान्डेट आफूसँग तयार रहेको दावा गरिरहेका छन् ।

विनोद भन्ने गर्छन्, 'कुनै पनि देशको विकासका लागि राजनीति सही दिशामा चल्नुपर्छ । सबै कुरा ठीकठाक भएपनि राजनीति बिग्रियो भने देश बन्दैन । त्यसैले राजनीतिलाई जनता र समृद्धिसँग जोड्ने संकल्प लिएको छु ।' सुरु सुरुमा विनोदलाई नेपाली राजनीति भित्रको वेथिति उतिसारो ज्ञान थिएन तर अहिले त्यसलाई पनि राम्ररी चिन्न थालिसके । त्यसैले ति वेथितिलाई चिर्न सक्ने सामर्थ्य आफूसँग रहेको उनले बताउन थालेका छन् । कांग्रेस पार्टी आफ्नो एउटा लक्ष्य र बाटो तय गरी आफूले नेतृत्व गरेको सीजी ग्रुपझैं चल्नुपर्छ भन्ने उनी ठान्छन् । र मुलुकु पनि सोही अनुसार सिस्टममा चलाउनुपर्ने उनको मत छ । विश्वव्यापी रुपमा विस्तार भइरहेको सीजीझैं पार्टी चल्यो भने देश पनि चल्छ भन्ने उनको बुझाइ छ । विनोदको काम गर्ने शैलीलाई नजिकबाट बुझेकाहरु भन्छन्, 'राजनीतिमा बगिसकेका विनोदलाई त्यहि राजनीतिको मुलधारमा उभ्याउन नसक्नु पार्टीहरुको दुर्भाग्य हो, उनको भिजन र मिसनलाई आत्मसात गर्न सके वास्तवमै त्यो पार्टीलाई गति अवश्य मिल्नेछ ।' यद्यपी, विनोद यतिबेला

कांग्रेसको फ्रन्टलाइनमा देखिन्छन् । उनको सक्रियताप्रति कतिपय बेखुस रहेपनि बहुसंख्यक खुशी छन् भनिन्छ ।

कांग्रेसमा विनोदको भूमिका के ?

मुलुक संघीयतामा गइसकेपछि 'गाउँ गाउँमा सिंहदरबार' भन्ने नारा खुबै घन्काइएको थियो । प्रतिनिधि सभा, राष्ट्रिय सभा, स्थानिय तहका निर्वाचनहरुपछि बहुमत प्राप्त नेकपा सरकारले लिएको बाटो र सत्ताको बागडोर सम्हालिसकेपछि देखिएका उपलब्धिहरु अनि जनताले भोगेका दुःखहरुलाई मात्र मूल्याकंन गर्ने हो भने सत्तारुढ नेकपाको विकल्प खोजिनुपर्छ भन्ने बहस चर्किरहेको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारी कार्यशैलीको विरोध गरेपनि आफ्नै स्पष्ट भिजन दिन भने कांग्रेसले सकिरहेको छैन ।

कांग्रेस राजनीतिको अग्रभागमा देखिएका पुराना अनुहारहरुले कांग्रेसलाई चमक दिन नसकिरहेको आरोप लाग्दासमेत पार्टीले नयाँ रणनीति अवलम्बन गर्न नसक्नु ठूलो कमजोरी भएको लेखक तथा विश्लेषक नारायण पौडेलको बुझाइ छ । उनी भन्छन्, 'नयाँ अनुहार मात्र होइन भिजन र व्यावहारिक रुपमा सक्षम अनुहार कांग्रेसका लागि आवश्यकता हो ।' आगामी राष्ट्रिय निर्वाचनमा कांग्रेसले तयार गर्ने अर्थनीति र घोषणापत्र मुलुकलाई समृद्धितर्फ लैजाने भएकाले अर्थनीतिका लागि व्यवसायमा सफल भिजनरी पात्रहरु खोजिनुपर्ने उनको सुझाव छ ।

एक्काइसौं शताब्दीजस्तो आधुनिक र डिजिटल युगमा राज्य, सरकार र दलका आधारभूत चरित्र र भूमिका कस्तो हुनुपर्छ भन्ने बहस हुनुपर्ने आवाज उठिरहेको छ । विश्लेषक पौडेलको विचारमा बेलायतको परिवर्तित परिवेशमा आर्थिक नीति स्पष्ट नहुँदा कुनैबेला त्यहाँको लेबर पार्टी र भारतमा कांग्रेस आइको हवीगत जस्तो देखिन्छ नेपाली कांग्रेस त्यस्तै नहोस भन्ने हामी सबैको चाहना हुनुपर्छ । त्यसैले स्पष्ट अर्थनीति र त्यसलाई कार्यान्वयनमा ल्याउने विनोद र विनोद जस्ता पात्रहरुको खोजी हुनुपर्ने माग उठ्न थालेको हो । पार्टी नेतृत्व जसले पार्टी र सरकारलाई एक सिक्काको दुई पाटाको रुपमा लिई आम नागरिकमा आशाको संचार गराउने विनोद जस्ता व्यक्ति समेटिएको नेतृत्व पङतीले पार्टीलाई पुनस्थापित गराएर मुलुकलाई समृद्धिको बाटोमा हिंडाउन सकिने आम बुझाइ छ । सेरेमोनियल भूमिकामा सिमित विनोदलाई कांग्रेसको आसन्न महाधिवेशन सक्रिय राजनीतिमा पुऱ्याउने उपयुक्त फोरम हुनसक्छ ।

जिम्मेवारी पूरा गराइछाड्ने पात्र

नीति र नेतृत्व स्पष्ट भएपछि मिसन सफल बनाउन कुनै चुनौति नहुने विनोद चौधरीको अनुभव छ । संविधानसभा सदस्यका रुपमा उनले अगाडि सारेका अर्थनीति संविधान निर्माणमा निकै उपयोगी साबित भयो । कांग्रेसभित्र बसेर उनले जिम्मेवारी पाए अनुसार सुझाएको रणनीतिलाई सबैले ताली बजाए । जहाँ जहाँ विनोदले हात हाले त्यहाँ नयाँ तरंग ल्याइदिए । उनले भन्ने गरेका छन्- 'गतिशील संगठन र वैचारिक नेतृत्व पार्टी पुनर्जीवनका अनिवार्य पूर्वसर्त हुन, त्यसैले यसमा गम्भीर होमवर्क गर्नैपर्छ ।' उनको बुझाइमा परम्परागत राजनीतिक संस्कारलाई आधुनिक युग सुहाँउदो बनाउनुपर्छ ।

पछिल्लो समय कांग्रेसले विनोदलाई दिएको जिम्मेवारीलाई पनि लोभलाग्दो रुपमा पुरा गरिदिएका छन् । कोभिड-१९ का कारण प्रभावित लगानी, पूर्वाधार र रोजगारबारे अध्ययन गर्न चौधरीको नेतृत्वमा

गठन गरेको समितिले तयार पारेको प्रतिवेदन पनि कोभिडपछि मुलुकलाई समृद्धितर्फ डोहोर्याउने स्पष्ट खाकासहितको सुझावले कांग्रेसप्रति आम सर्वसाधारणको झुकावलाई केहि भएपनि बढाउने बताइन्छ। संसदमा पनि विनोदले प्रस्तुत गरेका विचारले नेपाली अर्थतन्त्रको क्षेत्रमा नयाँ तरंग ल्याउने गरेको छ। 'उदार अर्थतन्त्रलाई बढावा दिन सानोतिनो ओखतिमूलो नभइ ठूलै शल्यक्रिया आवश्यक' रहेको बताउने गरेका विनोदले मुलुकको अवस्था अनुसार अर्थनीति तयार गर्नुपर्ने धारण राख्दै आइरहेका छन्।

सिंगापुर र मलेसियाको कथा

नेपाल भित्र मात्र होइन विदेशमा रहेका नेपालीहरुको प्रश्न गर्छन-'नेपाल किन बनेन ?' 'अरु देश किन सजिलै बने ?' यसको स्पष्ट जवाफ आधुनिक सिंगापुरका पिता लि क्वान यु को 'फ्रम थर्ड वर्ल्ड टु फष्टः द सिंगापुर स्टोरी' पढ्दा छर्लङ्ग हुन्छ। यो पुस्तक उनको आत्मकथा भएपनि सिंगापुर कसरी आर्थिक समृद्धि र विकासमा सफल भयो भन्ने रोमान्चक कथा छ। त्यसैले त विश्वमा मात्र होइन नेपालको सबै तप्कामा लि क्वानको चर्चा हुन्छ। सन् १९६० को दशकसम्म हाल नेपालकै अवस्था व्यवहोरेको सिंगापुर कसरी आजको अवस्थामा आइपुग्यो ? 'बेष्ट सेलर' बनेको पुस्तकभित्र स्पष्ट छ। आधुनिक युग सुहाउँदो अर्थनीति र विकासको खाका देशलाई सफल बनाउने कडी हो भन्ने कुरा पुस्तकले नै बोलेको छ। यसरी हेर्दा नेपालको समृद्धिमा 'विनोद चौधरी-आत्मकथा' एउटा माध्यम बन्नसक्छ। विनोदले पुस्तकमा आफ्नो आत्मकथा मात्र सुनाएका छैनन। सीजी सफल बहुराष्ट्रिय कम्पनी कसरी बन्यो भन्ने कथालाई जोड्दै नेपालको अर्थनीति कस्तो बनाउने भन्ने बलियो मियो बनेर उभिएको पाउन सकिन्छ।

नेपालकै जस्तो आन्तरिक कलह र द्वन्द्व बेहोरेको मलेसियामा स्पष्ट र प्रभावशाली अर्थनीतिका कारण महाथिर मोहमद जसरी स्थापित बने यो नेपालका लागि पाठ बन्न सक्ने तर्क पनि गरिन्छ। त्यहाँका पूर्वप्रधानमन्त्री नजिब रजाक लाखौं डलर भ्रष्टाचार गरेर सत्ताच्यूत बन्नुपरेको थियो। अधिनायकवादी भनिए पनि व्यावहारिक नीतिहरुले महाथिरको शासनकालमा मलेसियालाई एसियाको आर्थिक शक्तिका रुपमा स्थापित गर्न सफल भएको इतिहास छ। सिंगापुर र मलेसियाको उदाहरणलाई मात्र हेर्ने हो भने नेपालको आर्थिक समृद्धि र विकासका लागि अर्थनीति नै प्रभावकारी हुनु जरुरी रहेको बुझ्न सकिन्छ।

यी सबै कुराहरुका लागि नेपालमा हाल अवलम्वन गरिएको नीति र देखिएको व्यावहारिकताबाट स्पष्ट हुनुपर्ने अवस्था छ। किनकी सरकारी स्वामित्वमा चलिरहेका नेपालका ठूला उद्योग तथा उद्योगग्रामहरुको अवस्था धरासायी भइरहँदा नवलपरासीमा रहेको सीजी उद्योगग्राम एसियाकै एक नमूना बन्नु एक गतिलो उदाहरण पनि हो। यतिबेला नेपालमा थप ५० अर्ब रुपैयाँ लगानी गर्ने तयारी गरिरहेको सीजीका संस्थापक विनोदलाई राजनीतिमा पूर्णकालिन जीवन विताउन व्यवहारिक चुनौति रहेपनि सैद्धान्तिक र बैचारिक रुपमा कठिनाइ नहुने विश्लेषण गर्न थालिएको छ। प्राध्यापक तथा अर्थविद अच्युत अर्यालको विचारमा सफल व्यवसायिहरु सक्रिय राजनीतिमा आएर मुलुकको अवस्था र परिवेश अनुसार रणनीति बनाएर कार्यान्वयनमा सफल हुन निकै कठिन छ। 'तर जिम्मेवारी पाएर हिम्मतका साथ फिल्डमा उत्रिएर काम गर्नसक्नु नै उपलब्धि मान्नुपर्छ। विकासोन्मुख नेपालको परिवेशमा सोही अनुरुपको नीति बनाएर अघि बढ्दा व्यवसायमा झैं मुलुकको नेतृत्वमा सफल हुन समय लाग्दैन', उनले भने।

https://hamrakura.com/news-details/90219/2020-11-09



भरत कोइराला

विनोद चौधरी

राजनीतिमा अपेक्षा गरिएको मान्छे

जब बिजनेसमा मानिसले सगरमाथाको शिखर टेक्छ- उसको पेटमा थप भोक जन्मिन्छ । मन चङ्गा बनेर उड्न थाल्छ । के अर्बपतिको टाइटल नै सबैथोक हो ? देशका लागि त्योभन्दा बढि जिम्मेवारी केही हुदैन ?

यहि प्रश्नको उत्तर खोज्दा डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति बने । बिल गेट्स विश्वकै ख्यातीप्राप्त समाजसेवीमा परिणत भए । चिलीका अर्बपति सेबास्टियन पिनेरा देशको राष्ट्रपति बने । लेवनानका अर्बपति साद हरिरी त्यो देशका प्रधानमन्त्री भए ।

विश्वमा यस्ता धेरै उदारहण छन्- व्यावसायिक जीवनमा सफलता हासिल गरेपछि उनीहरुले देशको राजनीतिमा पनि त्यत्तिकै योगदान पुऱ्याएका छन् ।

के विनोद चौधरीमा पनि यही भोकले बास गरेको हो ? उनी किन काँग्रेसको राजनीतिमा सक्रिय बनिरहेका छन् ?

उनको सटिक जवाफ छ- 'म राजनीतिबाट जति जति पर भाग्न खोजे पनि राजनीति मबाट कहिल्यै टाढा हुन चाहिरहेको छैन । राजनीतिसँग मेरो बारम्बार जम्काभेट भइरहन्छ ।'

राजनीतिमा उनको यो जम्काभेट विगतको कथा हो । अहिले त उनी राजनीतिसँग अंगालो नै हालेर बस्न थालेका छन् । अब उनीसँग राजनीतिसँग भाग्ने र फेरी कुईनेटोमा जम्काभेट हुने सुविधा सकिएको छ । कि अब उनी राजनीतिसँग पिरती गाँसेर बाँकी जीन्दगी विताउनेछन् वा राजनीतिसँग डिभोर्स गर्नेछन् ।

त्यसैले सवाल उठ्छ- त्यसो भए उनको परिचय अब अर्बपतिबाट राजनीतिक नेताका रूपमा बदलिनेछ ? जिन्दगीभर 'रिस्क' लिएर कमाएको डलर अर्बपतिको ख्यातीलाई दोस्रो नम्बरमा राखेर राजनेता बन्ने अर्को 'रिस्क' लिन उनी तयार छन् ?

विनोद अहिले साँच्चिकै चौबाटोमा उभिएर हात हल्लाईरहेका जस्ता लाग्छन् । उनले चाल्ने एक पाईला नै अब उनको बाँकी जीवनको परिचय हो । चौबाटोमा उभिइरहने सुविधा पनि उनीसँग धेरै छैन । चार दिशातर्फ गइरहेको बाटोमा उनले कुन दिशामा पाइला चाल्छन् त्यही एक पाईला बाँकी जीवनका सबै पाईला बन्नेछन् ।

देशको कुल जनसंख्यामा स्पष्ट बहुमतको हैसियत राख्ने युवाहरूले विनोदको अनुहारमा आफ्नो भविष्य

खोज्न थालेका छन् । युवाहरू देशमा त्यस्तो राजनीतिज्ञले देश सम्हालोस् भन्ने चाहान्छन् जो ठयाक्कै विनोद चौधरी जस्तो होस् । देशको समृद्धिको सपना देख्ने, सपनालाई पछ्याइरहने र सपनालाई साकार बनाएरै छाड्ने ।

अर्थात् नेपाललाई विश्वका विकसित मुलुकको हैसियतमा पुऱ्याउने । रोजगारी खोज्न युवाहरू विदेशिनु नपर्ने । आत्मसम्मानसहितको सुखि समाज स्थापना गर्ने ।

नेपालजस्तो पिछडिएको र चुनौतीहरूले भरिएको देशलाई हेडक्वार्टर बनाएर पहिलो विश्वका व्यवसायीको हैसियतमा आफूलाई स्थापित गरेर देखाएको उनको 'ट्रयाक रेकर्ड'प्रति देशका युवाहरूले आफ्नो विश्वास दिएका हुन् ।

सन् १९९० को राजनीतिक परिवर्तनपछि विकासको गतिप्रति निराश युवाहरूले विनोदको अनुहारमा चाँदीको घेरा देखेका हुन् ।

विनोद अक्सर आफ्ना व्यावसायिक सफलता वा सामाजिक कामहरूमा आफ्नो संलग्नतालाई फेसबुक र ट्विटरबाट सार्वजनिक गरिरहन्छन् । सोसल मिडियामा उनलाई फलो गर्नेहरूमध्ये दुई तिहाई युवाहरू छन् । विनोदको सफलतालाई युवाहरूले कहीँ न कहीँ आफ्नै सफलताको रूपमा उत्साहित भइरहेजस्तो महसुस गराउछन् ।

विनोदले आफ्नो व्यावसायिक जीवनको संघर्षका कथाहरूलाई सजीव रूपमा पस्किएर आत्मकथा लेखेका छन् । असनको गल्लीबाट टायर गुडाँउदै गुडाउँदै एयरपोर्ट पुगेको वा रत्नपार्कबाट सार्वजनिक बस चढेर भक्तपुरको सामुदायिक विद्यालयमा पढेको एउटा केटो विश्वको अर्बपतिको सूचिमा आउन सम्भव छ भने हामीले पनि जीवनमा केही गरेर देखाउन सक्छौं भन्ने आत्मविश्वास युवाहरूले त्यो आत्मकथाबाट पाएका छन् ।

विगत ४५ वर्षमा विनोदले आफूलाई न्यूरोडको एउटा सामान्य कपडा पसलेबाट फोर्ब्स डलर अर्बपतिको सूचिमा सूचिकृत गराउन सफलता हासिल गरेका छन् ।

उनी कुशल योजनाकार हुन् । र, त्योभन्दा पनि कुशल योजना कार्यान्वयन गरेरै छाड्ने सफल व्यवस्थापक हुन् ।

संसारको विकासको गतिलाई नियालीरहेका युवाहरूले विनोदलाई विश्वास गर्नुको कारण यहि हो ।

विश्वको गरिब देशको सूचिमा रहेको नेपाललाई विनोदजस्तै राजनीतिक नेतृत्वले विकसित मुलुकमा परिणत गराउन सक्छन् भन्ने आत्मविश्वास उनीहरूको हो ।

२०७५ साल मंसिर-पुषमा आयोजित नेपाली कांग्रेस महासमितिको बैठक अवधरीभर उनी कांग्रेसका युवा नेताहरुबाट घेरिएका थिए । देशभरबाट आएका युवा नेताहरू विनोदसँग अन्तक्रिया गर्न र सेल्फी खिच्नका लागि तँछाडमछाड गरिरहेका देखिन्थे ।

विनोद जति पनि सार्वजनिक कार्यक्रममा सहभागी हुन्छन्- युवाहरू उनीसँग एउटा सेल्फीका लागि मरिहत्ते गरिरहेका देखिन्छन् ।

युवाहरूको विनोदप्रति विश्वासका यी गहकिला सूचकहरू हुन् ।

हामीले ध्यान दिनुपर्ने विशेष कुरा के हो भने नेपालको हालको जनसांख्यिक बनोटको इपिसेन्टर २५ वर्ष उमेर समुहको वरिपरि छ। राजनीतिमा यसको अर्थ अबको राजनीतिक निर्णयकर्ता देशका युवाहरू हुन् भन्नेमा स्पष्ट हुनुपर्छ।

आगामी निर्वाचनमा कम्तिमा ३० लाख युवाहरूले बालिक मताधिकार प्राप्त गर्नेछन्। ती युवाहरूले आफ्नो भोट हाल्न देशमा आर्थिक समृद्धिको जग हाल्ने भरपर्दो अनुहार खोज्नेछन्। आगामी निर्वाचनदेखि विदेशमा रहेका गैर आवासीय नेपालीले पनि मताधिकार प्रयोग गर्नेछन्। उनीहरूको छनौट पनि यस्तै अनुहार नै हुनेछ। किनभने नेपालले आर्थिक विकासमा फड्को मार्न नसक्दा उनीहरूमध्येका अधिकांशले विदेशको यात्रा तय गर्नु परेको हो। उनिहरू देशभित्र यस्तो नेतृत्व आईदिओस् भन्ने चाहान्छन् जसले आफू रहेको देशमा जस्तै विकास गरोस्। आफूहरूलाई नेपाली नागरिक हुँ भन्दा गौरवान्वित गराओस्।

गैरआवासीय नेपालीले अहिले नै पनि आफ्नो जीवनमा धेरै पटक विनोद चौधरीको नाम लिएर आफूलाई गौरवान्वित बनाएका छन्। आफ्नो कर्मभूमीमा उपलब्ध 'वाइवाई' नेपालको उत्पादन हो भनेर होस् वा विदेशी साथीहरूसँग नेपालमा पनि डलर अर्बपति छन् भन्न पाउँदाको क्षणमा नै किन नहोस्।

अहिले नै पनि युवाहरूको छटपटी सडकमा देखिएकै छ। 'इनफ इज इनफ' का नाममा होस् वा अन्य अभियानका रूपमा। युवाहरूले देशको ट्रान्फरमेसन गर्ने लिडरको खोजी गरिरहेको

छन्। अहिलेका नेताहरूको अनुहार र अहिलेको विकासको गतिप्रति उनीहरू बिल्कुलै सहमत छैनन् भनेर उनीहरूले सडकमै उत्रिएर स्पष्ट सन्देश दिइसकेका छन्।

यो पृष्ठभूमिमा आगामी निर्वाचनमा विनोद चौधरी जस्ता 'ट्रयाक रेकर्ड' भएका अर्थात् भोलि के गर्लान् भन्ने होइन कि गरेरै देखाएका अनुहारहरूलाई यो विशाल पंक्तिले पछ्याउने छ।

त्यसैले युवाहरू विनोदलाई राजनीतिमा सक्रिय बन्न अपिल नै गरिरहेका छन्। उनी देशको विकासको जिम्मेवारी लिने तहमा पुग्नुपर्छ भन्ने दह्रो आवाज उनीहरूले उठाइरहेका छन्।

इटहरीका केशव भट्टराई हाल दोहामा काम गर्छन्। उनले विनोद चौधरीलाई फेसबुकमा यस्तो सन्देश पठाएका छन्-

नेपालको दुर्गति देखेर साँच्चै मनमा धेरै कुराहरू खेल्छन्। यदि तपाईं जस्तो व्यक्तिले देशको नेतृत्व गर्ने अवसर पाउँथ्यो भने त्यो हामी गरिब-दुःखीको लागि अझै धेरै टेवा पुग्ने थियो जस्तो लाग्छ। हुन त तपाईंले देश र जनताप्रति गरेको योगदान जति नै तारिफ गरेपनि कमै हुन्छ। हुन त रगतकोभन्दा भावनात्मक साइनो गहिरो हुन्छ भने जस्तै मेरो विचारमा कहीं न कहीं अलिकति हामी तीन करोड जनताले तपाईंलाई अभिभावकको अंग मानेका छन् जस्तो लाग्छ। त्यसैले त सिङ्गो नेपालको आर्शिवाद छ हजुरप्रति।

पनौतीका अर्का युवा सुनिल सैंजु लेख्छन्-

तपाईं आफ्नो जीवनकालमा आफ्नो व्यवसाय अभिवृद्धि गर्न असाधारण योगदान र सफलता हासिल गर्नुभयो अब तपाईं एउटा साँच्चिकै देशभक्त नेपालीको हिसाबले देशलाई विकास, समृद्धि र स्वाभिमानको

दिशामा महत्वपूर्ण योगदान दिन अग्रसर हुनुहोस् । म पनि हातेमालोमा सरिक हुन चाहन्छु ।

विनोदलाई देश र विदेशबाट निरन्तर प्राप्त हुने सयौँ सन्देशहरूमध्येका प्रतिनिधि सन्देश हुन् यी । जसले उनलाई राजनीतिमा सक्रिय बनेर देशको आर्थिक विकासमा जमेको हिउँको ढिक्का फोर्न आग्रह गरिरहेका छन् ।

आजको विश्वको पहिलो एजेन्डा नै आर्थिक र सामाजिक विकास हो । देशमा तीव्र गतिमा आर्थिक वृद्धिदर हासिल गर्ने र समाजमा न्यायोचित वितरण गरि आम नागरिकलाई सुखी बनाउने नीतिलाई विश्वले अंगिकार गरिरहेको छ । हाम्रा छिमेकी देश भारत, चिन सहित विश्वको राजनीतिक नेतृत्व यसमै केन्द्रित छ । तर, नेपालको राजनीति भने कुर्सीको हानथापकै वरीपरि घुमिरहेको छ । राजनीतिक स्थायित्वले आर्थिक विकासमा नयाँ युग सुरु हुने विश्वास पनि अहिले भताभुङ्ग भएको छ । यसको सन्देश के हो भने देशमा आर्थिक विकासको सही दृष्टिकोण भएको प्रतिबद्ध राजनीतिक नेतृत्व नआएसम्म मुलुक राजनीतिक कोरा नाराको वरिपरि नै घुमिरहनेछ । यो स्थितीलाई नियालीरहेका नेपाली नागरिक नेपालमा पनि सिंगापुरका लि क्वान यू, मलेसियाका महाथिर मोहम्मद जस्ता विकासप्रति प्रतिबद्ध नेताको उदय नभएसम्म देशमा आर्थिक एजेन्डाले पहिलो प्राथमिकता नपाउने निश्चित भएको महसुस गरिरहेका छन् ।

अर्कोतर्फ आर्थिक विकासलाई डोऱ्याउन यसै मामिलामा विशेष क्षमतायुक्त नेतृत्वको आवश्यक पर्छ भन्ने पनि अनुभव प्राप्त भएको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गएको निर्वाचनमा विकासकै मुद्दालाई प्राथमिकता दिएका थिए । सरकारमा आएपछि धेरै सपना पनि उनले देखाए । तर, नतिजा भने हृदैसम्मको निराशाजनक छ ।

के उनी विकास गर्न चाहँदैनन् ?

पक्कै पनि उनले आफ्नो कार्यकालमा देशलाई विकसित बनाएर इतिहासमा आफ्नो नाम लेखाउन चाहन्थे । तर, चाहना राख्नु र गरेर देखाउनु बिल्कुल फरक कुरा हुन् । ओलीले चाहना त राखे तर गरेर देखाउन सकेनन् । किनभने उनी राजनीतिक गठजोडका विशेषज्ञ हुन् । तर, आर्थिक विकासका शिल्पी होइनन् । पार्टीभित्र स्पष्ट अल्पमतमा पर्दा समेत आफ्ना रणनीतिहरूमार्फत उनले केही समयकै लागि भए पनि जसरी प्रधानमन्त्रीको कुर्सि जोगाउन सके, सोही क्षमता आर्थिक विकासका मामिलामा पनि भईदिएको भए उनी आधुनिक नेपालका निर्माता बन्न सक्थे । तर, उनको सिमितता राजनीतिक गठजोडमा मात्रै छ । त्यसैले आर्थिक विकासको जिम्मेवारी सोही विषयमा 'ट्रयाक रेकर्ड' बनाएका व्यक्तिलाई सुम्पिनुपर्छ भन्ने गहिरो अनुभव हामीले झण्डै दुई तिहाइको समर्थनमा बनेको ओली सरकारको कार्यकालबाट पनि पाएका छौँ ।

(लेखक गण्डकी प्रदेशका मुख्यमन्त्रीका प्रेस सल्लाहकार हुन् ।)

https://baahrakhari.com/news-details/335683



दिलु कार्की

विनोद चौधरी बन्न सक्छन् इकोनोमिक रिभोल्युसनको नायक

पहिचान होइन, परिवर्तनको भोक

काठमाडौं । सन २०२२ मा फोर्ब्स म्यागेजिनले प्रकाशित गरेको सूचि अनुसार बिनोद चौधरीको कुल सम्पति १.५ बिलियन डलर छ । चौधरीको यस्तो सम्पति २०१९ मा १.४ बिलियन डलर मात्रै थियो । अर्थात, एक वर्षको अवधीमा चौधरीले ०.१ बिलियन डलरले वृद्धि गरेका छन् । चौधरीले सन २०२५ सम्ममा ५ बिलियन डलरको सम्पति आर्जन गर्ने सार्वजनिक घोषणा गरेका छन् । उनले नेपालमा 'प्रसंशा योग्य कम्पनी' बन्ने र नेपाललाई विश्वमा पुर्याउने 'मिसन' बनाएका छन् ।



महलबाट झुपडीको यात्रामा

प्रत्येक निमेषमा लाखौं कमाउने चौधरी यतिबेला गरिबका झुपडीहरुमा धाईरहेका छन्, प्रतिनिधी सभाको उम्मेदार बनेर । 'ठूलो सपना र योजनासहित' प्रत्यक्ष निर्वाचनमा उत्रिएको बताउने चौधरी नवलपरासी-१(बर्दघाट सुस्ता पश्चिम)बाट नेपाली काँग्रेसको उम्मेवार छन् ।

२०६४ सालमा एमालेबाट संबिधान सभा सदस्य र २०७४ सालमा नेपाली काँग्रेसबाट प्रतिनिधी सभा सदस्य बनिसकेका चौधरी अहिले भने प्रत्यक्ष निर्वाचन लड्न तम्सिए ।उनको ठूलो सपना र योजना भनेको सांसद बन्नु मात्रै होइन, त्यो भन्दा उपल्लो राजकिय जिम्मेवारीका लागि संघर्ष गर्नु पनि हो । अर्थात उनी मंसिर ४ पछि महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालेर 'दोश्रो चरणको आर्थिक सुधारका नायक' बन्ने योजनामा छन् ।

चौधरीले पहिलो प्राथमिकतामा अर्थमन्त्रालय, दोश्रोमा उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्को प्राथमिकतामा पररराष्ट्र मन्त्रालयलाई राखेका छन् । कुन मन्त्रालयको जिम्मेवारी पाउँदा कस्तो कार्य सम्पादन गर्ने ? सुधारका के के योजना अघि सार्ने भन्नेबारे चौधरी अहिलेदेखि नै तयारी अवस्थामा देखिन्छन् ।

मिसन: "बिग ब्याङ"

जसरी 'बिग ब्याङ'बाट पृथ्वीको निर्माण भयो, चौधरी त्यसरी नै राजनीतिक क्षेत्रमा आर्थिक सुधारको 'बिग ब्याङ' सृजना गर्न चाहान्छन् । सबै नीतिहरुको मुल नीति नै राजनीति भएकाले आफु त्यहीं मञ्चबाट सुधारको बिगुल फुक्ने लक्ष्यसहित मैदानमा उत्रिएको उनी बताउँछन् ।

'मैले रिअलाइज गरेकै हो की अरु जुन सुकै बिधामा जति सुकै सफल भए पनि ठूलो स्केलको चेञ्ज ल्याउन राजनीति गर्नै पर्छ भन्न मलाई कुनै पनि लघुताभाष छैन्, कुनै कन्फ्युजन छैन, त्यसैले म राजनीतिमा छु । राजनीतिमा म निश्चित एजेण्डा बोकेर आएको छु । त्यो भनेको यो देशको आर्थिक रुपान्तरण नै हो', चौधरीले भन्ने गरेका छन् ।

चौधरीले आफ्नो राजकिय जिम्मेवारीको महत्वकांक्षा मार्फत अन्तराष्ट्रिय समुदायमाझ नेपाललाई सुरक्षित लगानी गन्तव्यका रुपमा चिनाउने मिसन बताईरहेका छन् ।

चौधरीकै शब्दमा उनी नेतृत्वको सीजी ग्रुपमा १५ हजार मानिसले रोजगारी पाएका छन् । उनी आवद्ध सीजी ग्रुपले मुलुकको कुल राजश्वमा २ प्रतिशत योगदान पुर्याउँदै आएको छ । लगानी कसरी गर्ने, त्यसको व्यवस्थापन कसरी गर्ने र सफलता कसरी प्राप्त गर्ने ? भन्ने ज्ञान आफुसँग रहेको र त्यसकै बलमा प्रशासनिक सुधार गरेर आर्थिक रुपान्तरणको काम गर्ने उनको दावी छ । आफुले जीवनको ४५ वर्ष यहीं माटोमा बिताएको उनले बताउँदै आएका छन् । आफु पैसा र शक्तिको भोकले राजनीतिमा नआएको उनको स्पष्टोक्ती छ ।

'बिनोद चौधरीले भ्रष्टाचार गर्ला भनेर कसैले भन्न सक्दैन्, चौधरीलाई पैसा पुगेको छैन्, त्यसैले यहाँ

आयो भन्न पनि सक्दैनन् । चौधरीलाई कसैले नचिनेकोले, सांसद नभएकाले राजनीतिमा यहाँ आएको भन्ने अवस्था पनि होइन, मैले ४५ वर्षको जीवन यहिँ सामाजिक, आर्थिक र राजनीतिक विकास कै लागि खर्च गरेको छु । म एउटा सिस्टममा काम गर्ने मान्छे हुँ, प्रणाली बनेर त्यो चलायमान भयो भने देशको विकास भैहाल्छ ।',

चौधरीले आफ्नो प्रत्यक्ष राजनीतिक यात्राबारे भनेका छन् ।

नाति नातिना खेलाएर बस्ने उमेरमा राजनीतिको महा संघर्षमा आउनु र सुस्तापश्चिमको क्षेत्रमा प्रतिष्पर्धा गर्न पाउनु आफ्नो लागि शौभाग्य भएको उनले बताउँने गरेका छन् । 'म यस्तो क्षेत्रमा निर्वाचन लड्न गैरहेको छु कि जहाँ दिगो विकासका लागि उदाहरण दिन सकिन्छ । त्यहाँ यस्तो भूगोल छ, ५० औं बर्षदेखि हजारौं घर डुबानको समस्या छ सुस्तामा । १५ मेगावाटको विद्युत आयोजना बन्यो तर ३ मेगावाट भन्दा बत्ति आउँदैन् । सिँचाईका नाममा पानी आउनुको साटो बालुवा मात्रै आउँछ । केरा र उँखुको राम्रो सम्भावना छ तर चिनी मिल बन्द छ, किसानले उखुको पैसा पाएका छैनन् र माइतीघरमा धर्ना गर्नु परेको छ ।', अपार सम्भावना भित्र दुःखै दुःखमा बाँचिरहेका आफ्नो निर्वाचन क्षेत्रका नागरिका पीँडाबारे चौधरी भन्छन् ।

अरु पैसा नभएर पछि परे हामी खर्च गर्न नसकेर

विश्वका धेरै देशहरु विकासका लागि बजेटको अभावमा पछि परिरहेको तर नेपाल भने खर्च गर्न नसकेर पछि परेको उनी बताउँछन् । नेपालले पञ्चायत, बहुदलिय प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र कालमा सबै खाले गठबन्धन र एकल बहुमतका सरकार देखेको तर कुनै पनि सरकारले विकासको प्रत्याभूति दिलाउन नसकेकोमा चौधरीलाई निकै पिर पर्ने गरेको छ ।

'नेपालमा सबै खाले सरकार र गठबन्धन पनि बने तर विकासले गति लिन सकेन, अरु देश पैसा नभएर विकास गर्न नसक्ने अवस्थामा छन् तर हामीसँग पैसा भएर पनि १५ प्रतिशत भन्दा बढी खर्च गर्न सकिरहेका छैनौं ।' चौधरी भन्छन् ।

पहिचान होइन, परिवर्तनको भोक

उनी आफुलाई पहिचानको कुनै भोक नभएको बताउँछन् । विश्वका दर्जनौं देशमा लगानी गरेको, नेपालको एक मात्र डलर अर्बपतिको प्रोफाइल बनिसकेको र दुई दुई पटक सांसद समेत भैसकेकाले पहिचानको अभाव नभएको उनको बुझाई छ । पहिचानसँगै अब परिवर्तनको बहार ल्याउने भोकले भने आफुलाई सताउने गरेको उनी बताउँछन् ।

'म राष्ट्रिय अन्तराष्ट्रिय रुपले परिचित नै छु । पैसाको लागि राजनीति गर्नुपर्ने आवश्यकता नै छैन् । ह्वाई आई एम इन पोलिटिक्स ? हाउस(संसद)मै बस्ने रहर हो भने पनि दुई दुई पटक बसिसकेको छु । यो नाति नातिना खेलाउनु पर्ने समय हो तर म आर्थिक रुपान्तरणका एजेण्डा बोकेर परिवर्तनको भोकसहित मैदानमा उत्रिएको छु', चौधरीले आफ्नो निर्वाचन क्षेत्रका गाउँ गाउँमा भाषण गरिरहेका छन् ।

दुई छिमेकका "बीग ब्याङ"

माओकालमा जर्जर बनेको चिनियाँ अर्थतन्त्रलाई ट्रयाकमा ल्याउने मात्रै नभएर 'आधुनिक चिनका निर्माता' हुन देङ स्याओपिङ । सन १९७८ मा माओत्सेतुङको मृत्युपश्चात चिनियाँ सत्ता सम्हालेका पिङले सन १९८९ सम्म चिनियाँ समाज र अर्थतन्त्रलाई नयाँ रुप दिन भूमिका खेलेका थिए । उनैले सुरु गरेका डोबहरु पछ्याउँदै आजको चिनियाँ आर्थिक साम्राज्य सम्भव भएको हो ।

समाजको चरित्र उसको उत्पादन प्रणाली र उत्पादन सम्बन्धले निर्धारण गर्छ भन्ने 'आर्थिक कोण'मा आधारित कम्युनिष्ट विचारको राजनीतिबाट मात्रै चलिरहेका बेला सिद्धान्तको खास कार्यान्वयन गरेर देङले नयाँ चीन निर्माणको जग बसालेका थिए । देङले चीनलाई भोखमरी र गरिबीबाट मुक्त हुने गोरेटो मात्रै खनेनन् बरु चिनियाँ कम्युनिष्ट पार्टीको अभिछिन्न नेतृत्वलाई लामो समयसम्म कायम रहने सुनिश्चितता पनि गरिदिएका थिए । र त्यसको आधार थियो नागरिकको जीवनस्तर सुधार गर्ने स्पष्ट रोडम्याप र सफल कार्यान्वयन ।

१३.२ प्रतिशत ऋणात्मक आर्थिक वृद्धिलाई देङले आफ्नै कार्यकालमा ४०.१ प्रतिशतको वृद्धिदरमा पुर्याएका थिए । अहिले चीनले देखेको विश्वकै 'पहिलो अर्थतन्त्र'को सपनाको जग उनै देङले खनेका हुन र दोश्रो अर्थतन्त्र बनाउने मुल आधार पनि देङकै पोलिसीले दिएको थियो ।

दक्षिण छिमेकी भारतमा सन १९९१ मा भारतीय प्रधानमन्त्री बनेका पीभी नरसिंह राव नै भारतीय आर्थिक सुधारका नायक हुन् । उनले नेहरुले सुरु गरेको र इन्दिरा गान्थीले मलजल गरेको 'कथित समाजवादी अर्थतन्त्र'लाई खुला बजार अर्थतन्त्रमा रुपान्तरण गरिदिएका थिए ।

पीभी नरसिंह राव सरकारमा अर्थमन्त्री बनेर मनमोहन सिंहले भारतीय अर्थतन्त्रलाई उदारिकणको बाटोमा मात्रै लगेनन्, बरु व्यापक संरचनात्मक सुधारसहित विश्व बजारसँग प्रतिष्पर्धा गर्न सक्ने क्षमताको पनि बिकास गरेको थियो । अघिल्ला सरकारहरुले राष्ट्रियकरण गरेका बैंक तथा वित्तिय संस्था, बिमान कम्पनीहरु, उद्योग कलकारखानाहरु पुनः निजिकरण गरिए ।

प्रशासनिक सुधारसँगै व्यापक कानुनी सुधारका कामहरु अघि बढे, जसले भारतलाई विश्वभरका लगानीकर्ताहरुको आकर्षक गन्तव्यका रुपमा स्थापित गरेको थियो । त्यहीं सुधारको जगमा आज भारत विश्वमा उदियमान अर्थतन्त्रका रुपमा स्थापित भैरहेको छ ।

राव-सिंहले अघि सारेको सुधारलाई सन २००४ मा प्रधानमन्त्री बनेका मनमोहन सिंहले पुनः निरन्तरता दिए र भारतीय अर्थतन्त्र आज विश्वको पाँचौ ठूलो अर्थतन्त्र र स्वार्णिम भविष्यसहितको बिशाल बजारमा परिणत हुँदै गएको छ ।

ऋषि सुनकको मानक

कुनै बेला भारतीयलाई मान्छेको दर्जा समेत नदिने बेलायतले त्यही भारतीय मूलका ऋषि सुनकलाई प्रधानमन्त्री बनाएको छ ।

उनले कोरोनाकालमा अर्थमन्त्रीका रुपमा बेलायती अर्थतन्त्र जोगाउन खेलेको भूमिकाले नै आज प्रधानमन्त्री बन्ने वातावरण तयार भएको हो । सुनकसँग अर्थतन्त्र जोगाउने, रोजगारी बढाउने, लगानी आकर्षित गर्ने योजना थियो । किनकी उनी बेलायतमा राम्रो लगानी गरेका व्यवसायी थिए ।

अर्थशास्त्रका प्राय: सिद्धान्तहरु निश्प्रभावी हुँदा सुनकको बचौ र बचाओ सिद्धान्तले बेलायती अर्थतन्त्र र व्यवसायीलाई मात्रै जोगाएन बरु बेलायती नागरिकको मनोबल र बिश्वास पनि जितेको थियो । आज नेपालमा पनि त्यस्तै अर्थ- राजनितिक व्यक्तित्वको खाचो छ, र चौधरीहरुले त्यसको अभाव पुर्ती गर्न सक्छन् ।

किन चाहिन्छन् चौधरीहरु संसद र सरकारमा ?



यतिबेला संसदमा प्रवेशका लागि बिनोद चौधरी, उमेश श्रेष्ठहरु प्रत्यक्ष प्रतिष्पर्धामा छन् । देव प्रकाश भट्टचनहरु समानुपातिकबाट सांसद बन्दैछन् । राजनीतिको उच्च नेतृत्वमा व्यवसायीहरुको समेत सहभागीता हुँदा त्यसले कानुनी सुधारसहित लगानीको वातावरण बनाउन सहयोग पुग्छ । सर्पले सर्पको खुट्टा देख्छ भने झै व्यवसायीलाई कहाँ कहाँ 'लुपहोल' छ र त्यसको समाधान कसरी सम्भव छ भन्ने ज्ञान पनि उनीहरुलाई नै हुन्छ ।

व्यवसायीलाई व्यवसाय कसरी चलाउने भन्ने ज्ञान हुन्छ । राम्रो व्यवसाय सञ्चालन गर्न सक्नेहरुले नै शासन प्रशासन पनि चलाउन सक्छन् । त्यति मात्रै होइन, 'इकोनोमिक डिप्लोमेसी'का लागि पनि व्यवसायीक व्यक्तित्वहरु नीति निर्माणको तहमा हुनु आवश्यक छ । एउटा नेपाली व्यवसायीक घरानालाई विश्व मञ्चमा उभ्याउन सफल व्यक्ति हुन चौधरी ।

आत्मनिर्भर देश जसरी स्वाभिमानका साथ उभिन सक्छ, त्यसरी नै एउटा आत्मनिर्भर व्यवसायीले सम्मानका साथ देश चलाउन सक्छ । चौधरी हरेक हिसाबले राष्ट्रिय र अन्तराष्ट्रिय छवि भएको व्यक्ति हुन, जो आगामी सरकारमा महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा आउन सक्छन् ।

र केहि संशय पनि

समाजमा पैसा कमाउनेहरुलाई गाली गर्ने ठूलो तप्का छ । उनीहरुका लागि पैसा कमाउनु पाप सरह हुन्छ । तर जो पैसा कमाउनेहरुलाई गाली गरिरहेको छ ऊ आफैं भित्रभित्रै पैसाका लागि मरिहत्ते


गरिरहेको हुन्छ । अर्थात पैसा कमाउनेहरुलाई गाली गर्नेहरु ढोंगी हुन् ।

वास्तवमा काँग्रेस, कम्युनिष्ट, पुँजीवादी, समाजवादी जे जे सिद्धान्तको खोल ओडेपनि सबैको साझा लक्ष्य जनताको जीवनस्तर उकास्नु नै हो । जनताको जीवनस्तर उकास्नु अर्थात उनीहरुलाई धनी बनाउनु नै हो । धनी बनाउनु भनेकै पैसा कमाउनु हो । आखिर सबको एउटै उदेश्य पैसा कमाउनु नै भएपछि फेरी किन तिनै पैसा कमाईरहेकाहरुलाई गाली गर्नु ?

यद्यपी, यो समाज पैसा कमाउनेहरुलाई गाली गर्न तत्कालै बन्द गर्ने अवस्थामा छैन् । त्यसो हुनुको पछाडी समाजमा रहेका पैसा कमाउन 'जे पनि गर्नेहरु' र आफु कामै नगरि अरुको प्रगतिको डाहा गर्नेहरु नै हुन् । जसरी पनि पैसा कमाउनेहरु र आफु केहि नगरि अरुको डाहा गर्नेहरुका कारण समाजमा उद्यमी व्यवसायीहरुमाथि हेय भाव बढ्दो क्रममा छ ।

व्यवसायीहरु शक्तिमा पुग्ने वित्तिकै 'पोलिसी लभिङ' मार्फत कुस्त कमाउने ध्यानमा लाग्छन् । चौधरी र चौधरीहरु यी र यस्ता आरोपबाट मुक्त भने पक्कै पनि छैनन् । चौधरीले संसद प्रवेशका लागि थालेको तेश्रो इनिङ साच्चिकै आर्थिक सुधारको दोश्रो चरणका रुपमा स्थापित हुनुपर्छ । यो केवल सांसदको लोगो भिर्ने अभियान मात्रै नभएर व्यवसायीहरुमाथि उठ्ने औलालाई बसाउने र आर्थिक रुपान्तरणका लागि नेतृत्व गर्ने अवसरका रुपमा उपयोग हुनुपर्छ ।

https://www.singhadarbar.com/post/54324/



तस्बिर यात्रा

गरिखानेदेखि गाउँ-गाउँसम्म...


राष्ट्रियता
लोकतन्त्र
समाजवाद
गौरव मय इतिहास
जिम्मेवार वर्तमान
उज्यालो भविष्य
नेपाली कांग्रेस लगानी पूर्वाधार र रोजगार
दृष्टिकोण एवं दिगो परियोजना केन्द्रित विशेष समिति
गरिखाने अभियान सम्बन्धि
अभिमुखीकरण कार्यक्रम
Hetauda


Hetauda












लोकतन्त्र
सबै अ सबैलाई जोड्ने कांग्रेस
उद्यो वसायी
वृह भेल
ालन समिति
रूपन्देही










प्रतिनिधि सभा तथा प्रदेश सभा
BSS












USS











केही भिडियो सामग्री

हेर्नका लागि स्क्यान गर्नुहोस्



युवाहरुमा उद्यमशीलताको आकांक्षा देखिन थालेको छ । देश विकासको सबैभन्दा बलियो आधार नै यही हो । – विनोद चौधरी

नेपाल लिटरेचर फेस्टिभल २०२० का अवसरमा नेपाली बजारको विश्वव्यापीकरणबारे पत्रकार प्रतीक प्रधानसँगको संवाद



आमाले दिएको एक सुका लिएर सार्वजनिक बस चढेर सरकारी स्कुलमा पढी हुर्किएको हुँ । को कति सफल हुन्छ भन्ने कुरा कस्तो परिवारमा जन्म लियो भन्नेमा निर्भर हुँदैन । – विनोद चौधरी

'तमसोमा ज्योतिर्गमय'का लागि पत्रकार टीकाराम यात्रीसँग



केही गर्छु भन्ने भावना र योजना भएका तर त्यसलाई परियोजनामा बदल्न स्रोतको कमी भएका युवाहरुलाई सहयोग गर्न गरिखाने परियोजनाको सुरुवात गरेका हौं ।

उन्नति कल्चरल भिलेजमा आयोजित फाइनप्रिन्ट फिभरमा पत्रकार उमेश चौहानसँगको अन्तर्वार्ता



ठूलो स्तरको आर्थिक परिवर्तन कुनै एउटा पेशाबाट होइन, राजनीतिबाट मात्र सम्भव छ । जनताको विकासको चाहनाको उद्देश्य लिएर राजनीतिमा आएको छु । त्यो पूरा गरेरै छोड्छु ।

पत्रकार चन्द्रशेखर कार्कीसँग सदृश्य टीभीमा संवाद गर्दै ।



सल्लाह सबैसँग गर्नुहोस्, निर्णय आफ्नो मनको निर्देशनअनुसार गर्नुहोस् ।

– विनोद चौधरी

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर २०७६ वैशाख १५ गते



तपाईं सपना देख्नुस् र त्यो सपनालाई निरन्तर पछ्याउनुस्, पैसाको अभावमा तपाईंको सपना मर्नै सक्दैन ।

पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समारोहमा विद्वत्प्रवचनका क्रममा ।



बिजनेस स्कुलले सफल व्यवसायी जन्माउँछन् नै भन्ने छैन ।

अस्थिर राजनीतिका बीच पनि नेपाल र एसियाली व्यापारमा कसरी काम गर्न सक्षम भएँ भन्नेबारे अक्सफोर्ड विश्वविद्यालयमा प्रवचन दिँदै ।




म ठूलो सपना देख्ने सानो देशको सानो मान्छे हुँ ।

अमेरिकी टेलिभिजन द स्ट्रिटका लागि काठमाडौंमा दिएको अन्तर्वार्ता ।



हाम्रो देश नेपालको अथाह स्रोतसाधन परिवर्तनकारी विकासका लागि उपलब्ध अवसरहरू हुन् ।

हार्भर्ड विश्वविद्यालयलाई दिइएको अन्तर्वार्ता


उद्यमीका आँखामा
अर्थतन्त्र
विनोद चौधरी


राजनीतिसँग
जम्काभेट
विनोद चौधरी



